# प्राथमिक तहमा स्थानीय पाठ्यक्रम व्यवस्थापन

त्रिभूवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय अर्न्तगत शैक्षिक
योजना तथा व्यवस्थापन, विषयको स्नातकोत्तर तह
(एम.एड.) दोस्रो वर्ष (कोर्ष नं. ५९८) को आंशिक
आवश्यकता परिपूर्तिका लागि प्रस्तुत

शोधपत्र


शोधकर्ता
दिनेश अधिकारी
एम.एड. दोस्रो वर्ष
क्याम्पस क्रमाङ्क १७० २०६५/०६६
परीक्षा क्रमाङ्क २१८००६९ /२०६७
त्रि.वि.दर्ता नं. ३६८३३-९४

शैक्षिक योजना तथा व्यवस्थापन विभाग
जनता वहुमुखी क्याम्पस
इटहरी, सुनसरी


२०७१

# जनता वहुमुखी क्याम्पस

☎

०२५५८१३००

इटहरी, सुनसरी

५८००६४

स्थापित:२०४५

(त्रिभुवन विश्वविद्यालय र उ.मा.शि.परिषदवाट सम्वन्धन प्राप्त)

प.सं.:

विज्ञान, व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र संकाय

च.नं.:

मितिः

२०७१/०८/२८


## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङकाय, जनता वहुमुखी क्याम्पस इटहरी सुनसरीको स्नानकोत्तर तह द्धितिय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको (कोर्ष नं. ५९८) को आंशिक आवश्यकता परिपुर्तिका लागि दिनेश अधिकारीले प्राथमिक तहमा स्थानीय पाठ्यकम व्यवस्थापन शीर्षकको शोधपत्र मेरो निर्देशनमा रही तयार पार्नु भएको हो । उहांको यस शोधपत्र लेखन प्रति म सन्तुष्ट छु । यस शोधपत्रको आवश्यक मुल्याङकनकोलागि शोध मुल्याङकन समिति समक्ष सिफारिस गर्दछु ।

..........................

विमल नेपाल

( शोध निर्देशक)

मितिः २०७१ /८/ २८

# जनता वहुमुखी क्याम्पस

☎ ०२५५८१३००

इटहरी, सुनसरी

५८००६४

स्थापित:२०४५

(त्रिभुवन विश्वविद्यालय र उ.मा.शि.परिषदवाट सम्वन्धन प्राप्त)

विज्ञान, व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र संकाय

प.सं.:

च.नं.:

मितिः २०७१/११/२४

---

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङकाय, जनता वहुमुखी क्याम्पस इटहरी, सुनसरी, स्नातकोत्तर तह द्धितिय वर्षको शैक्षिक योजना र व्यवस्थापन मुल विषयको (कोर्ष नं. ५९८) आंशिक आवश्यकता पुरा गर्नकोलागि दिनेश अधिकारीले प्राथमिक तहमा स्थानीय पाठ्यक्रम व्यवस्थापन शीर्षकमा तयार पार्नु भएको शोध पत्र मूल्याङकन समितिवाट स्वीकृत गरिएको छ ।

शोधपत्र मूल्याङकन समिति

हस्ताक्षर

१. श्री विमल नेपाल
उप प्राध्यापक
जनता वहुमुखी क्याम्पस इटहरी

..............................
विभागीय प्रमुख

२. श्री विमल नेपाल
उप प्राध्यापक
जनता वहुमुखी क्याम्पस इटहरी

..............................
शोध निर्देशक

३. श्री शेषराज अधिकारी
उप प्राध्यापक
धनकुटा वहुमुखी क्याम्पस धनकुटा

..............................
वाह्य परीक्षक

त्रि.वि दर्ता न. ३६८३३–९४
२८

शोधपत्र वुझाएको मितिः २०७१ /८/

परीक्षा रोल न. २१८००६९ /२०६७
२४

भाइवा मितिः २०७१/ ११ /

८ मार्च

२०१५

# कृतज्ञता

प्रस्तुत शोधपत्र त्रि.वि. शिक्षाशास्त्र सङकाय अन्तर्गत स्नातकोत्तर तहको शैक्षिक योजना तथा व्यवस्थापन विषयको कोड न.५९८ को आंशिक आवश्यकता पुरा गर्ने उद्देश्यले जनता वहुमुखी क्याम्पस इटहरी, सुनसरीले निर्धारण गरे वमोजिम प्राथमिक तहमा स्थानीय पाठ्यक्रम व्यवस्थापन विषयमा अध्ययन गरी यो प्रतिवेदन तयार गरिएको छ ।

यो शोधपत्र तयार गर्ने क्रममा धेरै महानुभावहरुको अमुल्य सहयोग प्राप्त भएको छ । सर्वप्रथम म यसका निम्ति मलाई आवश्यक सल्लाह, सुझाव र निर्देशन प्रदान गर्नुहुने शोध निर्देशक श्री विमल नेपाल ज्यू प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । त्यस्तै गरी जनता वहुमुखी क्याम्पसका मलाई सहयोग गर्नुहुने सवै प्राध्यापक, गुरुहरु, कर्मचारी र मित्रजनहरु प्रति पनि कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

चुलाचुली स्रोतकेन्द्र अर्न्तगतका ४ वटा सामुदायिक विद्यालयहरुः श्री सुरुङ्गे प्रा.वि तांखुवा-८, श्री शोभित प्रा.वि. तांखुवा- ६, श्री पंचायत प्रा.वि. तेलिया-७, श्री मार्गेश्वरी प्रा.वि. तेलिया-३ र त्यससँग सम्बद्ध स्रोतव्यक्ति, स्थानीय पाठ्यक्रमविज्ञ, शिक्षक, प्र.अ., विद्यार्थी, अभिभावक, वि.ब्य.स.का पदाधिकारी, स्थानीय निकायका पदाधिकारीहरु सवैको सहयोग र सुचनावाट यो शोध कार्य सफल भएकोले उँहाहरु सवैलाई हृदयदेखिनै धन्यवाद टक्र्याउन चाहन्छु ।

अन्त्यमा मलाई यो शोधकार्यमा समस्या पर्दा प्राज्ञिक सहयोग गर्नु हुने मेरा श्रद्धेय गुरु तथा दाजु श्री शेशराज अधिकारी प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

दिनेश अधिकारी

# शोधसार

*यस शोध अध्ययन **प्राथमिक तहमा स्थानीय पाठ्यक्रम व्यवस्थापन** सम्बन्धमा गरिएको छ । Think Globally and Act Locally' भन्ने विश्वव्यापी नाराले अहिले अन्तराष्ट्रिय, राष्ट्रि र स्थानीय विषयवस्तुलाई विद्यालय स्तरको पाठ्यक्रममा समावेश गरिनुपर्छ भन्ने मान्यतालाई स्वीकार गर्दै पाठ्यक्रममा केही निश्चित अंश स्थानीय आवश्यकता, स्थानीइ विषय क्षेत्र, स्थानीय परिवेशलाई समेट्ने सैद्धान्तिक मान्यतामा सहमति गर्दै शैक्षिक विकेन्द्रिकरणको अवधारणामा पाठ्यक्रम सुधार पद्धती अनुसार स्थानीय आवश्यकतालाई समेट्ने गरी स्थानीय निकायहरुलाई नै स्थानीय पाठ्यक्रम बनाउन दिई शिक्षामा सुधार गर्न नेपालको सामुदायिक प्राथमिक विद्यालयहरुमा स्थानीय पाठ्यक्रमको व्यवस्था गरेको छ भनी कुनै पनि अध्ययन भएको पाइदैन । यस अध्ययनले स्थानीय पाठ्यक्रमको निर्माण, प्रयोगको अवस्था सम्बन्धमा अध्ययन तथा विश्लेषण गरी सम्बन्धित पक्षलाई सुझाब प्रस्तुत गर्ने रहेको छ ।*

*प्रस्तुत शोधपत्र तयार गर्न संख्यात्मक र विवरणात्मक ढाँचालाई अंगालिएको छ भने प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स., अभिभावक, स्रोतव्यक्ति, स्थानीय पाठ्यक्रम विज्ञ तथा स्थानीय निकायका पदाधिकारीहरुबाट प्राप्त तथ्याङ्कलाई व्याख्या र विश्लेषण गरिएको छ ।*

*नमूना छनोटमा परेका ४ वटा सबै विद्यालयहरुले स्थानीय पाठ्यक्रम निर्माण गरेको भएता पनि हाल कुनै पनि विद्यालयहरुले कार्यान्वयन गरेको पाइएन । सुरुङ्गे प्रा.वि. र शोभित प्रा.वि.ले तरकारी खेतीमा स्थानीय पाठ्यक्रम निर्माण गरेको साथै पंचायत प्रा.वि. र मार्गेश्वरी प्रा.वि.के पशुपालन सम्बन्धि स्थानीय पाठ्यक्रम निर्माण गरी केही समय कार्यान्वयन गरेको भएता पनि विभिन्न समस्याका कारण हाल कार्यान्वयन नगरेको पाइयो । सबै विद्यालयहरुले स्थानीय पाठ्यक्रमको रुपमा अतिरक्त अङ्ग्रेजी भाषालाई कार्यान्वयन गरेको पाइयो ।*

*स्थानीय पाठ्यक्रमको कार्यान्वयन पक्ष ज्यादै फितलो देखिएकाले स्थानिय पाठ्यक्रम निर्माण संयन्त्र गठन गरिनुपर्ने, स्थानीय आवश्यकता अनुसारको विषय वस्तु छनोट गर्न पाउने भनेर स्थानीय पाठ्यक्रमलाई परिभाषा गरिदिदा धेरैजसो विद्यालयहरुले विद्यालय तथा स्थानीय आवश्यकता भनी अतिरिक्त अङ्ग्रेजी विषयलाई प्रयोग गर्दा स्थानीय पाठ्यक्रमको परिभाषामा नीतिगत अन्यौलता देखिन्छ । जसलेगर्दा स्थानीय पाठ्यक्रमको गलत अर्थ र प्रयोग भएकाले यस्ता नीतिगत अस्पष्टता हटाउनुपर्दछ । सरोकारवालाहरुलाई सम्बन्धित निकायबाट क्षमता अभिबृद्धिका कार्यक्रमहरु आयोजना*

*गर्ने व्यवस्था गर्नुपर्ने । विद्यालयहरुले निर्माण गर्ने स्थानीय पाठ्यक्रम निर्माण, विकास र कार्यान्वयनका लागि स्रोतकेन्द्रले समन्वयकारी भूमिका खेल्नुपर्ने । एउटा स्रोतकेन्द्र भरी विषय र आवश्यकता मिलेमा एउटै पाठ्यक्रम निर्माण गर्न स्रोत केन्द्रले पहल गर्नुपर्दछ । स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग भए नभएको हेर्ने अनुगमन समिति गठन गरिनुपर्दछ ।*

# विषयसूची


| सि.नं | **शीर्षक** | पेज |
|---|---|---|
| | **शोधसार** | |
| | **संक्षिप्त शब्दावलीहरु** | |
| | **परिच्छेद एक : परिचय** | (१-१३) |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ९ |
| १.३ | अध्ययनको औचित्य | ११ |
| १.४ | अध्ययनको उद्देश्यहरु | १२ |
| १.५ | अनुसन्धानात्मक प्रश्नहरु | १२ |
| १.६ | अध्ययनको परिसीमा | १२ |
| | **परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा अध्ययनको सैद्धान्तिक ढाँचा** | (१४-२४) |
| २.१ | सम्बन्धित साहित्यको पुनरावलोकन | १४ |
| २.२ | अध्ययनको सैद्धान्तिक ढाँचा | २१ |
| २.३ | पुनरावलोकनको उपादेयता | २४ |
| | **परिच्छेद तीन : अध्ययन विधि** | (२५-२९) |
| ३.१ | अनुसन्धानात्मक ढाँचा | २५ |
| ३.२ | अध्ययनको जनसंख्या र नमुना छनौट | २५ |
| ३.३ | अध्ययनका साधनहरु | २६ |
| ३.४ | तथ्याङ्कका स्रोतहरु | २७ |
| ३.५ | तथ्याङ्क सङ्कलन विधि | २८ |
| ३.६ | तथ्याङ्क विश्लेषण प्रक्रिया | २९ |
| | **परिच्छेद चार : नतिजाको छलफल** | (३०-६१) |
| ४.१ | प्राथमिक तहमा स्थानीय पाठ्यक्रम व्यवस्थापन | ३० |
| ४.१.१ | स्थानीय पाठ्यक्रम निर्माणमा सरोकारवालाहरुको चासो | ३१ |
| ४.१.२ | स्थानीय पाठ्यक्रम निर्माणमा विद्यालयको वार्षिक कार्यतालिकाको अवस्था | ३३ |
| ४.१.३ | स्थानीय पाठ्यक्रम निर्माणमा स्थानीय निकायका पदाधीकारीहरुको दृष्टिकोण | ३३ |
| ४.१.४ | स्थानीय पाठ्यक्रम निर्माणमा शिक्षा प्रशासक, निरिक्षिक र स्रोतव्यक्तिहरुको प्राथमिकता वा चासो | ३४ |
| ४.१.५ | विद्यालयमा अन्य विषय र त्यसको पठन-पाठनको अवस्था | ३५ |

| | | |
|---|---|---|
| ४.२ | केन्द्रिय तहमा स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी व्यवस्था | ३५ |
| ४.२.१ | वर्तमान संविधान तथा ऐन नियममा स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी प्रावधान | ३७ |
| ४.२.२ | स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन सम्बन्धमा निरीक्षण सुपरीवेक्षणको व्यवस्था | ४० |
| ४.२.३ | स्थानीय पाठ्यक्रम सम्बन्धमा शिक्षा विद् र शिक्षा प्रशासकहरुको दृष्टिकोण | ४१ |
| ४.२.४ | स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी बजेटको व्यवस्था | ४३ |
| ४.२.५ | स्थानीय सरोकारवाला व्यक्तिहरुलाई तालिमको व्यवस्था | ४४ |
| ४.३ | प्राथमिक तहमा स्थानीय पाठ्यक्रम निर्माणमा देखिएका समस्या | ४५ |
| ४.३.१ | स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी तालिमको व्यवस्था | ४७ |
| ४.३.२ | स्थानीय पाठ्यक्रम निर्माणमा आवश्यक बजेटको व्यवस्था | ४९ |
| ४.३.३ | स्थानीय पाठ्यक्रम निर्माणमा निरीक्षण र सुपरीवेक्षणमा अवस्था | ५१ |
| ४.३.४ | स्थानीय पाठ्यक्रम निर्माणमा सरोकारवालाहरुको चासो | ५२ |
| ४.३.५ | स्थानीय निकाय र गैर सरकारी संस्थाहरुको दृष्टिकोण | ५३ |
| ४.४ | स्थानीय पाठ्यक्रम निर्माणमा आइपरेका समस्या समाधानका उपायहरु | ५५ |
| ४.४.१ | स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धमा सरोकारवालाहरुलाई पर्याप्त तालिम | ५६ |
| ४.४.२ | स्थानीय पाठ्यक्रम निर्माणमा छुट्टै बजेटको व्यवस्था | ५७ |
| ४.४.३ | स्थानीय पाठ्यक्रम निर्माणमा अनुगमन र सुपरीवेक्षण कढाई | ५८ |
| ४.४.४ | स्थानीय पाठ्यक्रम निर्माणमा सरोकारवालाहरुलाई सचेत बनाएर | ५९ |
| ४.४.५ | स्थानीय पाठ्यक्रम निर्माणमा आवश्यक सामग्रीहरु उपलब्ध गराएर | ६० |
| | **परिच्छेद पाँच : निष्कर्ष र सुझावहरु** | (६२–६६) |
| ५.१ | निष्कर्ष | ६२ |
| ५.२ | सुझावहरु | ६४ |
| ५.२.१ | नीतिगत तह | ६४ |
| ५.२.२ | कार्यान्वयन तह | ६५ |
| ५.२.३ | अनुसन्धान तह | ६५ |
| | **सन्दर्भग्रन्थ सूची** | |
| | **अनुसुचीहरु** | |

# सङ्क्षिप्त शब्दावलीहरु

| | | |
|---|---|---|
| जि.शि.का. | - | जिल्ला शिक्षा कार्यालय |
| जि.शि.स. | - | जिल्ला शिक्षा समिति |
| स्था.नि. | - | स्थानीय निकाय |
| प्रा.वि. | - | प्राथमिक विद्यालय |
| वि.व्य.स. | - | विद्यालय व्यवस्थापन समिति |
| रा.शि.प.यो | - | राष्ट्रिय शिक्षा पद्धतिको योजना |

# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

शिक्षणसिकाइ क्रियाकलापलाई व्यवस्थित र योजनावद्ध तरिकाबाट संचालन गर्नकालागि बनाइएको लिखित दस्तावेज वा कार्यक्रम नै पाठ्यकम  हो । पाठ्यक्रमले सम्पूर्ण शैक्षिक प्रणालिको नेतृत्व गरेको हुन्छ । पाठ्यकमको अर्थ प्रष्ट पार्न केही विद्धानहरुको परिभाषा उल्लेख गर्नु सान्दर्भिक देखिन्छ ।

युनेस्कोको अनुसार "विद्यालय तथा शिक्षकहरुद्वारा शिक्षाका उद्देश्यहरु प्राप्तीका लागि गरिने योजना र निर्देशन अनुरुपका अनुभवहरु, जुन विद्यार्थीले प्राप्त गर्छन, त्यो नै पाठ्यकम हो ।" त्यस्तै रा.शि.प.यो २०२८ "शिक्षाको लक्ष्य हाँसिल गर्नका लागि बनाइएको शैक्षिक कार्यक्रम नै पाठ्यकम हो ।"  त्यस्तैगरी हिल्डा टावाका अनुसार "पाठ्यक्रम सिकाइको योजना हो" र जोन डिवेका अनुसार "पाठ्यकमको योजनाले वर्तमान समूदायको अध्ययन गरी तिनका जीवनका आवश्यकताहरुलाई समावेश गर्नुपर्दछ यसले हाम्रो जीवनलाई सुधार गर्ने नियत राख्नु पर्दछ जसले गर्दा भूतकाल भन्दा भविष्य राम्रो हुनेछ ।"

बालकको सर्वाङ्गीण विकासका लागि आवश्यक पर्ने ज्ञान, सीप र अनुभवको विस्तृत योजना नै पाठ्यकम हो । यस अर्थअनुसार पाठ्यकमले बालकका आवश्यकता र रुची, राष्ट्रिय एवम् सामाजिक आवश्यकताका आधारमा बालकको सर्वाङ्गीण विकासका लागि विद्यालयभित्र र बाहिर दिइने सम्पुर्ण अनुभवसमेत समेट्छ । सम्पुर्ण शैक्षिक गतिविधिको मेरुदण्डका रुपमा पाठ्यकमलाई लिइन्छ । विद्यार्थीहरुमा निश्चित ज्ञान, सीप र धारणाको विकास गराउनका लागि विद्यालयले संचालन गर्ने शैक्षणीक कियाकलापको योजना पाठ्यकम हो । शिक्षाको राष्ट्रिय उद्देश्यलाई कक्षागत र विषयगत रुपमा रुपान्तरण गर्न विद्यालयले औपचारिक रुपमा प्रयोग गर्ने दस्तावेज पाठ्यकम हो ।

नेपाल बहुविविधतायुक्त राष्ट्र हो । यहाँको भौगोलिक, सामाजिक, सांस्कृतिक र धार्मिक विविधताले गर्दा केन्द्र तहबाट निर्माण गरिने पाठ्यकमले समग्र राष्ट्रको प्रतिनिधित्व गर्न सक्दैन । त्यस्तै देश विकासका लागि विभिन्न पक्षमा नागरिकहरुको स्वामित्व र सहभागिता आवश्यक हुन्छ । यसै सन्दर्भमा शिक्षा क्षेत्रको सन्तुलित र समुचित विकासका लागि स्थानिय रुचि, आवश्यकतालाई सम्वोधन गर्न स्थानिय सरोकारवालाहरुको प्रत्यक्ष सहभागितामा स्थानिय पाठ्यकमको निर्माण र कार्यान्वयनगरिन्छ । शैक्षिक विकेन्द्रीकरणको अवधारणाको पाठ्यकम सुधार पद्धति अनुरुप स्थानिय

आवस्यकतालाई समेट्नका लागि स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्न स्थानिय सरोकारवालाहरुको सहभागितामा स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयन पक्षमा जोड दिन्छ ।

एक्काइसौँ शताब्दी विश्वव्यापीकरण, मानवअधिकारको संरक्षण, बालअधिकार, शान्ति सामाजिक एवम् लैङ्गिक समानता, जनसंख्या शिक्षा तथा वातावरण संरक्षण लगायत विश्वव्यापी सूचना तथा संचार जस्ता विषयक्षेत्रहरुको माग दिनानुदिन बढीरहेको छ । तथापी जातिय, वैशिष्ट्यता, राष्ट्रियता, पहिचान, भाषा, संस्कृति, मौलिकता आदि पहिचानका लागि आन्दोलित यूग समेत हो । आफ्नो संस्कृति माटो र स्वाभिमानता बीचको मिलन विन्दुका लागि जुनसुकै देशको शिक्षाले काम गर्नु पर्दछ । स्थानिय सरोकारवालाहरुको आवश्यकता, चाहना र उनीहरुकै सहभागितामा स्थानिय विषयवस्तुलाई समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानिय पाठ्यक्रम हो ( स्थानिय पाठ्यक्रम निर्माण निर्देशिका, २०६४) ।

बालबालिकालाई स्थानिय स्तरका ज्ञान, सीप र अनुभवहरु प्रदान गर्न स्थानिय स्तरबाटै (विद्यालय स्तरबाट) तयार गरिएको विस्तृत शैक्षिक खाकालाई स्थानिय पाठ्यक्रम भनिन्छ । पाठ्यक्रमले व्यवहारिक र वैज्ञानिक पक्षमा जोड दिनुपर्दछ । अहिलेको शिक्षा प्रयोगात्मक, व्यवहारिक, कार्यमुलक, वैज्ञानिक हुनुपर्दछ भन्ने उद्देश्यबाट प्रेरित भई स्थानिय स्तरको ज्ञान, सीपमा आधारीत विषयवस्तुको विस्तृतीकरण नै स्थानिय पाठ्यक्रम हो ।

“थिङक ग्लोवल्ली एक्ट लोकल्ली” भन्ने विश्वव्यापी नाराले अहिले अन्तरराष्ट्रिय, राष्ट्रिय र स्थानिय विषयवस्तुलाई विद्यालय स्तरको पाठ्यक्रममा समावेश गरिनु पर्छ भन्ने मान्यतालाई स्वीकार गर्दै पाठ्यक्रममा केही निश्चित अंश स्थानीय आवस्यकता, स्थानिय विषय क्षेत्र, स्थानिय परिवेशलाई समेट्ने सैद्धान्तिक मान्यतामा सहमति गर्दै शैक्षिक विकेन्द्रीकरणको अवधारणा पाठ्यक्रम सुधार पद्धति अनुसार स्थानीय आवश्यकतालाई समेट्ने गरी स्थानीय निकायहरुलाई नै स्थानिय पाठ्यक्रम बनाउन दिई शिक्षामा सुधार गर्न सकिने कुरामा जोड दिएको पाइन्छ (बराल, २०६६) ।

केन्द्रिय निकायद्वारा पाठ्यक्रम तयार गरी कार्यन्वयनमा ल्याइने पाठ्यक्रम नै केन्द्रिय पाठ्यक्रम हो । केन्द्रिय पाठ्यक्रम खास स्थान विशेषको आवश्यकतामा मात्र आधारित नभई औषत राष्ट्रिय आवश्यकतालाई दृष्टिगत गरी तयार हुने भएकाले यस प्रकारको पाठ्यक्रमले स्थानीय आवश्यकतालाई प्रतिनिधित्व गर्न सक्दैन (स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयन सम्बन्धी सचेतना सामग्री, २०६५) ।

केन्द्रियस्तरमा बन्ने पाठ्यक्रमले व्यक्ति, समाज, राष्ट्र र अन्तराष्ट्रिय मागलाई सम्वोधन गर्नुपर्ने भएकाले हाम्रो जस्तो भौगोलिक, जातिय, भाषिक र साँस्कृतिक विविधतालाई समेटेर पाठ्यक्रम निर्माण गर्नु चुनौति रहेको छ । यी विविध पक्षको पाठ्यक्रममा समावेशीकरण गर्न स्थानिय पाठ्यक्रमको व्यवस्था गरेको देखिन्छ ।

हाम्रो मुलुक सानो भए तापनि यसको वस्तु स्थिति विविधतापूर्ण छ । भौगोलिक, साँस्कृतिक, भाषिक, जातिय आदि कुराहरुमा विविधता छ । विभिन्न ठाउँहरुमा विभिन्न प्रकारका स्रोतहरु रहेकाछन् । विभिन्न ठाउँका मानिसहरुको आवश्यकता र चाहना फरकफरक छन् । त्यसैले केन्द्रमा निर्माण गरेको पाठ्यक्रममा सवै अंश सबै क्षेत्रमा हुवहु लागु गर्न नसकिने हुन्छ । उदाहरणका रुपमा काठमाडौ उपत्यकाका विद्यार्थीहरुका लागि यहाँका धार्मिक, साँस्कृतिक, पुरातात्विक महत्वका स्थलहरुका बारेमा जानकारी र सुचना प्रविधि सम्वन्धी शिक्षा आवश्यक हुन सक्छ भने जुम्लाका लागि गरकारी तथा फलफुल खेति र यसको व्यवस्थापन विषयमा आधारभूत कुराहरु आवश्यक हुन सक्दछन् ।

भाषिक संरक्षणका लागि ताप्लेजुङमा लिम्बू भाषा, धनुषामा मैथिली, कपिलवस्तुमा अवधी, कैलालीमा थारु भाषाको शिक्षण आवश्यक हुन सक्छ । हाम्रो मूलुकमा स्थानिय पाठ्यक्रमको आवश्यकता सामाजिक विभिन्नताअनुरुपको पाठ्यवस्तुलाई प्रोत्साहन गर्न, व्यक्ति/समूह/समाजको आवश्यकतालाई पूरा गर्न, स्थानिय महत्वपूर्ण चाडपर्व, स्थान विशेष, कलाकौशल, व्यवसाय, घरेलु उद्योग प्राकृतिक स्रोतको उचित सम्मान र परिचालन गरी संरक्षण र संवर्धन गर्न, पाठ्यक्रमलाई बढी उपयोगी, सान्दर्भिक र आवश्यकतामूखी बनाउन, स्थानिय तहका सरोकारवालाहरु र संस्थाको सक्षमता अभिवृद्धि गर्न स्थानिय पाठ्यक्रमको आवश्यकता हुन सक्दछ वा आवश्यक हुन्छ ।

केन्द्रियस्तरबाट निर्माण गरिने पाठ्यक्रमहरुले स्थानिय तहको सबै ठाउँको रुचि र आवश्यकतालाई प्रतिनिधित्व गर्न नसक्ने र केन्द्रिय तहबाट निर्माण गरिएको पाठ्यक्रम स्थानीय तहमा कार्यान्वयन गर्न कठिन समेत हुने अवस्थालाई ध्यान दिदै नेपालमा वि.सं. २०४९ सालको प्राथमिक शिक्षाको पाठ्यक्रममा १०० पूर्णाङ्कको स्थानिय आवश्यकता अनुसारको मातृभाषा वा स्थानिय आवश्यकताका आधारमा विषयवस्तुलाई समेटेर स्थानीय पाठ्यक्रमको व्यवस्था गरेको पाइन्छ । त्यसै गरी प्राथमिक तहको पाठ्यक्रम २०६२ ले स्थानिय पाठ्यक्रमको थप व्यवस्था गरेको पाइन्छ । स्थानीय स्तरमा स्थानिय सरोकारवालाहरुको सहभागितामा स्थानीय आवश्यकता अनुसार स्थानीय विषयवस्तुहरु समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम स्थानिय पाठ्यक्रम हो । नेपालको

अन्तरिम संविधान २०६३ मा प्रत्येक समूदायलाई कानुनमा व्यवस्था भए बमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा लिन पाउने व्यवस्था गरेको छ भने शिक्षा ऐन, २०२८ मा प्राथमिक तहको शिक्षा मातृभाषामा दिन सकिने कुरा उल्लेख छ ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ मा नेपाली मातृभाषा नभएका नेपालका अन्य राष्ट्रिय भाषाभाषी क्षेत्रका विद्यालयमा शिक्षाको माध्यमका रुपमा राष्ट्रिय भाषाहरुको प्रयोग गर्न सकिनेछ । हाल नेपाली बाहेक नेपालमा बोलिने अन्य भाषाहरुमा पठनपाठनका लागि चाहिने आवश्यक पाठ्यसामग्री उपलब्ध हुन नसकेमा त्यस्तो पाठ्यसामग्री उपयुक्त मात्रामा उपलब्ध नभए सम्म लेखपढ नेपाली भाषामा गरी आवश्यक व्याख्या र निर्देशन आदि कार्य मातृभाषामा गर्ने व्यवस्था हुनु उपयुक्त देखिन्छ । बहुभाषिक समूदायका बालबालिकाहरुलाई स्थानीय मातृभाषाको अध्ययन गर्न प्रोत्साहित गर्नुपर्छ भनि सिफारिस गरिएको पाइन्छ (शर्मा, २०५९) ।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन-२०५५ ले पनि “मातृभाषाको माध्यम र पाठ्यसामग्री” शीर्षकमा मातृभाषाको माध्ययमद्वारा प्राथमिक शिक्षा दिने नीतिलाई कार्यान्वयन गर्न नेपालका राष्ट्रिय भाषाहरुमा विद्यालय खोली शिक्षा दिनका लागि सरकारले पाठ्यक्रम तथा पाठ्य सामग्रीहरुको निर्माण र शिक्षक तालिमको आवश्यक व्यवस्था र सहयोग गर्नुपर्छ भनि सिफारिस गरिएको पाइन्छ (शर्मा,२०५९) ।

(प्राथमिक शिक्षा पाठ्यक्रम २०६५) मा स्थानिय विषय तथा मातृभाषाको बारेमा यसरी उल्लेख गरेको पाइन्छ । विद्यालयमा पठनपाठन हुने मातृभाषाको छनौट गर्दा बहुसंख्यक विद्यार्थीले बोल्ने मातृभाषा छनौट गरिनुपर्ने, मातृभाषाको पठनपाठन गराउन नसक्ने विद्यालयले स्थानीय तहका लागि उपयोगी पेशा, धर्म, परम्परा, सँस्कृति, रीतिरिवाज, स्थानिय सम्पदा, स्थानिय वातावरण संरक्षण, खेतीपाती, स्थानिय प्रविधी, चाडपर्व, सामाजिक व्यवहार आदि मध्ये एक विषयवस्तु छनौट गरी पठनपाठन गर्न सकिने व्यवस्था छ । मातृभाषा तथा स्थानिय विषयको पाठ्यक्रम तथा पाठ्यसामग्री स्रोतकेन्द्रको सहयोग, जिल्ला पाठ्यकम समन्वय समितिको समन्वयमा विद्यालयबाट निर्माण गर्न सकिने र जिल्लाभर एउटै विषय मिलेमा जिल्लास्तर र स्रोत केन्द्रस्तरमा मिल्ने विषयको पाठ्यकम निर्माण गर्न सकिने व्यवस्था गरेको छ । समय निर्धारणमा सामाजिक अध्ययनलाई १९ घण्टी, सिर्जनात्मक कला र शारीरिक शिक्षा ९/९ घण्टी, स्थानिय विषयका लागि १२८ घण्टी पठनपाठन गराउने व्यवस्था उल्लेख छ ।

शिक्षालाई समावेशी बनाउन र शिक्षा क्षेत्रमा सबै बालवालिकाहरुको पहुँच अभिवृद्धि गर्न तथा सुनिश्चित गर्न देशमा रहेका साङ्ग, अपाङ्ग, धनि-गरिव, केटा केटी, सम्पन्न-विपन्न र मूल प्रवाहमा, सहभागिताको वृद्धि र बहिष्करणमा कमी गर्न पनि स्थानिय पाठ्यक्रमको महत्व झन बढी हुन्छ । विद्यालयसँगको पहुँच सँगसँगै विद्यालयमा आइरहेका, विद्यालयमा भर्ना भई विविध कारणले पढ्न छाडेका विद्यालय नै नगएका सबै किसिमका बालबालिकालाई वेग्लावेग्लै विश्लेषण गर्नुपर्छ । सबैलाई शिक्षाको मूल प्रवाहमा समाहित गर्नका लागि विभिन्न किसिममा नीति तथा कार्यक्रम संचालन गर्नुपर्छ । हाल संचालनमा आएका धेरै कार्यक्रमहरुको लक्ष्य तिनै उद्देश्यको परिपूर्तिमा केन्द्रित छ ।

पाठ्यक्रम विकास केन्द्र (२०६५) ले कक्षा -९ को शिक्षा पाठ्यपुस्तकमा स्थानिय पाठ्यक्रम निर्माणको चरणहरु आवश्यकताको पहिचान, उद्देश्य निर्धारण, विषयवस्तुको छनौट, कक्षागत सिकाइ उपलब्धि विवरण, शिक्षण प्रक्रिया (क्रियाकलाप र विधी) विद्यार्थी मूल्याङ्कन र समय निर्धारणका बारेमा यसरी उल्लेख गरिएको छ ।

अवश्यकताको पहिचान गर्न स्थानीय तहका प्रतिनिधि, स्थानीय गैह्र सरकारी संस्थाका प्रतिनिधी, बुद्धिजिवी, उद्योगपति, रोजगारदाता, अभिभावक, शिक्षक, स्रोतव्यक्ती, समाजसेवी सामाजिक कार्यकर्ता, स्थानीय तहका सरकारी नेतृत्वका प्रतिनिधिहरु सँग सुझाव संकलन र व्यापक छलफलको माध्यमबाट स्थानीय पाठ्यक्रमको विषयवस्तु छनौट गरिनुपर्ने तर्फ जोड दिएको पााइन्छ । स्थानीय पाठ्यक्रमको विषयवस्तु छनौट पश्चात प्राथमिक तहको उद्देश्य सँग मेल खाने गरी स्थानीय पाठ्यक्रमको साधारण उद्देश्य तय गरिन्छ ।

उद्देश्य निर्धारण पश्चात विषयवस्तुको छनौटका लागि आधार बनाउने र छनौट भएका विषयवस्तुको विस्तृतीकरण गर्नु पर्दछ । कुन कक्षामा के कति, कस्तो खालको विषय दिने हो सो निर्धारण गरी विद्यर्थीको उमेर, ज्ञानको व्यवस्था, भाषिक स्तर उमेर आदिलाई ध्यान दिई कक्षगत सिकाइ उपलब्धी निर्धारण गर्नुपर्दछ । तोकिएको विषयवस्तुको उद्देश्य पूरा गर्न आवश्यक उपलब्ध हुनसक्ने र प्रयोग गर्न सकिने सामग्रीको व्यवस्था गर्नुपर्छ । स्थानीय पाठ्यक्रमका विषयवस्तु शिक्षणका लागि छलफल विधी, अन्तरक्रिया, स्थलगत भ्रमण तथा सम्बन्धीत विषयवस्तुसँग सम्बन्ध राख्ने खालका कार्यक्रमहरुमा सहभागिता गराउन उपयूक्त हुने कुरा उल्लेख गरेको पाइन्छ ।

स्थानीय पाठ्यक्रममा राखिएका विषयवस्तुहरु गरेर सिक्ने विधिमा निर्धारण गरिने भएकाले विद्यार्थीहरु विभिन्न कार्यक्रमहरुमा सहभागी भएको आधार प्राप्त प्रतिवेदनको मूल्यांकन, विद्यार्थीहरुको क्रियाकलापको अवलोकन गरी मूल्यांकन गरिनुपर्ने उल्लेख छ। साथै निरन्तर विद्यार्थी मूल्यांकनलाई प्रमुख आधार बनाउनु पर्ने तर्फ पनि जोड दिएको छ। स्थलगत भ्रमण, अध्ययन भ्रमण, आदिका लागि पठनपाठनलाई बाधा नपर्ने गरी व्यवस्था मिलाउनु पर्दछ।

प्राथमिक शिक्षा पाठ्यक्रमले स्थानिय आवश्यकता, राष्ट्रिय एवम् अन्तरराष्ट्रिय जगतमा आएको प्रभावलाई दृष्टिगत गरी स्थानिय पाठ्यक्रमको सोचमा अझ बढी जोड दिएको छ। प्राथमिक तहको पाठ्यक्रम सुधार गर्ने क्रममा राष्ट्रिय पाठ्यक्रम गोष्ठी, क्षेत्रगत कार्यशाला, विभिन्न पाठ्यक्रम सुधार प्रतिवेदन, आयोजना, परियोजनाका सुझावहरु, अध्ययन प्रतिवेदन आदिले औंल्याएका सुझावहरुलाई सक्दो रुपमा समेट्ने प्रयास भएको छ। स्थानिय आवश्यकता अनुसारको स्थानिय पाठ्यक्रमको निर्माण अवधारणालाई बढी भन्दा बढी प्रोत्साहन गर्ने तर्फ अङ्गिकार गरिएको छ। स्थानिय स्तरमा स्थानिय सरोकारवालाहरुको सहभागितामा स्थानिय आवश्यकता अनुसार स्थानिय विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम स्थानिय पाठ्यक्रम हो (शैक्षिक मार्ग निर्देशन पुस्तिका २०६९)।

स्थानीय पाठ्यक्रम निर्माण कसले गर्ने सम्बन्धमा स्थानीय पाठ्यक्रमका लागि आवश्यकता पहिचान भई विषयक्षेत्र छनौट भईसकेपछि शिक्षक, विद्यार्थी, वि.व्य.स., शिक्षक अभिभावक संघ र बुद्धिजीवि समेतको सक्रियतामा विद्यालय आफैले वा दुई वा सो भन्दा बढी विद्यालयको आवश्यकता र चाहना एउटै भएमा स्रोतकेन्द्रको नेतृत्वमा र जिल्लाभरिको आवश्यकता र विषयक्षेत्र एउटै भएमा जिल्ला शिक्षा कार्यालयले स्थानिय पाठ्यक्रम निर्माण गर्न सकिन्छ। स्थानिय पाठ्यक्रम निर्माण गर्न प्राविधिक कठिनाई परेमा पाठ्यक्रम विकास केन्द्रबाट यथासम्भव प्राविधिक सहयोग उपलब्ध गराउन सकिने र स्थानिय पाठ्यक्रम निर्माणका लागि आवश्यक बजेट विद्यालयलाई प्राप्त हुने स्रोतबाट नै खर्च गर्नुपर्ने वा विद्यालय विकास योजना आदिमा समावेश गरी निकासा गराउनु पर्ने हुन्छ (शैक्षिक मार्ग, निर्देशन पुस्तिका २०६९)।

शिक्षा प्रतिस्पर्धी र गुणस्तरीय हुनुपर्दछ। शिक्षाले राष्ट्रिय र स्थानिय तहका जनशक्तिहरुको उत्पादन गर्नसक्नु पर्दछ । यी परिवेशमा पाठ्यक्रमको विश्लेषण गर्दा स्थानीय पाठ्यक्रमको आवश्यकताको महसुस अन्तर्राष्ट्रिय क्षेत्रमा नै भएको देखिन्छ। शिक्षाका यी र यस्ता महत्वका उद्देश्यहरु पूरा गर्न शैक्षिक व्यवस्थापनलाई विकेन्द्रिकरण गरिनु पर्दछ भन्ने अन्तर्राष्ट्रिय परिवेश छ । यसै अनुरुप

डेनमार्कले शैक्षिक व्यवस्थापनको विकेन्द्रित प्रणालि अपनाएको छ । विद्यालयको सम्बन्धमा निर्णय लिने, विद्यालयका शैक्षिक योजनाहरु बनाउने, विद्यालयको आर्थिक अवस्था सुदृढ गर्न शिक्षा कर लिने सम्मका अधिकारहरु विकेन्द्रित गरेको छ ।

केन्द्रले आवश्यक वातावरण निर्माण गरी शिक्षाको विकासमा स्थानीय तहलाई क्रियाशील बनाउन डेनमार्कले गरेका यस स्थानियकरणको विकासले स्थानिय पाठ्यकम विकासमा जोड दिएको छ । यसै गरी स्वीडेन र थाइल्याण्डले पनि विद्यालयलाई स्वायतता दिएर स्थानीय पाठ्यकम विकासको प्रक्रिया अगाडी बढाएका छन् । सरोकारवाला र समूदायको आवश्यकता, सिकारुको आवश्यकता, स्थानीय र भौगोलिक वातावरण, स्थानीय तहका ज्ञान र सीपको खोजी, विद्यार्थी क्रियाकलाप र मूल्याङ्कनको आधार आदि विविध पक्षहरुको अध्ययन गरी थाइलेन्डले स्थानीय पाठ्यक्रम निर्माण गर्दछ । यसबाट के भन्न सकिन्छ भने स्थानीय आवश्यकतामा आधारीत, स्थानीय तहको प्रत्यक्ष संलग्नतामा निर्माण गरिने, स्थानीय तहका ज्ञान र सीपको विकास गर्ने, शिक्षालाई कार्यमूलक व्यवहारिक र व्यवसायीक बनाउने उद्देश्यले विद्यालयद्वारा निर्मित र कार्यान्वित गरिने पाठ्यकमलाई स्थानीय पाठ्यकम भनिन्छ ।

स्थानीय पाठ्यकम स्थानीय ज्ञान र सीप विकासमा आधारित अति आवश्यक पाठ्यकम हो । स्थानीय पाठ्यकम लोकतान्त्रिक, खुला, समावेशी, सन्तुलित समाज र राष्ट्रिय आवश्यकता पूरा गर्ने, क्रियाकलापमा आधारीत सिद्धान्तमा रहेको हुनु पर्दछ (शर्मा एण्ड शर्मा २०६६) ।

नेपालको सन्दर्भमा स्थानीय पाठ्यकम महत्वपुर्ण पाठ्कम हो किनकी स्थानिय तहमा शिक्षाप्रतिको जनचेतना विकास गराउने, स्थानीय जनताको शिक्षामा सहभागिता बढाउन, विद्यालय शिक्षाबाट वञ्चित भएका बालबालिकालाई विद्यालय पढाउन, स्थानीय तहलाई शिक्षाप्रति उत्तरदायी बनाउन, स्थानीय पाठ्कम आवश्यक हुन्छ ।

स्थानीय पाठ्यकमका सामान्य पथ प्रर्दशनका सिद्धान्तहरु तयार गर्ने, स्थानीय पाठ्यकमका लागि विषयवस्तु छनौट देखी लिएर सम्पूर्ण प्रक्रिया स्थानीय तहमा नै विकास र व्यवस्थापन गर्ने कुरा उल्लेख गरिएको छ भने माध्यमिक शिक्षा सहयोग कार्यक्रम मूल दस्तावेजमा मा.वि. तहमा पनि १०% स्थानीय विषयवस्तुको व्यवस्था गरेको छ । राष्ट्रिय पाठ्यकम प्रारुप (२०६३) मा १५% भाग स्थानीय विषयवस्तु समेटेर पाठ्यकम निर्माण गर्न सकिने कुरा उल्लेख गरेको छ ।

आदिवासी, अल्पसंङ्ख्यक भाषिक समूदायलाई शिक्षाको पँहुचमा ल्याउन विद्यालय पाठ्यकममा विविध स्थानीय संस्कृतिको झलक दिन र यसलाई बालबालिकाहरुको दैनिक जीवनसँग बढी

सान्दर्भीक गराउन पाठ्यक्रममा २०% अंश स्थानीय परिस्थिती र वातावरणमा आधारित हुनु पर्ने कुरामा जोड दिएको पाइन्छ (सबैका लागि शिक्षा, २००४-२००९) ।

प्राथमिक तहमा स्थानीय पाठ्क्रम सम्बन्धि वर्तमान अवस्थामा स्थानीय विषय (स्थानीय तहबाटै छनौट हुने एक विषय) मा स्थानीय तहबाट नै १००% विषयवस्तु तोक्ने व्यवस्था रहेको छ । भने सामाजिक अध्ययन, शारीरिक शिक्षा र सिर्जनात्मक कलामा भने २०% मात्र स्थानीय विषयवस्तु स्थानीय तहबाट तोक्ने व्यवस्था रहेको छ भने बाँकी ८०% विषयवस्तु केन्द्रले नै तोक्ने व्यवस्था रहेको पाइन्छ  (स्थानीय पाठ्यक्रम निर्देशिका २०६५) ।

नेपालको विभिन्न जिल्लाहरुमा स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याएको पाइन्छ । लमजुङमा कृषि तथा जडिबुटी ज्ञानमाला, पर्वतमा फलफुल खेती, धनकुटामा तरकारी खेती, स्थानीय खेल, वन, चित्रकला र हस्तकला, कपिलवस्तुमा तरकारी खेती, धार्मिक तथा ऐतिहासिक स्थल, परालबाट बन्ने सामग्री र स्थानीय खेल, धादिङमा तरकारी खेती, फलफुल खेती, खोटाङमा हलेसी महादेव, सिन्धुलीमा हायु भाषा, रसुवामा आलु खेतीको पाठ्यक्रम निर्माण तथा कार्यान्वयनगरेको पाइन्छ (स्थानीय पाठ्यक्रम निर्देशिका, २०६५) ।

यसरी नेपालमा केही जिल्लाहरुमा स्थानीय पाठ्यक्रम र कार्यान्वयन गरिएको भएतापनि अधिकांश जिल्लाहरुमा स्थानीय पाठ्यक्रम निर्माण मात्र गरिने तर कार्यान्वयन नहुने भइहाले ता पनि त्यसको प्रभावकारीता मूल्याङ्कन नहुने भएकाले स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोगको अवस्था कस्तो छ भनी ठ्याक्कै भन्न सक्ने अवस्था छैन । त्यसैले यस शोधकर्ताले स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगको व्यवस्थापन अध्ययन गर्नु सान्दर्भिक ठानी छनौट गरिएको छ ।

## १.२ समस्याको कथन

आजको सन्दर्भमा शिक्षा कुनै पनि नागरिकको लागि अपरिहार्य विषय बनेको छ । शिक्षाको पहुँच सबै क्षेत्रका बालबालिकाहरुको लागि पुऱ्याई सबैका लागि शिक्षाको नारालाई सार्थक बनाई शिक्षाको राष्ट्रिय तथा अन्तरराष्ट्रिय लक्ष्य हासिल गर्नु आज हरेक मुलुकका लागि चुनौतीको विषय बनिरहेको छ । यस्तो अवस्थामा समुन्नत राष्ट्रको निर्माण गरी प्रत्येक नागरिकको आँगनीमा सुन्दर विहानी ल्याउन "सबैका लागि शिक्षा" सुनिश्चित गर्नुपर्छ । केन्द्रिय तहबाट निर्माण भएको पाठ्यक्रमले मात्र देशको सम्पूर्ण विषयवस्तुलाई समेट्न सक्दैन । स्थानीय ठाउँमा रहेका महत्वपूर्ण विषयवस्तुहरु वा स्थानीय आवश्यकतालाई पनि विद्यालय शिक्षाको पाठ्यक्रममा समावेश गरी पठनपाठन हुन

आवश्यक हुन्छ । स्थानीय स्तरको शिक्षाका लागि आवश्यक पर्ने साधन र स्रोतको खोजी गर्ने । परिचालन गर्ने एवम् शैक्षिक विकासमा सम्बन्धित सरोकारवालाहरुको सहभागिता र जवाफदेहीता अभिवृद्धि गर्न स्थानीय पाठ्यक्रमको आवश्यकता पर्न जान्छ । भने अर्को तिर नयाँ अवधारणको रुपमा आएका समावेशी र समाहित शिक्षाको विकास सहि अर्थमा गर्न पनि स्थानीय पाठ्यक्रम अनिवार्य हुन सक्दछ ।

पाठ्यक्रम निर्माण प्रक्रियामा स्थानीय सरोकारवालाहरुको सहभागिता अभिवृद्धि गर्न, स्थानीय स्रोत र साधनको बारेमा अध्ययन गर्न, शैक्षिक विकासमा र शैक्षिक वातावरणलाई स्थानीय मैत्रिपूर्ण बनाउन आवश्यक हुन्छ । दिगोपनाको सुनिश्चिता गर्न आवश्यक हुन्छ । आजको २१ औं शताब्दीमा अन्तर्राष्ट्रिय रुपमा प्रतिस्पर्धा गर्न सक्ने नागरीक उत्पादन गर्नु आजको आवश्यकता हो । एकातिर राष्ट्रिय अन्तर्राष्ट्रिय रुपमा प्रतिस्पर्धा गर्न सकने नागरीक उत्पादन गर्नु छ भने अर्कातिर पाठ्यक्रममा स्थानीय आवश्यकतालाई समेट्नु जरुरी हुन्छ तर केन्द्रिय रुपमा निर्माण हुने पाठ्यक्रमले स्थानीय ठाउँको तथा स्थानीय मुल्यामान्यता र स्थानीय परिवेशको प्रतिनिधित्व गर्न सम्भव हुँदैन । समावेशी र समतामूलक शिक्षाको विकासका लागि र स्थानीय सरोकारवाला जनताको सहभागिता र आत्मसम्मानको विकासका लागि स्थानीय पाठ्यक्रमको आवश्यकता पर्न जान्छ ।

ज्ञान आफैँमा सृजनशील हुन्छ । पैसाले पैसा कमाउँछ भने जस्तै ज्ञानले नयाँ ज्ञानको सिर्जना गर्छ । विश्वमा भइरहेको विज्ञान प्रविधि र संचार क्षेत्रको विकासले ज्ञानको क्षेत्रमा बाढी आएको छ । विभिन्न अध्ययन अनुसन्धान भइरहेका छन् । जसले गर्दा ज्ञानको भण्डार ज्यादै द्रुतगतिमा बढीरहेको छ । ज्ञानको विस्फोटनसँगै ज्ञानका विभिन्न विधाहरुमा विशिष्टीकरण, आंशिकीकरण र खण्डीकरण भइरहेको छ । ज्ञानको यस्तो अथाह भण्डारबाट कुन कति ज्ञान कसरी छुट्याएर पाठ्यक्रममा समावेश गर्ने भन्ने निर्णय गर्नु ज्यादै जटिल र चुनौति पूर्ण कार्य हो । त्यसमा पनि स्थानीय पाठ्यक्रममा कस्ता ज्ञानहरुलाई समावेश गर्ने  ज्ञानको क्षेत्र कति हुने जस्ता समस्याहरु पनि रहेका छन् ।

हालको प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहको पाठ्यक्रममा स्थानीय विषयवस्तुलाई समावेश गरी स्थानीय पाठ्यक्रम निर्माणको व्यवस्था रहेको पाइन्छ । यद्यपी स्थानीय ठाउँहरुमा पाठ्यक्रमसँग सम्बन्धित ज्ञान हासिल गरेका पाठ्यम्रम विज्ञ, स्थानीय जनसमूदाय स्थानीय पाठ्यक्रममा अनभिज्ञ रहनु, विद्यालयले आवश्यक ध्यान नदिनु, सम्बन्धित निकायहरु स्रोतकेन्द्र,

जिल्ला शिक्षा कार्यालयहरुले यथोचित ध्यान नदिनु, सरोकारवालाहरुमा चासो नरहनु आदि जस्ता पक्षले स्थानीय जनसमूदायमा अंग्रेजी भाषा प्रतिको मोहका कारण कतिपय विद्यालयले स्थानीय पाठ्यक्रमको सट्टामा अंग्रेजी विषयको पठनपाठन गरेको पाइन्छ यो पनि स्थानीय पाठ्यक्रम निर्माण र विकासमा एक प्रमुख चुनौतिका रुपमा रहेको छ ।

स्थानीय पाठ्यक्रमको निर्माण गर्न स्थानीय ठाउँमा पाठ्यक्रम विज्ञहरु नहुनु, स्थानीय जनताहरुको स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी व्यवस्था बारे जानकारी नहुनु विद्यालयहरुले स्थानीय पाठ्यक्रम निर्माणमा वेवास्था गर्नु, स्रोत केन्द्र र जिल्ला शिक्षा कार्यालयले समय समयमा गोष्ठि, छलफल कार्यहरुको आयोजना गरी औपचारिकता मात्र पूरा गरेको देखिन्छ । स्थानीय पाठ्यक्रम विद्यालयहरुले निर्माण गरेको नगरेको सवालमा अनुगमन, निरिक्षण तथा सुपरीवेक्षण गरेको नपाइनु जस्ता समस्याहरु हाल स्थानीय पाठ्यक्रम निर्माणमा समस्याहरु रहेको पाइन्छ ।

यस अध्ययनमा सामुदायिक विद्यालयहरुमा प्राथमिक तहमा स्थानीय पाठ्यक्रम निर्माणको अवस्था कस्तो छ ? सामुदायिक विद्यालयहरुमा प्राथमिक तहमा स्थानीय पाठ्यक्रमको प्रयोग कसरी गरिएको छ ? स्थानीय पाठ्यक्रम निर्माणको अवस्थामा आवश्यक सुझाव के दिन सकिन्छ ? स्थानीय पाठ्यक्रम प्रयोगमा देखिएका समस्याहरु के के देखिएको छ ? आदि कुरालाई मध्यनजर गरी अध्ययन गर्न आवश्यक देखेर यो विषयवस्तु छनौट गरिएको हो ।

## १.३ अध्ययनको औचित्य

यस अध्ययन सामुदायिक विद्यालयको प्राथमिक तहमा स्थानीय पाठ्यक्रमको निर्माण तथा प्रयोगको अवस्थासँग सम्बन्धित रहेर गरिएको हो । प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ ले प्राथमिक तहमा स्थानीय पाठ्यक्रमको व्यवस्था गरेको भएतापनि स्थानीय पाठ्यक्रमको निर्माण, विकास र कार्यान्वयन उचित रुपमा भएको देखिदैंन । यो देशकै एउटा जटिल एवम् गम्भिर चुनौति एवम् समस्या बनेको छ । नेपालका केही विद्यालयहरुमा स्थानीय पाठ्यक्रमका रुपमा स्थानीय विषयवस्तु, केही विद्यालयहरुमा मातृभाषा शिक्षण गरिएको पाइन्छ र अधिकांश विद्यालयहरुमा अङ्ग्रेजी विषयलाई नै अध्यापन गरिनुले स्थानीय पाठ्यक्रमको मर्ममा नै कुठाराघात गरेको देखिन्छ ।

स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्न सरकारले विभिन्न शिर्षकहरु जस्तैः स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन सम्बन्धि तालिम, तालिम प्याकेज आदिमा खर्च समेत गरेको अवस्था छ तर विद्यालयहरुले भने स्थानीय पाठ्यक्रम निर्माण गर्ने तर कार्यान्वयन अर्थात शिक्षण चाँही अङ्ग्रेजी

विषय गरिनुले ठूलो समस्या नै भएको छ । त्यसैले यस अध्ययनमा स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगको व्यवस्थापन सम्बन्धमा अध्ययन गरी त्यसमा आइपर्ने समस्याहरुको पहिचान गरी व्यस्थापन गर्ने प्रयत्न गरिएको छ ।

तसर्थ स्थानीय पाठ्यक्रम निर्माण, विकास र कार्यान्वयनमा के कस्ता समस्या तथा चुनौतिहरुका कारण निर्माण र प्रयोग नभएको हो भन्ने जस्ता जिज्ञासाहरुको उत्तर खोज्ने कार्य यस अध्ययनबाट गरिएको छ । यस अध्ययनले स्थानीय पाठ्यक्रम निर्माण, विकास र कार्यान्वयनका क्रममा देखा परेका समस्याहरु पत्ता लगाई उचित व्यवस्थापनका उपायहरु खोज्न प्रयास गर्ने हुनाले शिक्षा योजनाकार, प्रशासनिक व्यक्तिहरु, स्रोतव्यक्ति, प्र.अ., शिक्षक, वि.व्य.स पदाधिकारीहरु, स्थानीय निकायका पदाधिकारीहरु, अभिभावक, विद्यार्थी वर्ग तथा यस अध्ययन सँग सम्बन्ध राख्ने जो कोहिलाई फाइदा पुग्ने छ ।

## १.४ अध्ययनको उद्देश्यहरु

कुनैपनि विषयमा अध्ययन गर्नका लागि उद्देश्यहरु तय गर्नुपर्ने हुन्छ । यस अध्ययनका उद्देश्यहरुलाई निम्न बमोजिम राखिएको छ -

क) प्राथमिक तहमा स्थानीय पाठ्यक्रम निर्माणको अवस्था पहिचान गर्नु,

ख) प्राथमिक तहमा स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा देखिएका समस्याहरुको विश्लेषण गर्नु,

ग) प्राथमिक तहमा स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा आईपर्ने समस्याहरु पत्ता लगाई समस्या समाधानका उपायहरु खोजी गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

कुनै पनि विषयमा अध्ययन गर्ने उद्देश्यहरु तय भईसके पछि समस्या सँग सम्बन्धित कस्ता कस्ता प्रश्नहरु समावेश छन्, तिनका उत्तरहरु खोज्न अनुसन्धानात्मक प्रश्नहरु तयार पार्नुपर्दछ । यस समस्यासँग निम्न अनुसन्धनात्मक प्रश्नहरु तल तोकिएका छन् ।

क) प्राथमिक तहमा स्थानीय पाठ्यक्रम निमार्णको अवस्था के कस्तो छ ?

ख) प्राथमिक तहमा स्थानीय पाठ्यक्रम निर्माणमा के कस्ता समस्याहरु छन् ?

ग) प्राथमिक तहमा स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा आउने समस्या समाधानका उपाए के के हुन ?

## १.६ अध्ययनको परिसीमा

सीमित स्रोत, साधन र समयका कारण यसको क्षेत्र सानो भएकाले यस अध्ययनलाई पूरा गर्न ४ वटा सामूदायीक विद्यालय छनौट गरिएको छ । विद्यालयले नेपालको प्राथमिक तहको प्रतिनीधित्व गर्नुपर्ने तथा यस अध्ययनको विश्वसनियता र वैधता समेत गणितिय रुपमा परीक्षण नगरिने भएकाले यसका निश्कर्षहरुलाई अक्षरस अन्यत्र सामान्यीकरण गर्न सकिदैँन।

परिमार्जित प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ मा स्थानीय विषय (स्थानीय तहबाट छनौट हुने एक विषय) १००%, सामाजिक अध्ययन अन्तर्गत २०%, शारीरिक शिक्षा अन्तर्गत २०% र सिर्जनात्मक कला अन्तर्गत २०% अंशको विषयवस्तुको निर्धारण गरेको छ । ती सबै क्षेत्रहरुलाई यस अध्ययनमा समेट्न नसक्ने हुनाले १००% को स्थानीय विषयको पाठ्यक्रमलाई सिमित गरी अध्ययन गरिएको छ ।

यस अध्ययनमा धनकुटा जिल्लाको चुलाचुली स्रोतकेन्द्र अन्तरगतका ४ वटा विद्यालयलाई छनौट गरी प्राथमिक तहमा स्थानीय पाठ्यक्रम व्यवस्थापन अन्तर्गत स्थानीय पाठ्यक्रमको निर्माणको अवस्था र यसका प्रयोगका क्रममा आउने समस्या र त्यसका समाधानका उपाएको विश्लेषण गरिएको छ ।

शिक्षण सिकाइको आधार भनेको प्राथमिक तह नै भएकोले र स्थानीय पाठ्यक्रम प्राथमिक तह देखिनै निर्माण गर्नुपर्ने व्यवस्था भएकोले प्राथमिक तहमा स्थानीय पाठ्यक्रम व्यवस्थापनको अवस्था कस्तो रहेको छ भने पहिचान गर्न र यस सँग सम्बन्धीत धेरै साहित्यहरु भएता पनि यो अध्ययन निश्चित स्थानहरुमा वा सानो क्षेत्रमा मात्र अध्ययन सिमित भएकाले अक्षरस अन्यत्र सामान्नीकरण गर्न नसक्ने भएकोले सिमित साहित्यहरुको मात्र अध्ययन गरिएको छ ।

# परिच्छेद दुई :सम्बन्धित साहित्यको पुनरावलोकन र अध्ययनको सैद्धान्तिक ढाँचा

अनुसन्धान प्रस्तावनामा अध्ययन क्षेत्रसँग सम्बन्धित साहित्यहरुको पुनरावलोकन गरि तिनीहरुलाई तथ्यपूर्ण र सिलसिलेवार पूर्वक प्रस्तुत गर्ने गरिन्छ । अनुसन्धान नयाँ होस, नदोहोरियोस् भन्नका लागि साहित्यको पुनरावलोकन गरिन्छ । यसका अतिरिक्त समस्यालाई स्पष्ट पार्न, अध्ययन विधिलाई सुधार गर्न तथा अनुसन्धान कर्ताको सम्बन्धित विषयको ज्ञानको क्षेत्रलाई फराकिलो पार्न समेत साहित्यको पुनरावलोकनले सहयोग पुऱ्याउँछ । यो एक निरन्तर प्रक्रिया हो । यद्यपी अनुसन्धान कर्ताले प्रस्तावना लेखन गर्नु अगाडी नै अधिकांस साहित्यहरुको पुनरावोलकन गरी निश्कर्षमा पुग्न जरुरी हुन्छ । सम्बन्धित साहित्यको पुनरावलोकन भन्नाले अनुसन्धान गरिने विषयवस्तुको सन्दर्भमा पूर्व प्रतिपादित ज्ञानको पुनरावलोकन हो । यस अन्तर्गत सम्बन्धित विषयवस्तु सम्बन्धीत लेख रचना तथा सोधपत्रहरुको अध्ययन गर्ने गरिन्छ । त्यसलाई निश्चित प्रकारको सैद्धान्तिक ढाँचामा आवद्ध गर्ने गरिन्छ । यसले अनुसन्धान कर्तालाई आफ्नो अध्ययनको क्षेत्र विषयवस्तुलाई सिमित गर्न तथा अध्ययनलाई अझ विशिष्ट ढंगबाट प्रस्तुत गर्न सहयोग गर्दछ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

स्थानीय पाठ्यक्रमसँग सम्बन्धित यस अध्ययनका लागि निम्न शोधपत्र, पुस्तक, लेखहरुको अध्ययन र पुनरावलोकन गरिएकोछ ।

उपाध्यय (२०६५) ले शैक्षिक योजना तथा व्यवस्थापन समाजबाट प्रकाशित EPMAN जर्नल अन्तरगत शैक्षिक विकेन्द्रीकरणको आवश्यकता र समस्या सम्बन्धि लेखमा उनले शैक्षिक योजना केन्द्रीय नीति, नियम तथा निर्देशन अनुसार संचालिन हुनुलाई प्रशासनिक केन्द्रीकरण आर्थिक अधिकार कार्यान्वयनको अधिकार, निर्णयको अधिकार तथा उत्पादन एवं उपयोगको अधिकार स्थानीय स्तरमा हस्तान्तरित भई केन्द्रीय अधिकार प्रत्यायोजित हुनु विकेन्द्रीकरण हो । नेपालको सन्दर्भमा सम्पूर्ण शैक्षिक नीति, नियम तथा योजना केन्द्रीय रुपमा बनी स्थानीय स्तरमा कार्यान्वयन गर्नु पर्दा स्थानीय स्रोत, साधनहरुको उचित परिचालन हुन नसक्ने र त्यस्ता योजनाले स्थानीय आवश्यकता र जनआकांक्षालाई सम्बोधन गर्न समेत नसक्ने कारण शैक्षिक क्षेत्रमा सरोकारवालाहरुको न्युन सहभागिताले शैक्षिक गुणस्तरमा समेत नकारात्मक प्रभाव पारेको यथार्थता रहेको छ । शिक्षाको खस्कदो गुणस्तरलाई मध्यनजर गर्दै गुणस्तर वृद्धि गर्न अनि स्थानीय

आवश्यकता र जनचाहनालाई सम्बोधन गर्न, स्थानीय स्रोत साधनको अधिकतम परिचालन गर्न सरोकारवालाहरुको सहभागिता वृद्धि गर्नुपर्ने हुन्छ जसका लागि शैक्षिक विकेन्द्रीकरण एउटा कोसेढुङ्गा हुने कुरामा जोड दिएको पाइन्छ ।

देशमा विद्यमान रहेको केन्द्रीकृत शासन प्रणाली एवं केन्द्रीकृत शैक्षिक प्रणालीले शैक्षिक क्षेत्रमा न्याय दिन नसकेको अवस्थामा शैक्षिक विकेन्द्रीकरणको आवश्यकता र समस्या वर्तमान अवस्थामा राज्यको स्वरुप निर्धारण गर्न तथा शैक्षिक नीति, नियम तर्जुमा गरी शैक्षिक विकेन्द्रीकरणका लागि महत्वपूर्ण योगदान गर्न सक्छ । शैक्षिक विकेन्द्रीकरणले भौगोलिक, क्षेत्रिय, जातिय, भाषिक, लैङ्गिक, वर्गिय जस्ता पक्षहरुलाई न्याय प्रदान गर्न सक्छ भन्ने तर्क प्रस्तुत गरेको छ ।

शैक्षिक विकेन्द्रीकरणले स्थानीय स्रोत, साधन र मानव संसाधनलाई स्थानीय रुपमा परिचालन र खपत गर्ने तर्फ जोड दिएको पाइन्छ । शैक्षिक केन्द्रिकरणका कारण स्थानीय रुपमा परिचालन र खपत गर्ने तर्फ जोड दिएको पाइन्छ । शैक्षिक केन्द्रीकरणका कारण स्थानीय स्तरमा सरोकारवालाहरुको कम चासो र न्युन सहभागिताका कारण विद्यालय व्यवस्थापन र परिचालन गर्न जटिल भएको अवस्थामा शैक्षिक विकेन्द्रीकरणले विद्यालय क्षेत्रमा सरोकारवालाहरुको चासो वृद्धि हुने र सहभागिता बढाउन सकिने हुनाले विकेन्द्रीकरणले शैक्षिक गुणस्तर बढाउन सहयोग गर्ने तर्फ जोड दिएको छ ।

शैक्षिक विकेन्द्रीकरणमा खर्चको उत्तरदायित्व, राजस्व संकलनको जिम्मेवारी, अन्तरनिकाय वित्तिय हस्तान्तरण, ऋण लिने व्यवस्थामा स्वतन्त्रता हुने हुनाले आर्थिक तथा वित्तिय स्वतन्त्रता स्थानीय तहलाई दिनुपर्नेमा जोड दिएको पाइन्छ । स्थानीय भौगोलिक सिमाभित्र रहेका जनताहरुको आवश्यकता, चाहना एवं शैक्षिक चेतानालाई समेटी उनिहरुकै सहभागितामा उनिहरुको हित र समुन्नतिका लागि स्थानीय स्तरमा शैक्षिक विकेन्द्रीकरण गरिने हुनाले कार्यान्वयन, उत्पादन र उपभोग सहभागिताको आवश्यकता हुने तर्फ जोड दिनुपर्छ । शैक्षिक विकेन्द्रीकरणले देशका विभिन्न क्षेत्र, भुगोल, जातजाती, भाषाभाषी, धर्म, लिङ्ग वर्ण समुह एवंम् समुदायलाई शैक्षिक न्याय दिन सक्ने भएतापनि सामाजिक संरचना, देशको केन्द्रीकरणमा समस्या हुने तर्फ जोड दिएको पाइयो ।

शिक्षामा समावेशीकरण, सामाजिक समावेशीकरण तथा समावेशी प्रजातन्त्रमा समान तवरबाट नीति नियम, निर्देश तयार तथा कार्यान्वयन हुने हुँदा सामाजिक समावेशीकरण तथा समावेशी प्रजातन्त्रमा समाहित गर्न गाह्रो पर्ने कुरामा जोड दिइने हुनाले शैक्षिक विकेन्द्रीकरणमा व्यक्ति विशेषको बाहुल्यता हुन गएको पाइन्छ । स्थानीय स्तरमा भएको स्रोत साधन, जनशक्ति र शक्ति

पृथकीकरण वा प्रत्यायोजित अधिकार बीच सन्तुलन नहुन सक्छ । जसले जनशक्ति तथा स्रोतसाधनको प्रत्यायोजित अधिकारको दुरुपयोग हुनसक्ने हुनाले दक्ष जनशक्ती र प्रत्यायोजित अधिकार माथि तालमेल नभएमा विकेन्द्रीकरणको प्रभाव नकारात्मक हुने, शैक्षिक विकेन्द्रीकरणका काम कार्यविधीहरु पारदर्शी नहुनाले समस्या आउने, स्थानीय तहका कार्यान्वयन कर्ता अनुशासन हीन भएमा विकेन्द्रीकरणको प्रभावकारी सेवा, सुविधा र सदुपयोग राम्रो हुन सक्दैन । स्थानयि आवश्यकता र चाहनालाई जोड दिइने हुनाले विश्वव्यापिकरणको प्रभावबाट टाढा रहन सक्दछ । त्यसकारण वैज्ञानिक प्रविधिलाई केन्द्रीकृत माध्यमबाट सदुपयोग नगर्ने हो भने समयअनुसार स्थानीय विकासको गति ढिलो हुने सम्भावना तर्फ सचेत गर्नुपर्ने हुनाले विकेन्द्रीकरणलाई थिङ्क ग्लोवल्ली एक्ट लोकल्लीमा जोड दिएमा यसको प्रभावकारिता सकारात्मक हुनेतर्फ जोड दिएको पाइयो ।

विकेन्द्रीकरणमा शैक्षिक विकेन्द्रीकरण गर्दा आइपर्ने समस्याहरु समेत उल्लेख गरी विकेन्द्रीकरणका प्रक्रियाााामा आइपर्ने सवल र दुर्वल पक्षहरुलाई मध्यनजर गर्दै राष्ट्रको शैक्षिक नीतिलाई शैक्षिक विकेन्द्रीकरण गर्न या महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने देखिने कुरामा जोड दिएको पाइन्छ । शैक्षिक विकेन्द्रीकरणका अवधारणाले स्थानीय समूदायमा विद्यालय हस्तान्तरण गरी आर्थिक, सामाजिक र न्यायिक कार्यान्वयनयित अधिकार एवंम् स्थानीय स्वायतता प्रदान गर्दा निर्णय प्रक्रियामा प्रभावकारीता, सुनिश्चितता, स्थानीय समस्यालाई संवोधन, स्थानीय स्रोत र साधनको अधिकतम प्रयोग, समानुपातिक एवम् न्यायोचित वितरण, शशक्तिकरण, शुशासन, नागरीक समाजको संस्थागत विकास दिगो जनमूखी विकासको आधारशीला, समावेशीकरण जस्ता पक्षहरुको प्रक्रियामा सहयोग पुग्ने हुनाले शैक्षिक विकेन्द्रीकरण नयाँ नेपाल एवम् राज्यको पूनसंरचनाका लागि समेत महत्वपूर्ण र अत्यन्तै सान्दर्भिक देखिन्छ ।

काफ्ले, सिन्हा, कारञ्जित, ढकाल, (२०६७) द्वारा सनलाइट पब्लिकेशनबाट प्रकाशीत शैक्षिक योजना पुस्तकमा विकेन्द्रीकरण, स्थानीयकरण शीर्षकमा विकेन्द्रीकरण भन्नाले केन्द्र भन्दा बाहिर भन्ने समान्य अर्थमा बुझिन्छ । विकेन्द्रीकरणलाई सामान्यतया बजारीकरण अर्थात बजारको आवश्यकतानुसारको मानवीय संसोधनको तर्जुमा, केन्द्रमा थुप्रिएर रहने प्रवृत्तिका विरुद्ध केन्द्रमा बनाइएका नीती नियमलाई केन्द्रभन्दा बाहिर, शासकिय सत्ता जनताको हातमा जनता नै सर्वोपरी शक्तिको रुपमा परिचालित हुने प्रक्रिया आफ्नो अधिकार तथा कर्तव्यको वोध सृजना भई आवश्यकतालाई आफैँले पूरा गर्ने, नियम कानुनदेखि लिएर सामाजिक मूल्य-मान्यता तथा विश्वासलाई सांस्कृतिक पक्षका आधारमा सन्तुलन गरी स्थानीय रुपमा योजनाको तर्जुमा र त्यसको

कार्यान्वयन गर्नुपर्छ भन्ने अर्थमा लिन सकिन्छ । सामान्यतः विकेन्द्रीकरणमा सुक्ष्म योजना को निर्माण कार्य क्षेत्रमा नै रहेर त्यहाँको आवश्यकताको पहिचान हुने र समस्यालाई नजिकबाट बुझ्न सकिने तथा समाधानका उपायहरु सहित त्यसलाई निराकरण गर्ने प्रमुख आधारहरुको सृजना भएको हुन्छ । अर्कोतिर केन्द्रबाट प्राप्त बजेट वा सहयोगलाई स्थानीय आवश्यकतामा परिणत गरी त्यसको कार्यान्वयनका सम्पूर्ण पक्षहरुको लेखाजोखा समेत व्यापक सहभागितामा गरिन्छ ।

केन्द्रीकृत र विकेन्द्रीकृत दुवै योजनाले कार्यान्वयनको पाटो समात्ने भएकाले राष्ट्रिय तथा स्थानीय आवश्यकताको साथै अन्तरराष्ट्रिय माग समेतको ध्यानमा योजनाको निर्माण गरिन्छ। विकेन्द्रीकरणले यिनै सवालमा ध्यान दिँदै स्थानीय आवश्यकताले अन्तरराष्ट्रिय मागलाई एकिकृत गरी स्थानीय व्यक्तिहरुको सहभागितामा समेत योजनाको तर्जुमा, कार्यान्वयन देखि लिएर त्यसको लेखाजोखा गर्ने जिम्मेवारी दिएको हुन्छ ।

अन्तर्राष्ट्रिय रुपमा विश्ववजारको अवधारणा, आर्थीक, राजनीतिक तथा प्राविधिक पक्षहरुले गर्दा मानिसलाई कुनै पनि विषयहरुका बारेमा चुनौतिहरुका साथै अवसरहरु प्राप्त भएका छन् । यी विविधलाई चुनौति वा अवसरहरु रुपमा पैदा गराउने माध्यम भनेको नै सुचनाप्रविधी हो । यसैको माध्यमबाट नै व्यक्तिमा ज्ञान, सीप तथा प्रविधि अवगत हुन्छ भने अर्कोतिर नयाँ चिन्तनको विकास हुन गई आफ्नो जीवनशैलिमा परिवर्तन समेत ल्याउन सक्छ । स्थायीकरण भनेको आफ्नै समाज, संस्कृति, धर्म परम्परा तथा विस्वासहरुलाई कायम राख्दै भुमण्डलीकृत विश्वमा भएका विकास तथा सुचना प्रविधिलाई अङ्गीकार गर्दै त्यसलाई आफ्नो समाज अनुकुल गराई सोही अनुरुप आफू वा आफ्नो संस्थालाई विकास र प्रविधिलाई स्थानीयतामा रुपान्तरण गराउनु हो ।

स्थानीयकृत भनेको आवासहीन भई घुमन्ते जीवनको रुपमा हेरिने भएकाले स्थानीयकरणको तात्पर्य विज्ञान, प्रविधी तथा सूचनालाई हुवहु नक्कल नगरी त्यसको सकारात्मक पक्षलाई लिने, केन्द्रबाट प्राप्त नीति निर्देशन तथा बजेटलाई स्थानीय आश्यकतामा परिणत गरी स्थानीय प्राकृतिक स्रोतलाई र स्थानीय रुपमा उपलब्ध मानवीय संसाधनलाई सही र उपयुक्त रुपमा परिचालन गरी योजनागत आवश्यकतालाई पूरा गर्नु भन्ने अर्थमा लिनुपर्छ । स्थानीयकरणको सम्बन्ध भूमण्डलीकरणसँग पनि भएका, सुचना प्रविधिको आधारमा ज्ञान, सीप र प्रविधिलाई स्थानीय रुपमा प्रयोगमा ल्याउनुपर्ने आवश्यकता भएकोले स्थानीयकरणको अर्को अर्थ भूस्थानीयकरण हो र भूमण्डलीकरणको प्रभाव हुँदाहुँदै पनि शिक्षा योजनालाई स्थानीय आवश्यकतामा परिणत गर्नुपर्छ भन्ने नै हो ।

ज.व.रा. तथा साथीहरु, (२०६९) द्वारा पिनाकल पब्लिकेसन प्रा.लि.बाट प्रकासीत पाठ्यक्रमका अभ्यासहरु शीर्षकमा स्थानीय पाठ्यक्रमलाई स्वायत शासन र स्थानीय आवश्यकतामा आधारित

पाठ्यक्रम भनिन्छ । केन्द्रीकृत अवस्थामा रहिरहेको पाठ्यक्रमलाई विकेन्द्रीकृत गरी स्थानीय निकायलाई दिइएको स्वायतताको नमुना स्थानीय पाठ्यक्रम हो । नेपालमा स्थानीय पाठ्यक्रमको निर्माण तथा कार्यान्वयनको बारेमा नीतिगत स्पष्टता भए तापनि स्थानीय तहमा पाठ्यक्रम निर्माण र कार्यान्वयनको अवस्था भने ज्यादै कमजोर छ । यसरी उक्त पाठ्यक्रम सम्बन्धमा केही नीतिगत आधार भए पनि त्यसको निर्माण तथा उपभोग गर्नसक्ने सक्षम र सवल जनशक्तिको अभाव नै रहेको छ । देशको भौगोलिक विविधतासँग समाजको आर्थिक, शैक्षिक तथा सामाजिक संरचना पनि फरक-फरक रहेको छ । कतिपय ठाउँमा दक्ष, योग्य जनशक्तिको अभावमा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन हुन सकेको छैन भने कतिपय ठाउँमा यसको निर्माण तथा कार्यान्वयन प्रभावकारी ढङ्गबाट भई यसबाट केही फाइदा पनि भएको छ । स्थानीय पाठ्यक्रमको अभ्यास नयाँ रहेकोले स्थानीय पाठ्यक्रम निर्माणमा प्रशस्त चुनौतिहरु पनि रहेका छन् ।

उक्त शीर्षकमा नै लेखकहरु स्थानीय पाठ्यक्रम निर्माणका चुनौतिहरुका सम्बन्धमा अगाडी लेख्दछन् , संस्थागत सम्पन्न र सक्षमताको विकास नहुनु, स्थानीय निकायको सक्रियतामा कमी, राजनीतिक प्रतिवद्धताको अभाव, योग्य र दक्ष जनशक्तिको अभाव, बढ्दो विश्वप्यापीकरण र अङ्ग्रेजी भाषाप्रतिको बढ्दो मोह, स्थानीय जनसरोकारवालाहरुको चासोको कमि, स्थानीय आवश्यकतामा भाषिक, जातिय र सांस्कृतिक विविधता, समुदायको माग, आवश्यकता तथा पेशा र व्यवसायमा विविधता स्थानीय पाठ्यक्रमको निर्माण र विकासमा चुनौतिहरु रहेका छन् ।

शर्मा एण्ड शर्मा, (२०६६) द्वारा एम.के. पब्लिसर्स एण्ड डिस्ट्रव्युटर्सबाट प्रकाशित पाठ्यक्रम र मूल्यांकन पुस्तकमा स्थानीय पाठ्यक्रमको अवधारणा शीर्षकमा बालबालिकाले विभिन्न किसिमका ज्ञान सीप र अनुभवहरु प्रदान गर्ने विस्तृत खाकालाई पाठ्यक्रम भनिन्छ । बालबालिकाहरुलाई प्रदान गरिने अनुभवहरु अन्तराष्ट्रिय, राष्ट्रिय र स्थानीय स्तरका हुने गर्दछन् । अतः बालबालिकाहरुलाई स्थानीय स्तरका ज्ञान सीप र अनुभवहरु प्रदान गर्न स्थानीय स्तरबाट (विद्यालय स्तरबाट) तयार गरिएको विस्तृत शैक्षिक खाकाालई स्थानीय पाठ्यक्रम भनिन्छ ।

पाठ्यक्रमको उद्देश्य, लक्ष्य, विषयवस्तु, शिक्षण विधी, शैक्षिक स्रोतहरु, शैक्षिक उपलब्धी मूल्याङ्कन प्रक्रिया समेतको लिखित खाका हो । पाठ्यक्रमले व्यवहारिक र वैज्ञानिक पक्षमा जोड दिनुपर्दछ । अहिलेको शिक्षा प्रयोगात्मक, व्यवहारिक, कार्यमूलक, वैज्ञानिक हुनुपर्दछ भन्ने उद्देश्यबाट प्रेरित भई स्थानीय स्तरको ज्ञान, सीपमा आधारित विषयवस्तुको विस्तृतीकरण स्थानीय पाठ्यक्रम हो । स्थानीय पाठ्यक्रम, स्थानीय आवश्यकतामा आधारित हुन्छ स्थानीय चाहानाअनुरुपको हुन्छ, स्थानीय विकासका उद्देश्यले प्रेरित हुन्छ र स्थानीय निकायद्वारा निर्मित हुन्छ ।

केन्द्रिय पाठ्यक्रम केन्द्रिय निकायद्वारा निर्मित हुन्छ र यसले राष्ट्रिय आवश्यकतालाई समेटेको हुन्छ । अर्थात केन्द्रिय पाठ्यक्रमले स्थानीय आवश्यकता र चाहनालाई पूर्ण रुपमा समेटेको हुँदैन । अंतः स्थानीय व्यक्तिहरुका (सरोकारवालाहरुका) आवश्यकता, चाहना र मागहरुमा आधरित, स्थानीय व्यक्तिहरुका सहभागितामा निर्मित, विद्यालय आँफैले बनाएर, आँफैले कार्यान्वयन गर्ने पाठ्यक्रम स्थानीय पाठ्यक्रम हो ।

उक्त शीर्षकमा नै लेखकहरु स्थानीय पाठ्यक्रमको अवधारणामा अगाडी लेख्दछन् स्थानीय पाठ्यक्रम स्थानीय तहमा नै निर्माण गरिन्छ । यसले स्थानीय ज्ञान र सीप विकासलाई जोड दिन्छ । स्थानीय विषयहरुको छनौट गरी विद्यार्थीहरुलाई ती विषयमा ज्ञान, सीप प्रदान गर्नु यस पाठ्यक्रमको उद्देश्य हो । यस प्रक्रियाले विद्यार्थीमा काम गर्ने बानीको विकास हुने, आत्मनिर्भरता बढाउने, शिक्षण सिकाइ कार्यमूलक र उत्पादनमूलक हुने तथा स्थानीय विकासमा जोड दिने विश्वास गरिन्छ ।

यी माथी उल्लेख गरिएका सन्दर्भका आधारमा हेर्ने हो भने स्थानीय तहमा शिक्षाको पहुँच अभिवृद्धि गर्न, शिक्षाको विकासमा स्थानीय तहलाई जिम्वेवार र उत्तरदायी बनाई गुणस्तरीयता शिक्षाको विकास गर्न, स्थानीय ठाउँको प्रचार गर्न, कलाकौशल, पेशा, व्यापार व्यवसायको विकास गर्न, स्थानीय ठाउँमा रहेका ऐतिहासिक र पुरातात्विक महत्वपूर्ण वस्तुहरुको विकास गर्न र शिक्षालाई व्यवहारीक र प्रयोगात्मक बनाउन स्थानीय पाठ्यक्रमको महत्व आजको सन्दर्भमा बढेको पाइन्छ ।

(वराल, २०६६) ले पाठ्यकम विकास केन्द्रबाट प्रकाशित शिक्षा पत्रिकामा स्थानीय पाठ्यकमको व्यावहारिक प्रयोगमा आईपरेका समस्या र समाधान सम्बन्धि अध्ययनमा स्थानीय पाठ्यकम प्रयोगमा देखा परेका समस्याहरुमा स्थानीय तहमा स्थानीय पाठ्यकम निर्माण गर्नसक्ने खालको जनशक्ति नहुनु, स्थानीय तहमा पाठ्यकम विकास, निर्माण एवम् कार्यान्वयन गर्ने संस्थागत संयन्त्रको निर्माण हुन नसक्नु स्थानीय तहमा पाठ्यकम विकास, निर्माण एवम् कार्यान्वयनका लागि आवश्यक बजेट नहुनु, स्थानीय तहमा पाठ्यकम विकास, निर्माण एवम् कार्यान्वयनमा आन्तरीक तयारी र तत्परताको अभाव हुनु, स्थानीय आवश्यकतामा आधारित पाठ्यकम विकास एवम् निर्माण सम्बन्धमा शिक्षक, प्रधानाध्यापक, वि.ब्य.स लगायतका सरोकारवालाहरुको क्षमता बृद्धी हुन नसक्नु, स्थानीय तहमा पाठ्यक्रम निर्माण र कार्यान्वयन सम्बन्धित हाल उपलब्ध गराइएको तालिम र स्रोत साधन अपर्याप्त हुनु, स्थानीय पाठ्यक्रममा समावेश गर्नुपर्ने क्षेत्रका विज्ञ वा स्रोत व्यक्तिहरु उपलब्ध नहुनु, स्रोतकेन्द्र र जिल्ला शिक्षा कार्यालयको स्थानीय पाठ्यक्रम विकास तथा निर्माण गर्ने क्षमता बृद्धि नहुनु, स्रोतकेन्द्र र जिल्ला शिक्षा कार्यालयले स्थानीय पाठ्यक्रम विकास तथा निर्माण कार्यान्वयनमा समन्वय नगर्नु, स्थानीय निकायमा स्थानीय पाठ्यक्रम सम्बन्धित जानकारी भएका पदाधिकारीको अभाव हुनु, पाठ्यक्रम

विकास केन्द्रले एउटै तहको पाठ्यक्रम निर्माण गर्दा पनि पटके पाठ्यक्रम निर्माण गरी दिँदा स्थानीय तहमा पाठ्यक्रम निर्माणमा कठिनाई हुनु, निर्माण भएका स्थानीय पाठ्यक्रमको कार्यान्वयनमा आवश्यक प्राविधिक सहयोग, सेवा टेवा दिन नसक्नु, नीतिगत अन्यौलता रहनु जस्ता समस्याहरु नेपालको सामुदायिक विद्यालयमा रहेको तथ्य उल्लेख गरेका छन् ।

यी माथिका समस्याहरुलई समाधान गर्न उनले स्थानीय तहमा स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी तालिम संचालन गरिनुपर्ने, स्थानीय तहमा विद्यालय शिक्षक, स्रोतव्यक्तिहरु र अन्य क्षेत्रका व्यक्तिहरुलाई पाठ्यक्रम निर्माणसम्बन्धमा आवश्यक कार्यक्रम संचालन गरी सक्षम बनाइनु पर्ने, स्थानीय तहमा विशेष गरी स्थानीय निकाय पाठ्यक्रम विकास, निर्माण एवम् कार्यान्वयन गर्नका लागि संस्थागत संयन्त्रको निर्माण गरिनु पर्ने, स्थानीय तहमा पाठ्यक्रम विकास, निर्माण एवम् कार्यान्वयनका लागि आवश्यक बजेट व्यवस्था गरिनुपर्ने, स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम विकास एवम् निर्माण सम्बन्धमा शिक्षक, प्रधानाध्यापक, वि.व्य.स.लगायत सरोकारवालाहरुको क्षमता बृद्धि गरिनुपर्ने, स्थानीय पाठ्यक्रममा समावेश गर्नुपर्ने क्षेत्रका विज्ञ वा स्रोतव्यक्तिहरु उपलब्ध गराउनुपर्ने, स्रोतकेन्द्र र जिल्ला शिक्षा कार्यालयको स्थानीय पाठ्यक्रम विकास तथा निर्माण गर्ने क्षमता बृद्धि गरिनुपर्ने, स्थानीय निकायमा स्थानीय पाठ्यक्रम सम्बन्धी जानकारी सम्बन्धित पदाधिकारीहरुलाई गराउनुपर्ने, पाठ्यक्रम विकास केन्द्रले एउटै तहको पाठ्यक्रम निर्माण गर्दा एकै पटकमा निर्माण गर्नुपर्ने, निर्माण भएका स्थानीय पाठ्यक्रमको कार्यान्वयनमा आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनुपर्ने, नीतिगत अन्यौलता हटाउनुपर्ने तर्फ जोड दिएको पाइन्छ ।

## २.२ अध्ययनको सैद्धान्तिक ढाँचा

यो अध्ययनको शीर्षक प्राथमिक तहमा स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग भएको हुनाले स्थानीय पाठ्यक्रम निर्माण, कार्यान्वयन र विकाससँग सम्बन्धित सिद्धान्तहरुलाई आधार मानी अध्ययनलाई अघि बढाइएको छ ।

### विकेन्द्रीकरणको अवधारणा

विश्व बैंक (१९८५) ले विश्वका विभिन्न योजनाहरुको संरचनागत सुधार उपागमको अवधारणा अगाडी सारेपछि नेपालमा वि.सं २०५५ को स्थानीय स्वायत्त शासन ऐन पश्चात विकेन्द्रीकरणको शुरुवात भएको पाइन्छ । शिक्षा क्षेत्रमा आधारभूत प्राथमिक शिक्षा परियोजनाले विकेन्द्रीकरणलाई कार्यरुपमा ल्याएको हो । हाल जिल्ला शिक्षा योजना, गाउँ शिक्षा योजना, विद्यालय सुधार योजना यसका उदाहरण हुन् (अर्याल, २०६६) ।

शैक्षिक योजना केन्द्रीय नीती, नियम तथा निर्देशन अनुसार संचालित हुनुलाई प्रशासनिक विकेन्द्रीकरण भनिन्छ भने आर्थिक अधिकार कार्यान्वयनको अधिकार निर्णयको अधिकार तथा उत्पादन एवम् उपयोगको अधिकार स्थानीय स्तरमा हस्तान्तरित भई केन्द्रीय अधिकार प्रत्यायोजित हुनु विकेन्द्रीकरण हो (उपाध्याय, २०६५) ।

शैक्षिक व्यवस्थापनको कार्यलाई व्यवस्थित रुपमा स्थनीयस्तरसम्म पुऱ्याउने कार्य नै शैक्षिक विकेन्द्रीकरण हो । यसका शैक्षिक प्रशासनको शासकीय अधिकार जवाफदेहिता र जिम्मेवारीलाई स्रोत साधन सहीत जनताको साथमा स्थानीय स्तरबाटै व्यवस्थापन गर्ने नीतिगत कार्य गरिन्छ । यो लोकतान्त्रिक शासन व्यवस्थाको मुख्य आधार भएकाले शैक्षिक क्रियाकलाप व्यवस्थापनमा जनतालाई सर्वोपरी बनाउँछ ।

विकेन्द्रीकरणको प्रमुख सिद्धान्त अनुदानको सिद्धान्तले जनतालाई सर्वोपरी ठानी कार्य व्यवस्थापन गर्ने भएकाले शैक्षिक व्यवस्थापनमा पनि यही सिद्धान्तको प्रमुखता पाइन्छ ।

अधिकार प्रत्यायोजन यो अवस्थामा कर्मचारीतन्त्रको माथिल्लो निकाय आफुमा रहेको अधिकार तल्लो निकायमा प्रत्यायोजन गरेको हुन्छ तर प्रत्यायोजित अधिकार प्रत्यायोजन गर्ने अधिकारीले कुनै पनि बेला झिक्न सक्छ ।

विकेन्द्रीकरण यो अवस्थामा एउटा संगठन भित्रको जिममेवारी दिइएको हुन्छ तर अधिकार सबै केन्द्रमा रहन्छ । केन्द्रले कुनैपनि समयमा सो अधिकार फिर्ता लिन सक्छ । साथै निर्णय गर्दा माथिल्लो अधिकारीको मुख ताक्नु पर्ने अवस्था रहन्छ ।

निक्षेपण विकेन्द्रीकरणको सबैभन्दा उत्तम अवस्था हो । जसमा संस्थाहरुलाई निर्णयको अधिकार कानुनद्वारा नै व्यवस्थित गरिएको हुन्छ । यस्तो अवस्थामा अधिकार प्राप्त निकाय वा संस्था वा अधिकारीले निर्णय गर्दा माथिल्लो निकायको मुख ताक्नु पर्दैन । स्वतन्त्र रुपले काम गर्न पाउँछ । जस्तै : गा.वि.स.लाई स्थानीय कर लगाउने अधिकार तोक्नु ।

शैक्षिक विकेन्द्रीकरणका विधी अनुसार तल्लो निकायको स्वरुप निर्धारण उपागम यसमा शिक्षाका बीचका संरचनात्मक तहहरु हटाई वित्तिय तथा मानवीय साधनहरु प्रत्यक्ष रुपमा तल्लो निकाय, स्थानीय शासनबाट विद्यालयलाई उपलब्ध गराइन्छ । स्पेन र थाइल्याण्डमा यस्तो प्रकारको उपागम लागु छ ।

स्थानीय शासन सशक्तीकरण विधी बजेट तयार गर्ने, खर्च गर्ने, स्टाफ भर्ना तथा शैक्षिक विषयवस्तु निर्धारण गर्ने, पाठ्यक्रम निर्धारण गर्ने, विद्यार्थी मूल्याङ्कन गर्ने, छनोट गर्ने अधिकार स्थानीय स्तरमा हस्तान्तरण गरिन्छ ।

विद्यालयमा आधारित व्यवस्थापन विधी विद्यालयको स्वायत्तता, निर्णय गर्ने अधिकार शिक्षक, अभिभावक तथा समुदायको नेतृत्वकर्ताहरुलाई हुने गर्दछ । सिकागो र न्यूजिल्याण्डमा यो अभ्यास भइरहेको छ ।

समुदाय वित्तिय विधी यस विधीमा सरकार र समुदायबीच लागत सहभागितामा वित्तिय प्रणाली लागु हुन्छ । शिक्षक, कर्मचारीको तलब भत्ता, नियमित खर्च सरकारले र पुँजीगत खर्च जस्तै : भौतिक साधन भूमि, भवन, फर्निचर तथा अन्य सामग्री सम्बन्धित खर्च समुदायले बेर्होदछ । एशियाली तथा विकासिल मुलुकहरुले यो उपागम अपनाएको देखिन्छ । नेपालमा पनि सार्वजानिक र नीजि साझेदारीको अवधारणा अपनाएको छ ।

मागमा आधारित वित्तिय विधी मागका आधारमा सरकार र स्थानीय निकायले विद्यार्थी ऋण तथा लक्षित समूहको पहुँचका आधारमा आर्थिक अनुदान दिन्छ । यो विधीले विद्यार्थीलाई पहुँच तथा गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्दछ ।

पाठ्यक्रम सुधारको अवधारणा स्थानीय निकाय वा विद्यालयलाई पाठ्यक्रम सुधार गर्ने अवसर प्राप्त हुन्छ । केही मात्रामा भएपनि स्थानीय र क्षेत्रीय आवश्यकता अनुसार प्राज्ञिक कार्यक्रम संचालन गर्ने अधिकार प्राप्त हुन्छ । यो सुधारको खास उद्देश्य पाठ्यक्रम, शिक्षण तथा विद्यार्थीको तत्परता समुदायको आवश्यकता अनुसारका मूल्याङ्कन पद्धती मार्फत सबै विद्यार्थीहरुमा गुणस्तर र समानता कायम गरिन्छ (कोइराला र श्रेष्ठ २०६६) ।

स्थानीय पाठ्यक्रमको निर्माण, विकास र कार्यान्वयन शैक्षिक विकेन्द्रीकरणको नीति अर्न्तगत हुने भएकाले यस अध्ययनलाई अध्ययन तथा विश्लेषण गर्न विकेन्द्रीकरणको सिद्धान्तलाई अवलम्बन गरिएको छ ।

शिक्षा क्षेत्रमा विकेन्द्रीकरणले कोशेढुङ्गाको रुपमा काम गरेको देखिन्छ । शिक्षामा शैक्षिक अवसरहरुको विस्तार गर्न विकेन्द्रीकरणले महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । यसै धारणा अर्न्तगत सबैका लागि शिक्षाका नाराले शिक्षाका अवसरहरुमा व्यापकता पाएको हो । शिक्षा क्षेत्रमा विद्यार्थीहरुका विविध चाहना र शैक्षिक पद्धतीको विविधता अनुसार व्यवस्थापन गर्न, शैक्षिक प्रणालीमा रहेको जटिलताहरु

तोड्न, शिक्षा क्षेत्रमा अभिभावकहरुको इच्छा र चाहनाहरुको परिपूर्ति गर्न, केन्द्रीय तहबाट सम्प्रेषण हुने संचार प्रवाह ढिलो हुने हुनाले यस्ता संचारका समस्याहरुको समाधान गर्न, विश्व हाल विश्वव्यापिकरणका कारण विश्वभरिनै विभिन्न शैक्षिक कार्यक्रमहरु संचालन भइरहेको त्यस्ता कार्यक्रमहरुमा प्रतिवद्धता जनाउन, शिक्षामा प्रादेशिक योजनाहरु कार्यान्वयन गर्न, शिक्षा क्षेत्रमा स्वामित्वको भावनाको विकास गर्न, विद्यालयमा शैक्षिक गुणस्तर कायम गर्न समेत विकेन्द्रीकरणले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

## २.३ पुनरावलोकनको उपादेयता

स्थानीय पाठ्यक्रमसँग सम्बन्धित लेख, रचना तथा विभिन्न दस्तावेजको अध्ययनको क्रममा स्थानीय पाठ्यक्रमको निर्माण तथा कार्यान्वयन गर्न विभिन्न ऐन तथा नियमावलीहरुमा व्यवस्था गरिएको भएतापनि स्थानीय पाठ्यक्रम प्रभावकारी निर्माण तथा कार्यान्वयन नभएको तर्फ इंगित गरेको पाइन्छ । समिक्षा गरिएका साहित्यहरुको स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनमा आइपर्ने समस्याहरुको पहिचान गर्ने प्रयास गरिएकाले स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोग गर्न महत्वपूर्ण योगदान गरेको देखिन्छ ।

शैक्षिक नीति निर्माण केन्द्रीय तहमा हुने गरेको र कार्यान्वयन गर्ने सवालमा केन्द्रीय तहको योजना लागु गर्दा स्थानीय आवश्यकता पहिचान हुन नसक्ने अनि स्थानीय स्रोत र साधनको उच्चतम प्रयोग एवं सरोकारवालाको सहभागिता कम रहने अवधारणा महत्वपूर्ण देखिन्छ । यस लेखले शैक्षिक विकेन्द्रीकरणको आवश्यकता उल्लेख गर्दै शैक्षिक विकेन्द्रीकरण लागु गर्ने सवालमा आइपर्ने समस्या समेत उल्लेख गरेको कारण योजनाविद्ध, नीति निर्माणकर्ता तथा सम्बन्धित सरोकारवालाहरुलाई उपयोगी हुनसक्ने छ ।

समीक्षा गरिएका साहित्यहरुले स्थानीय पाठ्यक्रम निर्माणमा जोड दिएको पाइन्छ । शिक्षामा स्थानीय जनताको सहभागितामा बृद्धि गर्न साथै स्थानीय जनताको आत्मासम्मानको अभिवृद्धि गर्न र उनिहरुलाई शिक्षा प्रति उत्तरदायित्व वोध गराउन पनि शैक्षिक विकेन्द्रीकरणको आवश्यकता रहेको छ । यसरी यी सिद्धान्त तथा पूर्व साहित्यहरुको पुनारावलोकनले यस अध्ययनलाई धेरै दृष्टिकोणबाट सहयोग पुऱ्याउन सक्नेछ ।

# परिच्छेद तीन : अध्ययन विधि

कुनैपनि अध्ययन अनुसन्धान आफैमा महत्वपूर्ण र जटिल कार्य हो । नयाँ तथ्य पत्ता लगाउन खोजी गरिने कार्यलाई अनुसन्धानको शाब्दिक अर्थ भनिन्छ (खनाल, २०६४) । अनुसन्धानकर्ताले आफ्नो जिज्ञासा समाधान गर्न उपयोगमा लगाएको व्यवस्थित कार्य नै अनुसन्धान हो । त्यसैले शैक्षिक सिद्धान्तहरुसँग सम्बन्धित भइ गरिने अनुसन्धानलाई शैक्षिक अनुसन्धान भनिन्छ । उद्देश्य हाँसिल गर्न र समस्याको समाधान गर्ने उद्देश्यबाट गरिने ज्ञानको खोजी नै अनुसन्धान भएकोले कुनै विषयको अध्ययन गुणात्मक विधिको आधारमा गरिन्छ । अध्ययन अनुसन्धान गर्न गुणात्मक एवम् संख्यात्मक विधिको आवश्यकता पर्दछ । गुणात्मक विधिबाट अध्ययन गर्न प्राथमिक स्रोत र द्वितीय स्रोतहरुबाट प्राप्त तथ्याङ्क एवम् जानकारीहरुको व्याख्यात्मक तकिराले वर्णन र विश्लेषण गरी निश्कर्षमा पुगिन्छ । त्यसैले सामुदायिक विद्यालयमा प्राथमिक तहमा स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग वर्तमान अवस्था अध्ययन गर्नका लागि निम्न लिखित अनुसन्धान विधिको प्रयोग गरिएको छ ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

अनुसन्धानका लागि निश्चित योजना तथा रणनीतिको आवश्यकता पर्दछ । पूर्व योजना अथवा तयारी विना गरिने अनुसन्धान निश्चित लक्ष्यसम्म पुग्न सकिदैन । अनुसन्धानका लागि बृहत योजना तथा रणनीतिलाई नै अनुसन्धान ढाँचा भनिन्छ (खनाल, २०६४) । अनुसन्धानका ढाँचा परिमाणात्मक, गुणात्मक र मिश्रीत गरी ३ प्रकारको भएकोले यस अध्ययन कार्यलाई पूरा गर्न गुणात्मक ढाँचा अवलम्बन गरिएको छ ।

## ३.२ अध्ययनको जनसंख्या र नमुना छनौट

यस अध्ययनका लागि  धनकुटा जिल्लालाई अध्ययनको क्षेत्रको रुपमा लिइएको छ । यस जिल्लामा २८ गा.वि.स. र दुई नगरपालिका रहेका छन् । धनकुटा जिल्लामा ३१५ सामुदायिक विद्यालयहरु रहेका छन् । यी सबै विद्यालयहरुको अध्ययन गर्ने आर्थिक एवं प्राविधिक कारणले असमर्थ हुने भएकाले धनकुटा जिल्लामा रहेका १५ स्रोतकेन्द्रहरु मध्येबाट चुलाचुली स्रोत केन्द्रलाई छनौट गरी उक्त स्रोतकेन्द्र अर्न्तगतका ४ वटा सामुदायिक विद्यालय र त्यससँग सम्बद्ध स्रोतव्यक्ति, स्थानीय पाठ्यक्रमविज्ञ, शिक्षक, प्र.अ., विद्यार्थी, अभिभावक, वि.व्य.स.का पदाधिकारी, स्थानीय निकायका पदाधिकारीहरु यस अध्ययनकालागि जनसंख्याको रुपमा लिइएको छ ।

### ३.२.१. नमूना छनौट प्रक्रिया

स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगको अवस्थालाई मध्यनजर गर्दै धनकुटा जिल्लामा रहेका १५ स्रोतकेन्द्रहरु मध्येको चुलाचुली स्रोतकेन्द्रलाई अध्ययनको आधार बनाई चुलाचुली स्रोतकेन्द्रको भौगोलिक वनावट तथा सम्पूर्ण क्षेत्रको प्रतिनिधित्व गर्ने हिसाबले छनोट गर्ने प्रयास गरिएको छ। यस अध्ययनकर्ताका लागि सुगमता, सजिलो, आर्थिक मितव्ययिताका र कार्यक्षेत्र स्थललाई मध्यनजर गर्दै चुलाचुली स्रोतकेन्द्रलाई छनोट गरी उक्त स्रोतकेन्द्र अर्न्तगतका ३ गा.वि.स.हरु मध्येबाट २ गा.वि.स. (ताँखुवा, तेलिया) लाई छनोट गरी उक्त गा.वि.स.का सबै विद्यालयहरुको समान रुपमा प्रतिनिधित्व होस् भन्ने हेतुले उक्त २ वटा गा.वि.स.का २/२ वटा सामुदायिक विद्यालयहरु पर्नेगरी ४ वटा सामुदायिक विद्यालयहरु लाई छनोट गरिएकोछ भने यस अध्ययनका लागि प्रत्येक विद्यालयबाट १/१ जनाका दरले ४ जना प्र.अ., २/२ जनाका दरले ८ जना शिक्षक, २/२ जनाका दरले ८ जना अभिभावक, २/२ जनाका दरले ८ जना विद्यार्थी, २/२ जनाका दरले वि.व्य.स पदाधीकारीहरु, १ जना स्रोत व्यक्ति, १ जना स्थानीय पाठ्यक्रम विज्ञ, २ जना स्थानीय निकायका पदाधिकारीहरु गरी जम्मा ४० जनालाई छनौट गर्न उद्देश्यमुलक तथा सुविधाजनक नमूना छनौट विधि अवलम्वन गरिएको छ।

### ३.३ अध्ययनका साधनहरु

यस अध्ययन कार्यका लागि आवश्यक पर्ने सम्पूर्ण जानकारी प्राप्त गर्नको लागि निम्नलिखित साधनहरुको निर्माण र प्रयोग गरिएको छ।

#### ३.३.१ अन्तरवार्ता

यस अध्ययनका उद्देश्यहरु पूर्ति गर्नका लागि चाहिने तथ्याङ्क संकलन गर्न प्र.अ. र स्थानीय पाठ्यक्रम विषयलाई अन्तरवार्तामा प्रश्नहरु सोधी आवश्यक जानकारी लिइएको छ। जसलाई अनुसुचि १, ८ र ७ मा राखिएको छ।

### ३.३.२ प्रश्नावली

यस अध्ययनका उद्देश्यहरु पुरा गर्नका लागि चाहिने तथ्याङ्क संकलन गर्दा शिक्षक, विद्यार्थी, अभिभावक, वि.ब्य.स.पदाधिकारीहरुलाई प्रश्नावली भराई आवश्यक जानकारी लिइएको छ । जसलाई अनुसुचि २, ३, ४, ५, ६ र ७ मा राखिएको छ ।

### ३.३.३ अवलोकन

अनुसन्धानको विषयमा सम्बन्धीत भएर नमुना छनौट गरिएका विद्यालयमा अनुसन्धानकर्ता आफै उपस्थीति भई प्राथमिक तहमा स्थानीय पाठ्यक्रम निर्माण बारेमा जानकारी लिनका लागि अवलोकन फारम तयार गरी सूचना संकलन गरिएको छ । जसलाई अनुसुचि ९ र १० मा राखिएको छ ।

## ३.३.४ लक्षित समुह छलफल

यस अध्ययनका उद्देश्य पूरा गर्नकोलागि स्रोतकेन्द्रको अनुमती लिएर अध्ययन सँग सम्बन्धीत विद्यालयका प्र.अ, शिक्षक, वि.व्य.स पदाधिकारी, स्थानीय गा.वि.स. का पदाधिकारी, विद्यालयका अभिभावकहरु र स्रोत व्यक्तिहरुलाई पूर्वजानकारी गराई स्वीकृती पश्चात स्रोतकेन्द्रमा आमन्त्रण गरी तथ्याङ्क संकलनका साधनहरु प्रयोग गरी तथ्यांक संकलन गरिएको छ ।

## ३.४ तथ्याङ्कको स्रोत

अनुसन्धानको सिलसिलामा अनुसन्धानकर्ता आफैले प्राप्त गर्ने सूचना जानकारीतथ्य प्रमाण र आँकडाहरुलाई तथ्याङ्क भनिन्छ (खनाल, २०६४) । यस अनुसन्धानको लागि जुन क्षेत्रबाट सूचना जानकारी तथ्य र विवरण प्राप्त हुन्छ त्यसलाई नै तथ्याङ्क एवम् जानकारी अर्को अनुसन्धानका लागि पनि उपयोगी हुन सक्दछन् । अनुसन्धानको विषय र प्रकृति अनुसार तथ्याङ्क प्राप्त गर्ने स्रोतहरु पनि फरक फरक हुनेहुँदा यस अध्ययनका लागि २ प्रकारका तथ्याङ्कको स्रोतहरुलाई अवलम्बन गरिएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

अध्ययनकर्ता अध्ययनको शिलशिलामा आफ्नो अध्ययन क्षेत्रमा स्वयं उपस्थित भई जानकारी प्राप्त गर्नु प्राथमिक स्रोत हो । नमूना छनौट गरिएका विद्यालयमा शोधकर्ता स्वयं गई नमूना जनसंख्याहरुसँग प्रत्यक्ष भेटघाट मार्फत अर्न्तवार्ता, प्रश्नावलीको सहायताले सूचना संकलन गरिएको छ जसका लागि प्र.अ.सँग अर्न्तवार्ता, शिक्षकसँग भेटघाट तथा प्रश्नावली, अभिभाववकहरुलाई प्रश्नावली, स्थानीय स्तरका पाठ्यक्रम विज्ञलाई अर्न्तवार्ता तालिका स्थानीय गा.वि.स.का पदाधिकारीहरुलाई प्रश्नावलीको प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ । साथै शोधकर्ता आफै उपस्थित भएर अवलोकन/सर्वेक्षण फारम प्रयोग गरी सूचना संकलन गरेको छ । त्यसैले तथ्याङ्क विश्लेषण गर्दा मुख्य आधार प्राथमिक स्रोतलाई मानिएको छ ।

### ३.४.२ द्वितीय स्रोतहरु

अनुसन्धानकर्ताले अध्ययन गर्ने विषयमा पूर्ण प्रयोगमा आइसकेका लेख, रचना, प्रतिवेदन, अभिलेखहरुलाई उपयोग गरी अध्ययन गर्ने स्रोतहरु द्वितीय स्रोतहरु हुन् । यस अर्न्तगत नमूना छनोटमा परेका विद्यालयहरुको रेकर्ड स्रोतकेन्द्रमा संचालिन गरिएको स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी कार्याशालाको रिपोर्ट, विद्यलायको दैनिक शिक्षण तालिका, विद्यालयको मूल्याङ्कन बही, स्थानीय पाठ्यक्रमसँग सम्बन्धित दस्तावेज आदिलाई सहायक तथ्याङ्कको स्रोतका रुपमा अवलम्बन गरिएको छ । साथै सम्बन्धित विषयसँग मिल्ने पत्रिका, लेख, रचना, स्मारिका, अध्ययन प्रतिवेदन, शोधपत्रहरु, सरकारी तथा गैरसरकारी संस्थाका प्रतिवेदनहरु र उनीहरुका सर्वेक्षण नतिजाहरुलाई जानकारी संकलन गर्न द्वितीय स्रोतका रुपमा लिइएको छ ।

## ३.५ तथ्याङ्क संकलन विधि

यस अनुसन्धान कार्यलाई सम्पन्न गर्न नमुनाको रुपमा छनौट गरेका विद्यालयहरुका शिक्षक, प्र.अ, वि.व्य.स पदाधिकारीहरु, स्रोत व्यक्ति तथा स्थानीय अभिभावक पाठ्यकम विज्ञ तथा विद्यार्थीहरु बीच अन्तवार्ता, प्रश्नावली, प्रत्यक्ष अवलोकन, सर्वेक्षण, छलफल सोधपुछ गर्दै निर्माण गरिएका साधनहरु भराई आवश्यक सुचना संकलन गरिएको छ । साथै आवश्यकता अनुसार सुचना प्रविधि, टेलिफोन, चिठी पत्रद्वारा पनि तथ्याङ्क संकलन गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

अध्ययन अनुसन्धानको गहन एवं महत्वपूर्ण अंगको रुपमा तथ्याङ्क विश्लेषणलाई लिइन्छ । यो अध्ययन गुणात्मक  भएको हुँदा प्राथमिक तथ्याङ्क तथा द्वितीय स्रोतबाट प्राप्त गरिएको तथ्याङ्कलाई वर्णनात्मक तरिकाले व्याख्या विश्लेषण गरी यो शोधपत्र तयार गरिएको छ ।

# परिच्छेद चार : नतिजाको छलफल

कुनै पनि विषयको अध्ययन गर्ने क्रममा सम्बन्धित क्षेत्रबाट प्राप्त गरेका जानकारी र तथ्याङ्कलाई गुणात्मक रुपमा व्याख्या र विश्लेषण गरी प्रस्तुत गर्नु आवश्यक हुन्छ । शैक्षिक अनुसन्धानमा धेरै जसो तथ्याङ्कहरु संख्यात्मक हुने भएता पनि यस अध्ययनमा संख्यात्मक भन्दा गुणात्मक तथ्यांकहरुलाई जोड दिएको छ । स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगको अवस्थाको प्रक्रिया प्राज्ञिक कार्यको साथै एक प्राविधिक कार्य पनि हो । तसर्थ स्थानीय पाठ्यक्रम निर्माण गर्दा विभिन्न निश्चित प्रक्रियाहरु पूरा गर्नुपर्ने हुन्छ । यस अध्ययनका लागि सङ्कलन गरिएका तथ्याङ्कहरुको वर्गीकरण, श्रेणीकरण तथा व्यवस्थित गर्नका लागि प्राप्त तथ्याङ्कहरुका विशेषता अनुसार विश्लेषण तथा व्याख्या गरिएको छ । यस अध्ययनमा चुलाचुली स्रोतकेन्द्र अर्न्तगत छनौटमा  परेका ४ वटा विद्यालयहरु तांखुवा गा.वि.स.का सुरुङ्गे प्रा.वि. र शोभित प्रा.वि. यसैगरी तेलिया गा.वि.स.का पञ्चायत प्रा.वि. र मार्गेश्वरी प्रा.वि. सँग सम्बन्धीत सरोकारवालाहरु प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक, वि.व्या.स. पदाधिकारी, स्रोत व्यक्ति, स्थानीय पाठ्यक्रम विज्ञ तथा स्थानीय निकायका पदाधिकारीहरुबाट प्राप्त तथ्याङ्कहरुलाई व्याख्या र विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## ४.१ प्राथमिक तहमा स्थानीय पाठ्क्रम व्यवस्थापन

प्राथमिक तहमा स्थानीय पाठ्यक्रम सम्बन्धि वर्तमान अवस्थामा स्थानीय विषय (स्थानीय तहबाटै छनौट हुने एक विषय) मा स्थानीय तहबाट नै १००% विषयवस्तु तोक्ने व्यवस्था रहेको छ । सामाजिक अध्ययन, शारीरिक शिक्षा र सिर्जनात्मक कलामा भने २०% मात्र स्थानीय विषयवस्तु स्थानीय तहबाट तोक्ने व्यवस्था रहेको छ भने बाँकी ८०% विषयवस्तु केन्द्रले नै तोक्ने व्यवस्था रहेको पाइन्छ (स्थानीय पाठ्यक्रम निर्देशिका २०६५) ।

नमुना छनौटमा परेका चार वटा विद्यालयहरुमा स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगको अवस्था सम्बन्धमा अध्ययन गर्न अनुसुची १ को फारम प्रयोग गरी तथ्याङ्क लिइएको थियो । जसलाई तल व्याख्या तथा विश्लेषण गरिएको छ । नमुना छनौट गरिएका चार विद्यालयहरु सबैले स्थानीय पाठ्यक्रम निर्माण गरेको पाइयो । उक्त विद्यालयहरु मध्ये तेलिया गा.वि.स.मा पर्ने विद्यालयहरुले पशुपालन सम्बन्धी स्थानीय पाठ्क्रम निर्माण गरेको पाइयो भने तांखुवा गा.वि.स.मा रहेका विद्यालयहरुले तरकारी खेती सम्बन्धी स्थानीय पाठ्क्रम निर्माण गरी केही समयसम्म लागु गरेको

पाइयो । यद्यपी हाल आएर भने नमूना छनौटमा परेका सबै विद्यालयहरुले स्थानीय पाठ्यक्रमका रुपमा अङ्ग्रेजी भाषाको पठनपाठन गरेको पाइयो ।

नेपालमा स्थानीय पाठ्क्रम निर्माण र कार्यान्वयन सम्बन्धमा राष्ट्रिय रुपमा हेर्ने हो भने १००% पाठ्यअंशको स्थानीय पाठ्यक्रमको रुपमा केही जिल्लाहरुले अतिरिक्त अंग्रेजी र केही विद्यालयहरुले मातृभाषा तथा केही जिल्लाहरु जस्तैः लमजुङ्ग, पर्वत, धादिङ्ग, सिन्धुली, कपिलवस्तु, खोटाङ, रसुवा आदिमा स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिरहेको सन्दर्भमा यस अध्ययनमा समावेश भएका विद्यालयहरुले भने स्थानीय पाठ्यक्रमको रुपमा अंग्रेजी भाषाको मात्र प्रयोग गरेको पाइयो ।

विकेन्द्रीकरणको धारणा अनुरुप पाठ्यक्रम सुधार उपागम पद्धतिमा स्थानीय निकाय वा विद्यालयलाई पाठ्यक्रम सुधार गर्नेअवसर प्राप्त हुन्छ । केही मात्रामा भएपनि स्थानीय र क्षेत्रिय आवश्यकता अनुसार प्राज्ञिक कार्यक्रम सञ्चालन गर्ने अधिकार प्राप्त हुन्छ । यो सुधारको खास उद्देश्य पाठ्यक्रम, शिक्षण तथा विद्यार्थीको तत्परता समूदायको आवश्यकता अनुसारका मूल्यांकन पद्धति मार्फत सबै विद्यार्थीहरुमा गुणस्तर र समानता कायम गरिन्छ । तर नेपालका विद्यालयहरुका सन्दर्भमा स्थानीय स्तरमा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने अधिकार प्रदान गरेको भएतापनि स्थानीय तहमा प्राप्त भएको अधिकारलाई सदुपयोग गरेको देखिदैन ।

### ४.१.१ स्थानीय पाठ्यक्रम निर्माणमा सरोकारवालाहरुको चासो

देशको राष्टिय परिवेश र अन्तर्राष्ट्रिय क्षेत्रमा आएको परिवर्तन समेतलाई दृष्टिगत गरी प्राथमिक शिक्षा पाठ्यक्रम २०४८ मा समसामयिक परिमार्जन गरी प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ लागु गरिएको छ । विभिन्न अध्ययन प्रतिवेदनहरु, आयोजना तथा परियोजनाका दस्तावेजहरुले समेत पाठ्यक्रमले स्थानीय आवश्यकता पूरा गर्न नसकेको तर्फ इङ्गित गरेका छन् । केन्द्रमा निर्माण गरेको पाठ्यक्रमको सबै अंश स्थानीय तहमा हुवहु लागु गर्न नसकिने कुरालाई हृदयङ्गम गरी स्थानीय तहबाट पनि केही अंशको पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नुपर्ने कुरामा सरोकारवालाहरुको जोड रहेको पाइन्छ । शैक्षिक विकेन्द्रीकरणको अवधारणा अर्न्तगत पाठ्यक्रम सुधार पद्धति अनुसार पनि स्थानीय आवश्यकतालाई समेट्ने गरी स्थानीय निकायलाई नै स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग गर्ने अवसर सिर्जना गरेर शिक्षामा सुधार गर्न सकिने कुरा उल्लेख छ ।

स्थानीय पाठ्क्रम निर्माण गर्दा विद्यालय, स्रोतकेन्द्र र जिल्ला तहबाट सामान्य पाठ्यक्रम निर्माण गर्दा कुनै खास विद्यालयका लागि मात्र उपयोगी हुने विषयवस्तुको पाठ्यक्रम विद्यालयले सरोकारवालासँग परामर्श गरी विद्यालय आँफैले निर्माण गर्ने व्यवस्था रहेको छ ।

एक भन्दा बढी विद्यालयका लागि उपयोगी हुने स्थानीय पाठ्यक्रम सरोकारवालासँग परामर्श गरी स्रोतकेन्द्र तहको नेतृत्वमा निर्माण गर्ने र एक भन्दा बढी स्रोतकेन्द्रहरुका लागि उपयोगी हुने स्थानीय पाठ्यक्रम सरोकारवालासँग परामर्श गरी जिल्ला शिक्षा कार्यालयको नेतृत्वमा निर्माण गर्ने भन्ने कुरा  उल्लेख गरिएको छ (स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका २०६४)।

नमूना छनौटमा परेका विद्यालयहरुका प्र.अ.हरु सँगको छलफलमा केहि वर्षअघि स्रोतकेन्द्रको अगुवाइमा स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धमा स्रोतकेन्द्रमा संचालित तालिम पश्चात तेलिया गा.वि.स.का विद्यालयहरुले पशुपालन सम्बन्धी स्थानीय पाठ्यक्रम निर्माण गरेको र तांखुवा गा.वि.स.का विद्यालयहरुले तरकारी खेती सम्बन्धी स्थानीय पाठ्यक्रम निर्माण गरी केही समयसम्म कार्यान्वयन भएको वा सम्बन्धीत विद्यालयहरुले कार्यान्वयन गरेको पाइन्छ ।

स्थानीय पाठ्यक्रम कार्यान्वयनमा विभिन्न जटिलता आएका कारण स्थानीय पाठ्यक्रम लागु हुन नसकेको कुरा नमूना छनौटमा परेका विद्यालयका प्र.अ.हरु बताउनुहुन्छ । उक्त विद्यालयका प्र.अ.हरु सँगको छलफलमा स्थानीय पाठ्यक्रम निर्माणमा विद्यालयका अभिभावक, वि.व्य.स.का पदाधीकारीहरु, शि.अ.संघका पदाधीकारीहरु, समाजसेवी, वुद्धिजीवी आदिहरुले चासो नदेखाएको वरु अंग्रेजी भाषको पठन-पाठन प्रति नै रुची देखाएको कुरा बताउनुहुन्छ ।

स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धमा स्रोतकेन्द्रमा स्रोतकेन्द्रले तालिम सञ्चालन गरी आफ्नो औपचारिकता मात्र पूरा गरेको । स्थानीय विद्यालयमा आई स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्न स्रोतकेन्द्रबाट आवश्यक सहयोग नभएको कुरा विद्यालयका प्र.अ.हरुको गुनासो रहेको पाइयो ।

नमूना छनौटमा परेका विद्यालयमा गरिएको अध्ययन अनुसार स्थानीय पाठ्यक्रम निर्माणमा तथा कार्यान्वयनमा जिल्ला शिक्षा कार्यालयबाट पनि आवश्यक सहयोग नभएको साथै गाँउ शिक्षा समितिबाट पनि स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा खासै चासो नदेखाएको कुरा विद्यालयका प्र.अ.हरु बताउनुहुन्छ । यसबाट के बुझिन्छ भने नेपालका विद्यालयहरुका सन्दर्भमा स्थानीय स्तरमा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने अधिकार प्रदान गरेको भएतापनि स्थानीय तहमा प्राप्त भएको अधिकारलाई सदुपयोग गरेको देखिदैन ।

### ४.१.२ स्थानीय पाठ्यक्रम निर्माणमा विद्यालयको वार्षिक कार्यतालिकाको अवस्था

नमूना छनौटमा परेका विद्यालयहरुमा स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी विद्यालयको कार्यक्रम तथा योजनाको अध्ययन गर्न विद्यालयको वार्षिक कार्यतालिकाको अध्ययन गर्दा कुनै पनि विद्यालयले

आफ्नो वार्षिक कार्यतालिकामा स्थानीय पाठ्यक्रम निर्माणको लागि योजना बनाएको वा समय छुट्याइएको पाइएन ।

यस सम्बन्धमा यस शोधकर्ताले विद्यालयहरुका प्र.अ.हरुसँग प्रश्न राख्दा स्थानीय पाठ्यक्रमको सट्टामा अन्य विषयहरु (अंग्रेजी भाषा) को पठन-पाठन विद्यालयमा भएकोले गर्दा उक्त कुरालाई विद्यालयको वार्षिक कार्यतालिकामा उल्लेख नगरिएको कुरा बताउनुहुन्छ । यसरी स्थानीय पाठ्यक्रमको सट्टामा अन्य विषयको पठन-पाठन हुनु साथै विद्यालयको वार्षिक कार्यतालिकामा स्थानीय पाठ्यक्रम निर्माणको लागि आवश्यक समय उल्लेख नगर्दा र स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ध्यान नदिँदा स्थानीय पाठ्यक्रमको मर्मलाई नै नसमेटेको पाइयो, जुन दु:खको कुरा हो ।

### ४.१.३ स्थानीय पाठ्यक्रम निर्माणमा स्थानीय निकायका पदाधीकारीहरुको दृष्टिकोण

यस अध्ययनको अध्ययन क्षेत्र चुलाचुली स्रोतकेन्द्र अर्न्तगत २ गा.वि.स. तांखुवा र तेलियाका स्थानीय निकायका पदाधीकारीहरुको धारणा बुझ्नका लागि यस शोधकर्ताले स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धमा अनुसुची-७ बमोजिमका प्रश्नावलीमा प्राप्त उत्तरहरुलाई विश्लेषण गर्दा विद्यालयहरुले स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगको लागि आर्थिक र प्राविधीक सहयोगको माग गरेमा आवश्यक छलफल र परामर्श गरी सहयोग गर्ने, स्थानीय स्तरमा लोपोन्मुख भाषा र संस्कृतिहरुलाई जर्गेनाका लागि स्थानीय निकायले वृहत रुपमा छलफल र वहस चलाई स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा समन्वयकारी भुमिका खेल्नसक्ने प्रतिवद्धता जाहेर गरेको पाइयो ।

### ४.१.४. स्थानीय पाठ्यक्रम निर्माणमा शिक्षा प्रशासक, निरिक्षक र स्रोतव्यक्तिहरुको प्राथमिकता वा चासो

स्थानीय निकायमा गाउँ शिक्षा समिति निष्कृय रहेको, सरोकारवालाहरुमा स्थानीय पाठ्यक्रमको अवधारणाको जानकारी नहुनु, विद्यालयहरुमा आर्थिक अभाव, स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा स्थानीय तहमा एकरुपता नहुनु, स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको अनुगमनको व्यवस्था नहुनु आदिलाई स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा आइपर्ने समस्याहरुका रुपमा प्रस्तुत गरेको पाइयो ।

स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा आइपर्ने समस्या समाधानार्थ के कस्ता उपायहरु हुन सक्दछन् भनी सोधिएको प्रश्नबाट प्राप्त सुझावहरुलाई विश्लेषण गर्दा स्थानीय तहमा स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी तालिम सम्पूर्ण सरोकारवालाहरुको पहुँचमा पुग्ने गरी सञ्चालन गर्नुपर्ने, स्थानीय तहमा विशेष गरी स्थानीय निकाय (गाउँ शिक्षा समिति, जिल्ला शिक्षा समिति) मा पाठ्यक्रम विकास निर्माण एवं कार्यान्वयन गर्नका लागि संस्थागत संयन्त्रको निर्माण गरिनुपर्ने ।

स्थानीय तहमा पाठ्यक्रम निर्माणमा सहभागिता व्यापक बनाउन सरोकारवालाहरुको लागि सचेतना गोष्ठी, छलफल जस्ता कार्यक्रमहरु आयोजना गराउनु पर्ने, स्थानीय तहमा पाठ्यक्रम विकास निर्माण एवं कार्यान्वयनका लागि आवश्यक बजेट व्यवस्था गरिनुपर्ने, स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम विकास एवं निर्माण सम्बन्धमा शिक्षक, प्रधानाध्यापक, वि.व्य.स.लगायत सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्न ध्यान दिनुपर्ने ।

स्थानीय निकायमा स्थानीय पाठ्यक्रम सम्बन्धी जानकारी सम्बन्धित पदाधिकारीहरुलाई गराउनु पर्ने, निर्माण भएका स्थानीय पाठ्यक्रमको कार्यान्वयनमा स्थानीय निकाय (गाउँ शिक्षा समिति, जिल्ला शिक्षा समिति) सक्रिय हुनुपर्ने, वि.व्य.स., शि.अ.संघ जस्ता सरोकारवालाहरु सबैले चासो राख्नु पर्ने, जिल्ला शिक्षा कार्यालयले पनि स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा आवश्यक पहलकदमी लिनुपर्ने र स्थानीय पाठ्यक्रमको कार्यान्वयनमा सम्बन्धित सबै संघ संस्थाहरुले आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनु पर्ने जस्ता सुझावहरु प्रस्तुत गरेको पाइयो ।

## ४.१.५ विद्यालयमा अन्य विषय र त्यसको पठन-पाठनको अवस्था

नमूना अध्ययनका लागि छनौटमा परेका ४ वटा विद्यालयहरुमा अन्य विषय र त्यसको पठन पाठनको अवस्था सम्बन्धी विषयमा विद्यालयहरुका प्र.अ.हरु र शिक्षकहरुसँग छलफल गर्दा स्थानीय पाठ्यक्रम निर्माण गरी केही समय कार्यान्वयन गरेता पनि विविध समस्याहरुका कारण हाल स्थानीय पाठ्यक्रम कार्यान्वयन नगरेको पाइयो ।

स्थानीय विषयको सट्टामा अन्य विषय (अंग्रेजी भाषा) को पठन पाठन गर्ने विद्यालयहरु ४ वटा नै रहेको पाइयो । यसो हुनाको कारण के हो त भनी प्र.अ.हरु तथा शिक्षकहरुसँग गरिएको छलफलबाट स्थानीय विषय शिक्षण गराउनका लागि विद्यालयमा छुट्टै शिक्षकको व्यवस्था नहुनु, मिश्रित समाज रहनु, अभिभावकहरु तथा समुदायको रुची अंग्रेजी भाषाप्रति हुनु, स्थानीय पाठ्यक्रम निर्माण तथा अद्ययवधी गर्नका लागि सम्बन्धीत निकायहरुबाट आवश्यक सहयोग प्राप्त हुन

नसक्नु, गाउँ शिक्षा समिति जस्ता स्थानीय निकायहरु निष्क्रिय रहनु जस्ता कारणहरुबाट विद्यालयमा स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्न नसकिएको कुराहरु उल्लेख गर्नुभएको ।

तांखुवा गा.वि.स.का २ विद्यालयहरुले तरकारी खेती सम्बन्धी र तेलिया गा.वि.स का २ विद्यालयहरुले पशुपालन सम्बन्धी स्थानीय पाठ्यक्रम निर्माण गरेको भएता पनि माथी उल्लेख गरिएका कारणहरु तथा अन्य विविध कारणहरुबाट कार्यान्वयनमा समस्या रहेको अवस्था पाइयो । स्थानीय विषयको सट्टामा शिक्षण गराइएको अंग्रेजी भाषा विद्यालयमा उपलब्ध रहनु भएका शिक्षकहरुबाट नै शिक्षण गर्ने गरेको अवस्था रहेको पाइयो ।

## ४.२ केन्द्रिय तहमा स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी व्यवस्था

नेपालमा वि.स. २०४९ सालको प्राथमिक शिक्षाको पाठ्यक्रममा १०० पूर्णाङ्कको स्थानीय आवश्यकता अनुसारको मातृभाषा वा स्थानीय आवश्यकताका आधारमा विषयवस्तुलाई समेटेर स्थानीय पाठ्यक्रमको व्यवस्था गरेको पाइन्छ । त्यसै गरी प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ मा समेत स्थानीय पाठ्यक्रमको थप व्यवस्था गरेको पाइन्छ । नेपालको अन्तरिम संविधान २०६३ मा प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भए बमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा लिन पाउने व्यवस्था गरेको छ भने शिक्षा ऐन, २०२८ मा प्राथमिक तहको शिक्षा मातृभाषामा दिन सकिने कुरा उल्लेख छ ।

स्थानीय पाठ्यक्रमका सामान्य पथ प्रर्दशनका सिद्धान्तहरु तयार गर्ने, स्थानीय पाठ्यक्रमका लागि विषयवस्तु छनौट देखि लिएर सम्पूर्ण प्रक्रिया स्थानीय तहमा नै विकास र व्यवस्थापन गर्ने कुरा उल्लेख गरिएको छ भने माध्यमिक शिक्षा सहयोग कार्यक्रम मूलदस्तावेजमा मा.वि. तहमा पनि १0% स्थानीय विषयवस्तुको व्यवस्था गरेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ मा १५% स्थानीय विषयवस्तु समेटेर पाठ्यक्रम निर्माण गर्न सकिने कुरा उल्लेख गरेको छ ।

आदीवासी, अल्पसंख्यक भाषिक समुदायलाई शिक्षाको पँहुचमा ल्याउन विद्यालय पाठ्यक्रममा विविध स्थानीय संस्कृतिको झलक दिन र यसलाई बालबालिकाहरुको दैनिक जीवनसँग बढी सान्दर्भिक गराउन पाठ्यक्रममा २०% अंश स्थानीय परिस्थिती र वातावरणमा आधारित हुनुपर्ने कुरामा जोड दिएको पाइन्छ (सबैका लागि शिक्षा, २००४-२००९) ।

नेपालको विभिन्न जिल्लाहरुमा स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याएको पाइन्छ । लमजुङमा कृषि तथा जडिबुटी ज्ञानमाला, पर्वतमा फलफुल खेती, धनकुटामा तरकारी खेती, स्थानीय खेल, वन, चित्रकला र हस्तकला, कपिलवस्तुमा तरकारी खेती, धार्मिक तथा ऐतिहासिक स्थल, परालबाट बन्ने सामग्री र स्थानीय खेल, धादिङमा तरकारी खेती, फलफुल खेती, खोटाङमा हलेसी महादेव, सिन्धुलीमा हायु भाषा, रसुवामा आलु खेतीको पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गरेको पाइन्छ (स्थानीय पाठ्यक्रम निर्देशिका, २०६५) ।

यसरी नेपालका केही जिल्लाहरुमा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गरिएको भएतापनि अधिकांश जिल्लाहरुमा स्थानीय पाठ्यक्रम निर्माण मात्र गरिने तर कार्यान्वयन नहुने भइहाले तापनि त्यसको प्रभावकारीता सम्बन्धी मूल्याङ्कन नहुने भएकाले स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोगको अवस्था कस्तो छ भनी ठ्याक्कै भन्ने अवस्था छैन । त्यसैले यस शोधकर्ताले स्थानीय पाठ्यक्रम व्यवस्थापनको अवस्थाको अध्ययन गर्नु सान्दर्भिक ठानेको छ ।

पाठ्यक्रम औपचारिक विद्यालय शिक्षा मार्फत निर्माण र कार्यान्वयनमा हुने भएकाले स्थानीय पाठ्यक्रम तयार गर्दा अन्य निर्माणमा आउने प्रक्रिया अवलम्वन गर्नुपर्ने हुन्छ । स्थानीय पाठ्यक्रम निर्माणका प्रक्रियाहरु सम्बन्धमा स्थानीय पाठ्यक्रम विज्ञलाई सोधिएको प्रश्नबाट प्राप्त उत्तरलाई तल विश्लेषण गरिएको छ ।

स्थानीय आवश्यकतालाई सम्वोधन हुने विषयवस्तु पहिचानका लागि उपलब्ध भएसम्म पाठ्यक्रमविद, सम्बन्धित क्षेत्रका अभिभावक, समाजसेवी, विभिन्न पेशाका व्यक्तिहरु, शिक्षक विद्यार्थी, सामाजिक कार्यकर्ता, राजनीतिक व्यक्तिहरु, महिला, अपाङ्ग आदि सबै क्षेत्रबाट सुझाव सङ्कलन गरी विद्यालयको आवश्यकताको पहिचान गर्नुपर्ने, विद्यार्थीको उमेर, बालमनोविज्ञान, बालबालिकाको सिकाई स्तर, रुची, इच्छा र आवश्यकता, कक्षा, तह विषयवस्तुको प्रकृति, स्रोत र साधनको अवस्था आदि पक्षहरुलाई ख्याल गरेर उद्देश्य निर्धारण गर्नुपर्ने हुन्छ ।

स्थानीय स्तरका आवश्यकता अर्थात विद्यालयका आवश्यकता अनुसारका कृषि, व्यवसाय तथा भाषा संस्कृति क्षेत्रका विषयवस्तु छनौट गरिनु पर्ने, विषयवस्तु अनुरुपका ठोस, नमूना, नक्सा तथा चित्र आदि शिक्षण सिकाइ क्रियाकलापमा शैक्षिक सामग्रीको रुपमा प्रयोग गरिनु पर्ने, शिक्षण सिकाइ क्रियाकलापका लागि छलफल, क्षेत्र भ्रमण योजना कार्य, अभ्यास आदि जस्ता विधी अपनाउनु पर्ने, विद्यार्थी मूल्याङ्कनका लागि निर्माणात्मक र निर्णयात्मक पद्धतिलाई अपनाउनु पर्ने, पाठ्यक्रमले

निर्धारण गरे अनुसार समय निर्धारण गरिनु पर्ने कुरामा स्थानीय पाठ्यक्रम विज्ञको धारणा रहेको पाइयो ।

## ४.२.१ वर्तमान संविधान तथा ऐन नियममा स्थानीय पाठ्क्रम निर्माण सम्बन्धी प्रावधान

स्थानीय आवश्यकता र माग पूरा गर्न नसक्ने शिक्षाले केवल कोरा कितावी ज्ञान मात्र दिने र व्यवहारिक पक्ष कमजोर रहने हुँदा त्यसमा सुधार ल्याउन सरोकारवालाहरु कै प्रत्यक्ष सहभागितामा उनीहरुको आवश्यकता, माग र अपेक्षालाई पूरा गर्न शैक्षिक विकेन्द्रीकरणको अवधारणा अर्न्तगत पाठ्यक्रम सुधार पद्धति अनुसार स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयन गरिएको हो ।

स्थानीय सरोकारवालाहरुलाई स्थानीय विषयको छनौट गरी पठनपाठन गराउने अधिकार, प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ मा व्यवस्था गरिएको छ । शिक्षालाई स्थानीय आवश्यकता अनुरुप बनाउनु पर्ने तथ्य विभिन्न अध्ययन प्रतिवेदन, गोष्ठी, सेमिनार, परियोजनाका सुझाव प्रतिवेदनले औंल्याएका छन् । वर्तमान शिक्षा ऐन २०२८ (आठौं संशोधन) तथा शिक्षा नियमावली २०५९ (छैटौं संशोधन) मा स्थानीय पाठ्यक्रम सम्बन्धमा केही कुरा उल्लेख भएको पाइदैन । यद्यपी नेपालको अन्तरिम संविधान २०६३ को भाग १७, धारा १३९ मा स्थानीय स्वायत शासनसम्बन्धी व्यवस्था गरिएको छ । यसमा भनिएको छ - "स्थानीय स्तरदेखि नै जनताको सार्वभौमसत्ताको प्रयोग गर्ने अनुकुल वातावरण बनाई मुलुकको शासन व्यवस्थामा जनताको बढीभन्दा बढी सहभागिता प्रवर्द्धन गर्न र जनतालाई स्थानीइय स्तरमा नै सेवा उपलब्ध गराउन तथा लोकतन्त्रको स्थानीय स्तरदेखि नै संस्थागत विकास गर्न विकेन्द्रीकरण तथा अधिकारको निक्षेपणका आधारमा स्थानीय स्वायत्त शासनसम्बन्धी निकायको व्यवस्था गरिनेछ ।"

यसैगरी स्थानीय स्वायत्त शासन ऐन २०५५ मा पनि स्थानीय निकायलाई आवश्यक जिम्मेवारी र अधिकार प्रदान गरी स्थानीय निकायलाई संस्थागत गर्न र जवाफदेही बनाउन खोजिरहेको छ । पाठ्यक्रम विकास केन्द्रले २०६२ सालमा माध्यमिक शिक्षा पाठ्यक्रममा स्थानीय विषय समाविष्टताको सम्भावनासम्बन्धी अध्ययन गरेको थियो । यस अध्ययन अनुसार : केन्द्रीय पाठ्यक्रमले स्थानीय आवश्यकता र चाहना समेट्न नसकेको भौगोलिक, जातिय र भाषिक विविधतालाई समेट्न नसकेको भन्दै विद्यालय शिक्षामा स्थानीय कलाकौशल, संस्कृति र व्यवसायको आवश्यकता रहेको, स्थानीय विषयवस्तुलाई प्राथमिकता दिनुपर्ने, माध्यमिक तहमा व्यवसायिक विषयहरु समावेश गर्नुपर्ने, समाजमा सीपमूलक र व्यवहारिक शिक्षा आवश्यक भएको, आयआर्जन

गराउन श्रमप्रति सम्मान गर्न र कामप्रति लगाव बढाउन स्थानीय विषय आवश्यक भएको, स्वरोजगार निर्माण गर्न, सामाजिक मूल्यमान्यताको विकास गर्न र घरको कामकाजमा सघाउन, स्थानीय स्रोतसाधनको अधिकतम परिचालन गर्न, विद्यार्थीमा मौलिक र व्यवहारिक ज्ञानसीप विकास गर्न, कृषी शिक्षा व्यवसायिक पेशा र स्थानीय पक्षहरुमा जोड दिन, शिक्षामा स्थानीय सरोकारवालालाई सक्षम र उत्तरदायी बनाउन, शिक्षालाई राष्ट्रिय अन्तरराष्ट्रिय सन्दर्भमा मेलगराउन पनि स्थानीय पाठ्यक्रमको आवश्यकता परेको छ भनी औंल्याएका थिए ।

सबैका लागि शिक्षा र माध्यमिक शिक्षा सहयोग कार्यक्रमले पनि दश देखि पन्ध्र प्रतिशतसम्म स्थानीय पाठ्यक्रमलाई जोड दिएको छ । यिनै दस्तावेज, प्राथमिक तहको पाठ्यक्रमको संरचना आदिका आधारमा प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ (कक्षा १-३) तथा २०६५ (कक्षा ४-५) ले प्राथमिक तहको स्थानीय विषयका रुपमा १०० प्रतिशत तथा सामाजिक अध्ययन, शारीरिक शिक्षा र सिर्जनात्मक कक्षा विषयमा २० प्रतिशत पाठ्यांश स्थानीय स्तरको राख्न सक्ने प्रावधानको व्यवस्था गरेको छ । यसको सम्पूर्ण जिम्मा विद्यालयलाई नै प्रदान गरेको छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ ले माध्यमिक तहमा समेत स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण कार्यलाई प्राथमिकता दिएको छ । विद्यालय पाठ्यक्रममा स्थानीय ज्ञान, सीप, दक्षता, कला, सँस्कृति, ऐतिहासिक एवम् साँस्कृतिक  पक्षलाई समायोजना गर्न स्थानीय आवश्यकतामा आधारित अध्ययनलाई पठनपाठनको एक क्षेत्र निर्धारण गरेको छ । यस्तो पाठ्यक्रम बालकेन्द्रित, स्थानीय आवश्यकतामुखी, लचकता भएको, काममा आधारित र सीपमुखी हुनुपर्दछ । पाठ्यक्रम निर्माणका लागि केन्द्रिय, क्षेत्रीय र स्थानीय निकायको सहयोग, सल्लाह र सुझाव लिइने कुरामा प्रारुपले जोड दिएको छ । आधारभूत तहका कक्षा ६ देखि ८ सम्मका विद्यार्थीहरुलाई स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रमको विकास गरेर पेशा, व्यापार र रोजगार तर्फ उन्मुख गराइने र माध्यमिक तहको कक्षा ९ र १० का हकमा व्यवसायिक र रोजगारमूलक विषयक्षेत्रमा जोड दिई व्यापार र व्यवसायसँग सम्बद्ध विषयहरु बृद्धि गरिनेछ भन्ने कुरा उल्लेखित छ ।

कक्षा ११ र १२ का विद्यार्थीहरुलाई साधारण, व्यवसायिक वा प्राविधिकमध्ये कुनै एकधार छनौट गर्ने अवस्था दिइने छ । प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्र अर्न्तगतका सबै कार्यक्रमहरुलाई निरन्तरता दिने र माध्यमिक तहमा छुट्टै पाठ्यभार सम्बन्धी अध्ययन गर्ने व्यवस्थाका लागि उपयुक्त

नीति विकास गरिनेछ । विद्यालयले राष्ट्रिय पाठ्यक्रम प्रारुपको आधारमा स्थानीय आवश्यकतालाई ख्याल गरी व्यवसायिक विषयको छनोट गर्नेछ भन्ने कुरा प्रारुपले अगाडी सारेको छ ।

यसप्रकार एक विषय स्थानीय पाठ्यक्रमको निर्माण, विकास र कार्यान्वयनको अवधारणा सर्वप्रथम प्राथमिक पाठ्यक्रम २०४९ ले राखेको भएता पनि त्यो कार्यान्वयनमा आउन सकेन । अत : स्थानीय पाठ्यक्रमलाई कार्यान्वयनका तहसम्म पुऱ्याउने यो राष्ट्रिय पाठ्यक्रम प्रारुपको महत्वपूर्ण प्रयास भएकाले यसलाई कार्यान्वयनका लागि सबै सम्बन्धित निकायहरुले विशेष पहल गर्नुपर्ने आवश्यकता देखिन्छ ।

## ४.२.२ स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन सम्बन्धमा निरीक्षण सुपरीवेक्षणको व्यवस्था

वर्तमान शिक्षा ऐन २०२८ (आठौं संशोधन) तथा शिक्षा नियमावली २०५९ (छैठौं संशोधन) मा स्थानीय पाठ्यक्रम निर्माण, कार्यान्वयनको अवस्था र त्यसको प्रभावकारीताको बारेमा निरीक्षण, सुपरीवेक्षण कुन कुन निकायले कसरी गर्ने भन्ने सम्बन्धमा व्यवस्था भएको देखिदैंन ।

स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका (प्राथमिक तह) २०६४ मा पनि स्थानीय विद्यालयहरुमा स्थानीय पाठ्यक्रम के कसरी निर्माण भएको छ वा छैन र त्यसको कार्यान्वयनको अवस्था के कस्तो रहेको छ भनी सरकारी संयन्त्रहरुले के कसरी निरीक्षण सुपरीवेक्षण गर्ने भन्ने सम्बन्धमा स्पष्ट व्यवस्था रहेको देखिदैंन ।

यद्यपी स्थानीय पाठ्यक्रम निर्माणको सम्भाव्य जिम्मेवारीका बारेमा भने स्पष्ट उल्लेख भएको पाइन्छ । जसमा विद्यालय आफैले सरोकारावालासँग परामर्श गरी आवश्यकताको पहिचान गरी पाठ्यक्रम निर्माण गर्नसक्ने व्यवस्था उल्लेख छ । यस्तै एकभन्दा बढी विद्यालयका लागि स्रोतकेन्द्रले र एकभन्दा बढी स्रोतकेन्द्रहरुका लागि जिल्ला शिक्षा कार्यालयले सरोकारवालाहरुसँगको परामर्श गरी स्थानीय पाठ्यक्रम निर्माण गर्न सक्ने व्यवस्था स्पष्ट उल्लेख गरिएको छ ।

नमूना छनौटमा परेका विद्यालयहरुका प्र.अ.तथा शिक्षकहरुमा स्थानीय पाठ्यक्रमको विषयवस्तुलाई लिएर हालसम्म सरकारी निकायहरुले निरीक्षण सुपरीवेक्षणको सम्बन्धमा के कस्तो अवस्था छ साथै के कसरी निरीक्षण सुपरीवेक्षण हुन्छ भनि सोधिएको प्रश्नमा हालसम्म निरीक्षण सुपरीवेक्षण नभएको र तथापी स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी तालिम भने स्रोतकेन्द्रमा संचालन भई सोही अनुरुप

विद्यालयमा स्थानीय पाठ्यक्रम निर्माण गरी केही समय कार्यान्वयन भएर हाल कार्यान्वयन नभएको वा नरहेको भन्ने उत्तर रहेको पाइयो ।

### ४.२.३ स्थानीय पाठ्यक्रम सम्बन्धमा शिक्षा विद् र शिक्षा प्रशासकहरुको दृष्टिकोण

केन्द्रीय पाठ्यक्रम केन्द्रीय निकायद्वारा निर्मित हुन्छ र यसले राष्ट्रिय आवश्यकतालाई समेटेको हुन्छ । अर्थात केन्द्रीय पाठ्यक्रमले स्थानीय आवश्यकता र चाहनालाई पूर्ण रुपमा समेटेको हुँदैन । अत : स्थानीय व्यक्तिहरुमा (सरोकारावालाहरुका) आवश्यकता चाहना र मागहरुमा आधारित, स्थानीय व्यक्तिहरुका सहभागितामा निर्मित, विद्यालय आफैले बनाएर, आफैले कार्यान्वयन गर्ने पाठ्यक्रम स्थानीय पाठ्यक्रम हो ।

स्थानीय पाठ्यक्रम स्थानीय तहमा नै निर्माण गरिन्छ । यसले स्थानीय ज्ञान र सीप विकासलाई जोड दिन्छ । स्थानीय विषयहरुको छनोट गरी विद्यार्थीहरुलाई ती विषयमा ज्ञान, सीप प्रदान गर्नु यस पाठ्यक्रमको उद्देश्य हो । यस प्रक्रियाले विद्यार्थीमा काम गर्ने बानीको विकास हुने, आत्मनिर्भरता बढाउने, शिक्षण सिकाई कार्यमूलक र उत्पादनमूलक हुने तथा स्थानीय विकासमा जोड दिने विश्वास गरिन्छ (शर्मा एण्ड शर्मा, २०६६) ।

विश्वका कैयौं देशहरुले विज्ञान र प्रविधिको विकासलाई वरदानको रुपमा स्वीकारी त्यसलाई आफ्नो देशको अनुकुलतामा परिणत गर्ने, स्थानीय आवश्यकतालाई केन्द्रविन्दु मानेर विकास तथा निर्माण कार्यलाई तिब्रता दिने र राष्ट्रिय आवश्यकतालाई सन्दर्भ मानेर स्थानीय स्रोत र साधनलाई परिचालन गर्नुका साथै त्यसको सही उपयोग गर्न आवश्यक पर्ने दक्ष मानवीय संसाधनको तर्जुमा, प्राकृतिक साधनलाई मानवोचित कार्यमा लगाएका छन् । स्थानीयकरणको सम्बन्ध भूमण्डीकरणसँग पनि भएको, सूचना प्रविधिको आधारमा ज्ञान, सीप र प्रविधिलाई स्थानीय रुपमा प्रयोगमा ल्याउनुपर्ने आवश्यकता भएकोले पनि शिक्षा योजनालाई स्थानीय आवश्यकतामा परिणत गर्नुपर्दछ ( काफ्ले र साथीहरु, २०६७) ।

हाम्रो देश भौगोलिक, साँस्कृतिक, भाषिक, जातिय आदि कुराहरुमा विविधता छ । विभिन्न ठाउँमा विभिन्न स्रोतहरु छन् । विभिन्न ठाउँको मानिसहरुको आवश्यकता र चाहना फरक फरक छन् त्यसैले केन्द्रमा निर्माण गरेको पाठ्यक्रमका सबै अंश सबै क्षेत्रमा हुबहु लागु गर्न नसकिने हुन्छ । उदाहरणका रुपमा काठमाडौं उपत्यकाका विद्यार्थीहरुका लागि यहाँका धार्मिक, साँस्कृतिक र पुरातात्विक महत्वका स्थलहरुका बारेमा जानकारी र सूचना प्रविधि सम्बन्धी शिक्षा आवश्यक हुन सक्छ भने जुम्लाका लागि तरकारी तथा फलफूल खेती र यसको व्यवस्थापन विषयमा आधारभूत कुराहरु आवश्यक हुन सक्छन् ।

विश्वव्यापीकरण कि स्थानीयकरण जस्ता अवधारणाले पनि शिक्षाका प्रयोजनलाई प्रभावित तुल्याएको छ । यस सन्दर्भमा कतिपयले विश्वव्यापीकरणमा जोड दिन्छन् भने कतिपय स्थानीयकरणमा जोड पनि दिन्छन् । आदिवासी जनजाति लगायत स्थानीय रैथाने ज्ञान, सीप, प्रविधिको विकासमा जोड दिने दृष्टिकोण पनि बढ्दै गइरहेको छ (अधिकारी, २०६९) ।

यस अनुसन्धानकर्ताले यस क्षेत्रका विद्यालय निरीक्षक र स्रोतव्यक्तिसँग स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको वर्तमान अवस्था बारेमा गरिएको छलफलबाट प्राप्त सुझाबहरुलाई विश्लेषण गर्दा केन्द्रमा निर्माण गरिएको पाठ्यक्रमले सम्पूर्ण रुपले स्थानीय ठाउँको आवश्यकता र स्थानीयतालाई प्रतिनिधित्व गर्न सकेको हुदैन । जस्तै उदाहरणका रुपमा काठमाडौंमा रहेको पशुपतिनाथको मन्दिर ऐतिहासिक तथा पुरातात्विक हिसाबले महत्वपूर्ण छ । त्यसैले केन्द्रले निर्माण गर्दा पशुपतिनाथ मन्दिर पाठ्यक्रममा पर्न आउँछ वा समावेश गर्न सक्तछ तर स्थानीय ठाउँमा रहेको त्यस्तै प्रकृतिको ऐतिहासिक र पुरातात्विक वस्तुहरु ओझेलमा पर्न सक्दछ त्यसकारण त्यस्ता वस्तुहरुको संरक्षणको आवश्यकता, महत्व आदिका बारेमा विद्यार्थीहरुमा जानकारी दिन पनि स्थानीय पाठ्यक्रमको आवश्यकता पर्दछ भन्ने धारणा रहेको पाइयो ।

स्थानीय पाठ्यक्रम भन्नाले मातृभाषामा शिक्षा दिनु वा मातृभाषाको पठनपाठनलाई मात्र स्थानीय पाठ्यक्रमको रुपमा स्थानीय व्यक्तिहरु तथा समुदायले लिनु भएको छ । यस धारणामा समेत स्थानीय समुदायलाई सचेत गराई स्थानीय आवश्यकताको पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नुपर्ने जस्ता सुझाबहरु प्रस्तुत गरेको पाइयो ।

स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा आइपर्ने समस्याका सन्दर्भमा वि.नि. तथा स्रोतव्यक्तिसँग गरिएको छलफलबाट निम्न निष्कर्षमा पुगियो । स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्न विद्यालयहरुमा बजेट अभाव हुनु, स्थानीय सरोकारवालाहरुलाई स्थानीय पाठ्यक्रम सम्बन्धी जानकारी नहुनु, स्थानीय पाठ्यक्रम सम्बन्धमा हाल उपलब्ध तालिम र स्रोतसाधनको अपर्याप्त रहेको छ । यस्तै स्थानीय तहमा पाठ्यक्रम निर्माणमा सरोकारवालाहरुको सहभागिता व्यापक बनाउन नसक्नु, स्थानीय पाठ्यक्रममा समावेश गर्नुपर्ने क्षेत्रमा विज्ञ तथा स्रोतव्यक्तिहरुको अभाव रहनु, स्थानीयस्तरमा स्थानीय पाठ्यक्रम निर्माण गर्नसक्ने जनशक्तिको अभाव हुनु साथै निर्माण भएका स्थानीय पाठ्यक्रमको कार्यान्वयनमा आवश्यक प्राविधिक सहयोग सम्बन्धित निकायबाट हुन नसक्नु, विद्यार्थीहरुको रुची र चाँहनामा भिन्नता हुनु, प्रयोग गर्न कठिनाई हुनु, भाषिक समस्या जस्ता समस्याहरु प्रस्तुत गरेको पाइयो ।

स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा आइपर्ने समस्या समाधानार्थ के कस्ता उपायहरु हुन सक्दछन् भनी सोधिएको प्रश्नबाट प्राप्त सुझाबहरुलाई विश्लेषण गर्दा माथि उल्लेखित गरिएका समस्याहरुको व्यवस्थापन गरी स्थानीय पाठ्यक्रमको महत्व, उपादेयता साथै आवश्यकताका सन्दर्भमा स्थानीय सरोकारवालाहरुलाई सचेतीकरणको व्यवस्था गरेर, स्थानीय पाठ्यक्रमको लागि आर्थिक व्यवस्थापन गर्ने, विज्ञहरुको छनौट, स्थानीय निकायलाई स्थानीय पाठ्यक्रमको जानकारी गराई आर्थिक सहयोगको लागि पहल गर्ने साथै निर्माण भएका स्थानीय पाठ्यक्रमको कार्यान्वनमा आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनुपर्ने जस्ता सुझाबहरु प्रस्तुत गरेको पाइयो ।

स्थानीय ठाउँको प्रचार विकास तथा स्थानीय महत्पूर्ण चाँडपर्व, स्थान विशेष, कलाकौशल, व्यवसाय, घरेलु उद्योग, प्राकृतिक स्रोतको उचित सम्मान र परिचालन गरी संरक्षण र सम्बर्धन गर्न, स्थानीय तहका सरोकारवालहरु र संस्थाको सक्षमता अभिबृद्धि गर्न, शिक्षामा सबैको पहुँच अभिबृद्धि गर्न साथै शिक्षाप्रति स्थानीय समुदायको अपनत्वको भावना विकास गरी शिक्षाप्रति उत्तरदायी र जिम्मेवारी बनाउन स्थानीय पाठ्यक्रमको आवश्यकता पर्दछ भन्ने धारणा वि.नि. तथा स्रोतव्यक्तिको रहेको पाइयो ।

## ४.२.४ स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी बजेटको व्यवस्था

कुनैपनि काम संचालन गर्न वा कार्यक्रम संचालन गर्नका लागि र सम्पन्न गर्नका लागि बजेटको व्यवस्था हुनुपर्दछ । बजेटको अभावमा कुनैपनि कार्यक्रमलाई संचालन गर्न सकिदैंन । हाम्रो देशको सन्दर्भमा सार्वजानिक विद्यालयहरुमा कुनै पनि राम्रो काम गर्नका लागि बजेटको समस्या रहेको पाइन्छ । अहिलेको वर्तमान सन्दर्भमा बालमैत्री कक्षाकोठाको व्यवस्थापन, समावेशी शिक्षाको व्यवस्थापन साथै समाहित शिक्षा र निरन्तर विद्यार्थी मूल्याङ्कनको वास्तविक मर्म अनुसार लागु गर्न बजेटको समस्या नै प्रमुख रुपमा रहेको पाइन्छ ।

स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वनका लागि नमूना छनौटमा परेका विद्यालयका प्र.अ.हरुसँगको छलफलबाट पनि स्थानीय पाठ्यक्रम निर्माण गर्नका लागि जिल्ला शिक्षा कार्यालयबाट छुट्टै बजेटको निकासा नभएको वा विद्यालयले प्राप्त नगरको अवस्था रहेको पाइयो ।

स्थानीय पाठ्यक्रम निर्माण गर्न प्राविधिक कठिनाई परेमा पाठ्यक्रम विकास केन्द्रबाट यथासम्भव प्राविधिक सहयोग उपलब्ध गराउन सकिने व्यवस्था साथै स्थानीय पाठ्यक्रम निर्माणका लागि आवश्यक बजेट विद्यालयलाई प्राप्त हुने स्रोतबाट नै खर्च गर्नुपर्ने वा विद्यालय सुधार विकास

योजना आदिमा समावेश गरी विकास गराउनुपर्नेछ भनी स्थानीय पाठ्यक्रम निर्देशिका २०६४ मा उल्लेख गरिएको छ ।

यद्यपी स्थानीय पाठ्यक्रम निर्माणका लागि वर्तमान शिक्षा ऐन, नियमावली तथा जि.शि.का.बाट समय समयमा प्राप्त हुने निर्देशिकाहरुको अध्ययन गर्दा छुट्टै बजेटको व्यवस्था नहुनाको साथै विद्यालयहरुमा स्थानीय विषय पढाउने शिक्षक दरबन्दीको पनि व्यवस्था नभएको पाइन्छ । यस्तो अवस्था हुनुमा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा सम्बन्धित सरोकारवाला निकायहरुको उदासिनतालाई लिन सकिन्छ । जुन दुःखपूर्ण अवस्था रहनु हो भनी उल्लेख गर्न सकिन्छ ।

## ४.२.५ स्थानीय सरोकारवाला व्यक्तिहरुलाई तालिमको व्यवस्था

पाठ्यक्रम निर्माण कार्य एक महत्वपूर्ण र चुनौतीपूर्ण कार्य हो । हाम्रो देश नेपाल भौगोलिक दृष्टिले हिमाल, पहाड, तराइको विविधता भएको, धर्म सँस्कृतिको विविधता भएको, जातिय र भाषिक विविधता भएको, वर्गक्षेत्र र समुदायका विविध सँस्कृतिमा विभाजित समाजका विभिन्न प्रकारका आवश्यकता तथा चाहनाहरु पुरा गर्न स्थानीय पाठ्यक्रमको ज्यादै ठूलो आवश्यकता र महत्व रहेको हुन्छ ।

नेपालको सन्दर्भमा भन्नुपर्दा स्थानीय पाठ्यक्रमलाई ज्यादै महत्वपूर्ण पाठ्यक्रमको रुपमा लिनुपर्दछ । किनभने स्थानीय तहमा शिक्षाप्रतिको जनचेतना विकास गराउने, स्थानीय जनताको शिक्षाप्रतिको सहभागिता बढाउन, विद्यालयबाट विभिन्न कारणले बञ्चित भएका बालबालिकालाई विद्यालय पढाउन र स्थानीय तहलाई स्थानीय शिक्षाप्रति बढी उत्तरदायी बनाउन यसले सहयोग पुऱ्याउछ ।

नेपालका स्थानीय इलाकाहरुको विश्लेषण गर्दा स्थानीय सक्षमता र संयन्त्रको अभाव, स्थानीय निकायको शिक्षाप्रतिको आकर्षणमा कमी, काम गर्ने प्रतिवद्धताको कमी, स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने आवश्यक जनशक्तिको कमी, अंग्रेजी शिक्षाप्रतिको बढ्दो आकर्षण केन्द्रमुखी प्रबृत्ति, तालिमप्राप्त शिक्षकको कमी स्थानीय पाठ्यक्रम निर्माणका लागि नेपालका चुनौतीहरु हुन् । यस्ता चुनौतीहरुसँग जुध्दै स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्यनका लागि नेपाल सरकारले थुप्रै प्रयासहरु गरेको छ । उदाहरणका लागि विद्यालय सुधार योजना र कार्यान्वयन, गाउँ शिक्षा योजना, स्रोतकेन्द्र र स्रोतव्यक्तिको व्यवस्थापन र गा.वि.स., नगरपालिका र जिविसको शिक्षासम्बन्धी काम कर्तब्य र अधिकारलाई लिन सकिन्छ । यी सबै प्रयासहरुलाई सक्षमतापूर्वक कार्यान्वयन गराउनसक्दा

चुनौतीहरुलाई चिर्दै स्थानीय पाठ्यक्रम ज्यादै आवश्यक र महत्वको हुनेछ । त्यसकारण स्थानीय पाठ्यक्रम निर्माण गर्न स्थानीय सरोकारवालाहरुलाई तालिमको व्यवस्था हुन जरुरी देखिन्छ ।

यस क्षेत्रका स्रोतव्यक्तिसँगको छलफलबाट समय समयमा स्थानीय पाठ्यक्रम निर्माण गर्नका लागि शिक्षकहरुका लागि केही समय तालिमको संचालन गरिएको भएता पनि त्यसले निरन्तरता नपाएको साथै तालिममा स्थानीय सरोकारवालाहरुलाई व्यापक रुपले सहभागी गराउन नसकिएको कुरा उल्लेख भएको साथै स्थानीय सरोकारावालाहरुलाई सहभागी बनाउन आवश्यक व्यवस्था नभएको तथापी समय समयमा सेवाकालिन शिक्षकहरुका लागि बुहभाषिक तथा स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माणका लागि संचालन गरिएको धारणा रहेको पाइयो ।

## ४.३ प्राथमिक तहमा स्थानीय पाठ्यक्रम व्यवस्थापनमा देखिएका समस्या

सामान्य अर्थमा भन्दा स्थानीय तहका आवश्यकता र चाहनालाई समेटेर बनाइएको पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रम भनिन्छ । स्थानीय पाठ्यक्रम स्थानीय तहका ज्ञान, सीप विकासमा केन्द्रीत हुन्छ । स्थानीय पाठ्यक्रम पूर्णरुपमा शिक्षाको विकेन्द्रिकरण प्रणालीमा आधारित छ । स्थानीय तहलाई शैक्षिक स्वायत्तता प्रदान गर्ने हुनाले यस पाठ्यक्रमको महत्व बढेको छ ।

स्थानीय पाठ्यक्रम संसारका विभिन्न मुलुकहरुमा संचालित छ । स्थानीय आवश्यकतामा आधारित स्थानीय तहबाट निर्मित र स्वायत्तता प्राप्त गरी कार्यान्वित स्थानीय तहको पाठ्यक्रमले व्यक्तिविकास, समाज विकास र राष्ट्रिय विकासमा जोड दिन्छ । स्थानीय पाठ्यक्रम सबै ठाउँमा एउटै किनभने स्थानीय आवश्यकताहरु सबै ठाउँमा एकै प्रकारका हुँदैनन् । यस्तो विविधतामा आधारित भएर पनि स्थानीय पाठ्यक्रमले लोकतान्त्रिक, खुल्ला प्रकृति, समावेशी, सन्तुलित, समाजिक र राष्ट्रिय आवश्यकतामा आधारित जीवनपयोगी र क्रियाकलाप केन्द्रित सिद्धान्तहरुलाई समेटेको हुन्छ । यस्ता सिद्धान्तमा आधारित पाठ्यक्रमले सामाजिक, राष्ट्रिय र अन्तराष्ट्रिय स्तरलाई समतुल्य गरेको हुन्छ, स्तर निर्धारण गरेको हुन्छ । अत : स्थानीय पाठ्यक्रमको महत्व रहेको मानिन्छ ।

स्थानीय पाठ्यक्रममा केन्द्रिय सरकारले आवश्यक सहयोग पुऱ्याउँछ भने स्थानीय निकायलाई अधिकार सम्पन्न बनाउँछ । स्थानीयलाई बढी जिम्मेवार र जवाफदेही बनाई आफ्नो अधिकारको समुचित प्रयोग गराउँछ । यसो गर्दा सिकारुले कोरा किताबी ज्ञान मात्र प्राप्त नगरी व्यवहारिक, कार्यमूलक र उत्पादनमूलक शिक्षा प्राप्त गर्ने विश्वास गरिन्छ । स्थानीय पाठ्यक्रम स्थानीय

आवश्यकता र चाहनामा आधारित स्थानीय सहभागितमा निर्मित र कार्यान्यित तथा स्थानीय ज्ञान सीपको विकासमा आधारित हुने हुँदा विद्यालय शिक्षाबाट बञ्चित धेरै बालबालिकाहरुलाई विद्यालय भित्र्याउन समेत सकिने विश्वास गरिन्छ । यसरी उत्पादित विद्यार्थीले आफ्नो स्थानीयपनलाई माया गर्ने बानीको विकास, आत्मनिर्भर हुने बानीको विकास, समाजलाई सहयोगी भावनाबाट विकास गर्ने प्रणालीको समेत विकास हुने विश्वास गरिन्छ ।

स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा देखापरेका समस्याहरु बारे नमूना छनोटमा परेका ४ विद्यालयहरुका प्र.अ., शिक्षक, अभिभावक, वि.ब्य.स.पदाधिकारीहरु र शि.अ.संघ पदाधिकारीहरुसँग यस सोधकर्ताले तयार गरेका प्रश्नावलीको आधारमा सोधिएका प्रश्नबाट प्राप्त उत्तरहरुलाई विश्लेषण गर्दा निम्न निश्कर्षमा पुग्न् सकिन्छ ।

प्राथमिक तहमा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्न बजेटको अभाव हुनु, स्थानीय सरोकारवालाहरुलाई स्थानीय पाठ्यक्रम सम्बन्धि जानकारी नहुनु, अभिभावकहरुमा शिक्षाप्रति दायित्व बोध नरहनु, शिक्षाको विकासमा उदासिनता रहनु, स्थानीय पाठ्यक्रम सम्बन्धमा हाल उपलब्ध तालिम र स्रोत साधनको अपर्याप्त हुनु, स्थानीय तहमा पाठ्यक्रम निर्माणमा सरोकारवालाहरुको सहभागिता व्यापक बनाउन नसक्नु वा व्यापक नहुनु, स्थानीय पाठ्यक्रम निर्माण गर्न समावेश गर्नुपर्ने क्षेत्रका विज्ञ तथा स्रोतव्यक्तिको अभाव रहनु ।

स्थानीय पाठ्यक्रम निर्माणका लागि स्थानीय स्तरमा स्थानीय पाठ्यक्रम निर्माण गर्नसक्ने जनशक्ति नहुनु, निर्माण भएका स्थानीय पाठ्यक्रमको कार्यान्वयनमा आवश्यक प्राविधिक सहयोग प्राप्त गर्न नसक्नु, समुदाय तथा अभिभावकहरुको रुची र चाहनामा भिन्नता हुनु, विद्यार्थीहरुको रुची र चाहनामा भिन्नता रहनु, स्थानीय पाठ्यक्रम अनुगमन र निरीक्षणको व्यवस्था नहुनु, स्थानीय पाठ्यक्रम निर्माण गर्ने संयन्त्रको निर्माण तथा व्यवस्था नहुनु, अभिभावकहरुमा अंग्रेजी भाषाप्रति मोह हुनु, जातिय तथा भाषिक विविधता रहनु, अभिभावकहरुको चेतना स्तरको अभाव रहनु जस्ता कारणले स्थानीय पाठ्यक्रम निर्माण हुन नसकेको पाइन्छ ।

विद्यालयहरुमा स्थानीय विषयको शिक्षणका लागि छुट्टै शिक्षक दरबन्दीको व्यवस्था नरहनु, विद्यालयको आन्तरिक आम्दानी नरहनु जसबाट छुट्टै शिक्षकको व्यवस्था गर्न नसक्नु दरबन्दी संख्या कम रहनु, गाउँ शिक्षा समितिहरु निश्क्रिय रहनु, स्रोतकेन्द्र तथा जिल्ला शिक्षा कार्यालयले अनुगमन नगर्नु स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वन गर्न हौसला प्रदान नगर्नु, स्थानीय निकायमा स्थानीय

पदाधिकारीहरुलाई स्थानीय पाठ्यक्रमवारे जानकारी नहुनु, स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा स्थानीय तहमा एकरुपता नहुनु आदिलाई स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा आइपर्ने समस्याहरुका रुपमा प्रस्तुत गरेको पाइयो ।

### ४.३.१ स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी तालिमको व्यवस्था

तालिम भनेको ज्ञान, सीप प्रवृत्ति र व्यवहारमा परिवर्तन ल्याउने प्रविधि हो । वास्तवमा कुनै पनि व्यक्तिले आफूमा भएको ज्ञान, सीप र क्षमतालाई परिष्कृत गर्ने वा पुनतार्जगी गर्ने वा आफूमा भएको अभाव पूर्ति गर्ने वा कमजोरी हटाउने साधन नै तालिम हो ।

कुनै काम गर्ने व्यक्तिले हाल गरिरहेको वा भविष्यमा गर्ने कामलाई प्रभावकारी ढंगबाट संचालन गर्नका लागि आवश्यक पर्ने ज्ञान, सीप र धारणाको विकास गर्ने प्रक्रियालाई तालिम भनिन्छ । तालिमलाई ज्ञान बढाउने, सीप सिकाउने र धारणामा परिवर्तन गराउने महत्वपूर्ण साधनका रुपमा लिइने गरेको पाइन्छ । तालिमले वैयक्तिक उन्नति गराउँछ, वृत्ति विकास गराउँछ, क्षमता ह्रास हुनबाट बचाउँछ, कार्यशैलीमा प्रभावकारीता ल्याउँछ, मनोवलमा वृद्धि गराउँछ । तालिम एक महत्वपूर्ण कार्य हो भनेर भन्न सकिन्छ ।

पाठ्यक्रम निर्माण एक जटिल र चुनौतीपूर्ण कार्य पनि हो । यो एक प्राविधिक कार्य पनि हो । तसर्थ पाठ्यक्रम विकासका प्रक्रियाहरु र पाठ्यक्रम निर्माण गर्दा चाहिने आवश्यक वस्तुहरु बारेमा पनि पाठ्यक्रम निर्माणका लागि आवश्यक जानकारी हुनु आवश्यक हुन्छ । स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका २०६४ मा स्थानीय तहको पाठ्यक्रम निर्माणका लागि पाठ्यक्रम विकासका सबै चरणहरु अपनाउनु पर्ने कुराहरु उल्लेख गरिएको पाइन्छ । ती चरणहरु क्रमशः आवश्यकता पहिचान, उद्देश्य निर्धारण, विषयवस्तु छनौट, कक्षागत सिकाइ उपलब्धि विवरण, शिक्षण प्रक्रिया (शैक्षिक सामग्री, क्रियाकलाप र विधी) विद्यार्थी मूल्यांकन, समय निर्धारण जस्ता पाठ्यक्रम विकासका चरणहरु अपनाउनु पर्दछ तसर्थ स्थानीय तहको पाठ्यक्रम विकासका लागि पनि यी माथी उल्लेख गरिएका चरणहरुको राम्रो ज्ञान भएको व्यक्तिले मात्र सही पाठ्यक्रम निर्माण गर्न सक्दछ तसर्थ स्थानीय पाठ्यक्रमको निर्माणका लागि तालिमको आवश्यकता पर्दछ ।

नमूना छनौटमा परेका ४ विद्यालयहरुका प्र.अ. तथा शिक्षकहरुलाई स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धमा सोधिएको प्रश्नमा स्थानीय पाठ्यक्रम अन्तर्गतका विषयवस्तु शिक्षणका लागि सबै विद्यालयहरुमा १/१ जना शिक्षकको व्यवस्था रहेको पाइयो वा छनौटमा परेका विद्यालयमा स्थानीय

पाठ्यक्रम निर्माण सम्बन्धी तालिम लिएका शिक्षक संख्या १/१ जना रहेको पाइयो । तालिम स्रोतकेन्द्र मार्फत शिक्षकहरुलाई प्रदान गरिएको पाइयो ।

यद्यपी स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी तालिम स्रोतकेन्द्र मार्फत शिक्षकहरुलाई दिएता पनि उक्त तालिमलाई नियमित नगरिएको, व्यवस्थित नबनाइएको गुनासो शिक्षकहरुको पाइयो । यसबारे स्रोतव्यक्तिसँग बुझ्दा वास्तवमा नै तालिमलाई नियमित गराउन नसकिएको, तालिम संचालन र व्यवस्थापन गर्न माथिल्ला निकायको मुख ताक्नुपर्ने अवस्था रहेको तर सरकारी अनुदान प्राप्त तालिमहरु, बहुभाषिक तालिमहरु संचालन भइरहेको धारणा रहेको पाइयो । तथापी स्थानीय पाठ्यक्रम निर्माणमा स्थानीय सरोकारवालाहरुलाई ब्यापक सहभागिता बनाई स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी तालिम नै संचालन नभएको अवस्था रहेको पाइयो । विद्यालयका प्र.अ. तथा शिक्षकहरुसँग तालिमको वर्तमान अवस्था बारे गरिएको छलफलमा स्थानीय तहमा पाठ्यक्रम निर्माणमा सरोकारवालाहरुको सहभागिता व्यापक नभएको र स्थानीय पाठ्यक्रम सम्बन्धमा हाल उपलब्ध तालिम र स्रोतसाधनको अपर्याप्त भएको र निर्माण भएका स्थानीय पाठ्यक्रमको कार्यान्वयनमा आवश्यक प्राविधिक सहयोग पनि विद्यालयले प्राप्त नगरेको गुनासो रहेको पाइयो ।

तसर्थ स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी तालिममा सरोकारवालाहरु सबैलाई व्यापक सहभागिता गराई स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्न अनुगमनको प्रभावकारी व्यवस्था गरी विद्यालयहरुलाई स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्न उत्प्रेरित गर्नु स्रोत केन्द्र र जि.शि.का. ले आवश्यक देखिन्छ ।

## ४.३.२ स्थानीय पाठ्यक्रम निर्माणमा आवश्यक बजेटको व्यवस्था

कुनै पनि कार्यलाई सफलतापूर्वक सम्पन्न गर्नका लागि बजेटको आवश्यकता पर्नजान्छ । जतिसुकै राम्रो कार्यक्रम वा योजना बनाएता पनि बजेटको अभावमा त्यसलाई पुरा गर्न सम्भव हुँदैन । त्यसैले कार्यक्रम वा योजनालाई सफलतापूर्वक सम्पन्न गर्नका लागि पहिलो शर्त बजेटको व्यवस्था हुनुपर्दछ ।

कुनैपनि योजनाविहिन व्यक्ति तथा संस्था धागो चुँडिएको चङ्गासरह हुन्छ । योजना नहुँदा व्यक्ति तथा संस्था लगाम सहितको घोडाको सवारीसरह हुन्छ । जसले घोडालाई आफूले चाँहेको गतिमा, आँफूले चाहेको रफ्तारमा, आफूले चाहेको चालमा, आँफूले चाहेको दिशातिर सकुशल अघि बढाउन सक्दछ । यसरी योजना नहुँदा हामी कहाँ जाने, कता जाने, कसरी जाने भन्ने पूर्वतयारी तथा पूर्वसोचको

अभावमा लक्ष्यमा पुग्न कठिनाई हुन्छ । कुनैपनि कार्यक्रमको निर्धारित लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि प्रभावकारी योजना निर्माण गरी अगाडि बढ्यो भने आफ्नो गन्तब्य मार्गमा आइपर्ने जस्तोसुकै समस्या, बाधाअड्चनको सामना गर्दै लक्ष्य प्राप्त गर्न सफल हुनसक्छौं । प्रभावकारी योजना निर्माण गरेरमात्र पनि हुँदैन त्यसलाई सफलतापूर्वक सम्पन्न गर्नका लागि आवश्यक बजेटको व्यवस्था हुनुपर्दछ । बजेटको अभावमा कुनै पनि कार्यक्रमलाई प्रभावकारी बनाउन र सफल बनाउन सकिदैंन ।

नमूना छनौटमा परेका ४ विद्यालयहरुमा स्थानीय पाठ्यक्रम निर्माणका लागि आवश्यक पर्ने बजेटको व्यवस्था कसरी भएको छ भनी विद्यालयहरुका प्र.अ.हरुसँग भएको अन्तरक्रियामा स्थानीय पाठ्यक्रम निर्माणका लागि जि.शि.का.बाट कुनै अनुदान प्राप्त नहुने रअहिलेसम्म कुनैसंघ संस्थाले पनि विद्यालयमा स्थानीय पाठ्यक्रम निर्माणका लागि भनी आर्थिक सहयोग प्राप्त नभएको अवस्था पाइयो ।

स्थानीय पाठ्यक्रम निर्माणका लागि विद्यालयले आफ्नो वार्षिक बजेटमा कस्तो व्यवस्था गरेको छ र आन्तरीक आम्दानीले स्थानीय पाठ्यक्रम निर्माणका लागि व्यवस्था गर्न सकिदैंन भनी विद्यालयका प्र.अ.हरुसँग राखिएको जिज्ञासामा प्र.अ.हरुको उत्तर यस प्रकारको रहेको पाइयो प्रथमत स्थानीय पाठ्यक्रम वा स्थानीय विषयको सट्टामा अंग्रेजी विषयको पठनपाठन भइरहेको हुँदा विद्यालयले बनाउने वार्षिक कार्ययोजनामा स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी व्यवस्था नरहेको भन्ने कुरा उल्लेख गरेको पाइयो साथै विद्यालयहरुमा आन्तरिक आम्दानीको राम्रो व्यवस्था नभएकाले स्थानीय पाठ्यक्रम निर्माण गर्न आन्तरिक आम्दानीले मात्र निर्माण गरी कार्यान्वयन गर्न सम्भव नभएको धारणा पाइयो ।

विकेन्द्रीकरणको धारणा अनुरुप पाठ्यक्रम सुधार उपागम पद्धतिमा स्थानीय निकाय वा विद्यालयलाई पाठ्यक्रम सुधार गर्ने अवसर प्राप्त भएको हुन्छ । स्थानीय पाठ्यक्रम निर्माणको खास उद्देश्य पाठ्यक्रम, शिक्षण तथा विद्यार्थीको तत्परता समूदायको आवश्यकता अनुसारका मूल्याङ्कन पद्धति मार्फत सबै विद्यार्थीहरुमा गुणस्तर र समानता कायम राख्ने प्रयास गरिन्छ । तर नेपालका विद्यालयहरुका सन्दर्भमा स्थानीय स्तरमा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने अधिकार प्रदान गरेको भएता पनि स्थानीय तहमा प्राप्त भएको अधिकारलाई सदुपयोग गरेको पाइँदैन । स्थानीय पाठ्यक्रमको निर्माणबाट स्थानीय आवश्यकतामा आधारित विषयवस्तुहरुको विकास गर्ने अवसर विद्यालयहरुलाई प्राप्त भएपनि विद्यालयहरुले बनाउने वार्षिक कार्ययोजनामा स्थानीय

पाठ्यक्रम निर्माण सम्बन्धी कुरा उल्लेख नहुनु बरु अंग्रेजी विषयको पठनपाठन भैरहेको कुरा उल्लेख गर्नुबाट विद्यालयहरुले आफूले पाएको अधिकारको सहि सदुपयोग गरेको देखिन्दैँन जुन अवस्था रहनु "कागलाई वेल पाक्यो हर्ष न विस्मात" भने झैं भएको अवस्था पाइयो ।

## ४.३.३ स्थानीय पाठ्यक्रम निर्माणमा निरीक्षण र सुपरीवेक्षणको अवस्था

स्थानीय तहलाई अधिकार मात्र प्रत्यायोजित गरेर हुँदैन वा पुग्दैन । स्थानीय तहलाई दिएको जिम्मेवारी वा काम पूरा गर्नका लागि सम्बन्धित वा सरोकारवाला निकायहरुले उत्प्रेरित गरी जिम्मेवारी पूरा गर्न आवश्यक वातावरणको पनि सृजना गर्नुपर्दछ । स्थानीय पाठ्यक्रम निर्माण मूलत स्थानीय सरोकारवालाहरुको सहभागितामा स्थानीय आवश्यकतामा आधारित भएर स्थानीय पाठ्यक्रमको निर्माण गरिन्छ ।

यस अनुसन्धानकर्ता नमूना छनौटमा परेका विद्यालयहरुका प्र.अ.हरुसँग स्थानीय पाठ्यक्रम निर्माणमा निरिक्षण र सुपरीवेक्षणको अवस्था कस्तो रहेको छ भनी राखिएको जिज्ञासा बाट प्राप्त उत्तरलाई यहाँ विश्लेषण गर्ने प्रयास गरिएको छ ।

स्थानीय पाठ्यक्रम निर्माण गर्नका लागि स्थानीय स्तरमा रहेका गा.वि.स., गाउँ शिक्षा समिति, वि.व्य.स., शि.अ.संघ लगायत स्थानीय संघ संस्थाहरु स्थानीय पाठ्यक्रम विज्ञको पनि जिम्मेवारी हो अथवा कर्तव्य हो ।

यद्यपी स्थानीय पाठ्यक्रम निर्माणको अवस्था समबन्धमा हालसम्म पनि जि.शि.का. तथा स्रोतकेन्द्रबाट पनि निरिक्षण नभएको अवस्था रहेको पाइयो । साथै स्थानीय पाठ्यक्रम निर्माणमा सरोकारवाला स्थानीय संघसंस्थाहरुको उचित ध्यान नपुगेको अवस्था रहेको पाइयो । स्थानीय पाठ्यक्रमको निर्माणको अवस्था कस्तो रहेको छ ? के विषयमा स्थानीय पाठ्यक्रम निर्माण भएको छ ? कुन प्रक्रियाद्वारा स्थानीय पाठ्यक्रम निर्माण भएको छ ? जस्ता प्रश्नहरुमा स्थानीय संघसंस्थाहरु वेखवर रहेको धारणा पाइयो ।

स्थानीय पाठ्यक्रम निर्माणमा हालसम्म पनि गा.वि.स., गाउँ शिक्षा समितिले विद्यालयहरुको निरिक्षण तथा सुपरीवेक्षण गरी स्थानीय पाठ्यक्रम निर्माणमा विद्यालयलाई उत्प्रेरित गरी आवश्यक वातावरण बनाउन पहल गरेको देखिन्दैन । साथै वि.व्य.स. तथा शि.अ.संघसँग विद्यालयमा डाकी स्थानीय पाठ्यक्रम निर्माणको आवश्यकता तथा मर्मका विषयमा छलफल गरेता पनि स्थानीय

पाठ्यक्रम निर्मणमा खासै ध्यान नदिएको अवस्था पाइयो साथै उनिहरुमा पनि अंग्रेजी भाषाप्रतिको मोहका कारणले त्यसो हुन गएको धारणा प्र.अ.को रहेको पाइयो । स्थानीय स्तरका संघसंस्था तथा पाठ्यक्रम विज्ञ तथा बुद्धिजिवीहरुले पनि स्थानीय पाठ्यक्रम निर्माणका अवस्थामा विद्यालयमा निरिक्षण तथा सुपरीवेक्षण गरी विद्यालयलाई स्थानीय पाठ्यक्रमको निर्माण गरी कार्यान्वयन गर्न आवश्यक सहयोग नगरेको अवस्था पाइयो ।

स्थानीय पाठ्यक्रम निर्माणका लागि स्थानीय सरोकारवाला संघसंस्थाहरु तथा व्यक्तिहरुलाई जिम्मेवार बनाई स्थानीय पाठ्यक्रमको निर्माणका लागि आवश्यक वातावरण सृजना गर्नका लागि स्रोतकेन्द्र तथा जि.शि.का ले नेतृत्वदायी भूमिका खेली सरोकारवाला संघसंस्थाहरु तथा व्यक्तिहरुलाई तालिमको व्यवस्था गर्नुपर्ने देखिन्छ । साथै तालिमको माध्यमबाट उनीहरुको काम, कर्तव्य बारेमा प्रष्ट पार्दै उनीहरुलाई जिम्मेवार बनाउन आवश्यक पहल गर्नुपर्ने अवस्था रहेको पाइयो ।

## ४.३.४ स्थानीय पाठ्यक्रम निर्माणमा सरोकारवालाहरुको चासो

स्थानीय पाठ्क्रम निर्माण स्थानीय सरोकारवालाहरुको सहभागीतामा विद्यालयले निर्माण गर्ने गर्दछ । तसर्थ स्थानीय पाठ्यक्रम निर्माणमा स्थानीय सरोकारवालाहरुको चासो महत्वपूर्ण हुने गर्दछ । छनौटमा परेका विद्यालयहरुमा स्थानीय पाठ्यक्रम निर्माण गर्दा सरोकारवालाहरु मध्ये कसकसलाई सहभागी गराएको छ भनी प्र.अ.लाई सोधिएको प्रश्नबाट प्राप्त उत्तरलाई निम्न अनुसार विश्लेषण गरिएको छ ।

नमूना छनौट गरिएका ४ वटा विद्यालयहरुमा स्थानीय पाठ्यक्रम निर्माणमा सहभागिताको अवस्था अध्ययन गर्दा पाठ्यक्रम निर्माणमा वि.व्य.स.लाई सबै विद्यालयहरुले छलफलमा सहभागी गराएको देखियो । नमूना छनौट गरिएका सबै विद्यालयहरुले अर्थात ४ वटा नै विद्यालयहरुले शिक्षकसँग छलफल गरेर स्थानीय पाठ्यक्रम निर्माण गरेको देखियो । त्यसैगरी कुनै पनि विद्यालयले स्थानीय पाठ्यक्रमको रुपमा अध्यापन गरिने विषयको प्रयोग गर्न विद्यार्थीहरुलाई सहभागी नगराएको पाइयो । स्थानीय पाठ्यक्रम निर्देशिका, २०६३ ले स्थानीय पाठ्यक्रम निर्माण गर्दा शिक्षक, विद्यार्थी, अभिभावक, वि.व्य.स., शिक्षक, अभिभावक संघ, स्थानीय निकाय विभिन्न संघसंस्थाका पदाधिकारी आदिलाई सहभागी गराउनु पर्नेमा शिक्षक तथा केही सरोकारवालाहरुलाई मात्र सहभागी गराउँदा स्थानीय पाठ्यक्रमको मर्मलाई नै नसमेटेको पाइयो ।

छनौटमा परेका विद्यालयहरुमा स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगसँग प्रत्यक्ष सरोकार राख्ने सरोकारवालाहरुलाई प्रश्नावली फारमको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको थियो । उक्त तथ्याङ्कलाई तल व्याख्या र विश्लेषण गरिएको छ ।

स्थानीय पाठ्यक्रमको सम्बन्धमा स्थानीय सरोकारवालाहरु कसकसलाई जानकारी छ कसकसलाई जानकारी छैन भनी नमूना छनौट गरिएका विद्यालयका सरोकारवालाहरुलाई सोधिएको प्रश्नबाट प्राप्त उत्तरहरुलाई विश्लेषण गर्दा छनौटमा परेका ४ जना प्र.अ.र ८ जना शिक्षकहरु सबैलाई स्थानीय पाठ्यक्रमको जानकारी रहेको पाइयो । ४ जना वि.व्य.स. सदस्यहरु र ८ जना अभिभावकहरु कसैलाई पनि स्थानीय पाठ्यक्रमको जानकारी नरहेको पाइयो । त्यसैगरी नमूना छनौटमा परेका ८ जना विद्यार्थीहरु र २ जना स्थानीय निकायका पदाधिकारीहरु कसैलाई पनि स्थानीय पाठ्यक्रमको जानकारी नभएको पाइयो ।

स्थानीय पाठ्यक्रम निर्माण र सचेतना सामग्री (२०६५) मा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा शिक्षक, विद्यार्थी, अभिभावक वर्ग, शिक्षक अभिभावक संघ, वि.व्य.स., स्थानीय निकाय (गा.वि.स., न.पा.), जि.शि.का., जि.शि.स., जिल्ला पाठ्यक्रम विकास तथा समन्वय समिति, जि.वि.स. आदिको स्थानीय रुपमा महत्वपूर्ण भूमिका रहने भएता पनि छनौटमा परेका अधिकांश विद्यालयहरुका प्र.अ. र शिक्षकहरु बाहेक अन्य सबै सरोकारवाला पक्षहरुलाई स्थानीय पाठ्यक्रमको सम्बन्धमा जानकारी नै नहुनु दुःखको कुरा हो ।

## ४.३.५ स्थानीय निकाय र गैर सरकारी संस्थाहरुको दृष्टिकोण

स्थानीयस्तरका सरोकारवालाहरुबाट स्थानीय आवश्यकता अनुसार स्थानीय पाठ्यक्रम र मातृभाषाको पाठ्यक्रम निर्माण प्रयोग गर्न सकिने प्रावधान प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ ले गरेको छ । केन्द्रबाट निर्माण गरिने पाठ्यक्रममा स्थानीय आवश्यकताका साथै स्थानीय विषयवस्तु, स्थानीय परिवेश र वातावरणको प्रतिनिधित्व हुँदैन । साथै केन्द्रबाट लादिएको पाठ्यक्रम स्थानीय अभिभावक र बालबालिकाको रुची र आवश्यकता अनुकुल नहुने भएकाले स्थानीयस्तरको आफ्नो आवश्यकता अनुसार आफ्नै सहभागीतामा निर्माण गरी प्रयोगमा ल्याउने व्यवस्था गरिएको हो । आफ्नै आवश्यकता अनुसार आफ्नै सक्रियतामा बनाइने भएकाले त्यसको प्रयोग गर्न पनि सहज हुन्छ । त्यसैले स्थानीय पाठ्यक्रमको  निर्माणका लागि स्थानीय स्तरमा रहेका संघसंस्था तथा स्थानीय निकाय र गैर सरकारी संस्थाहरुको सकारात्मक दृष्टिकोण आवश्यक हुन्छ ।

यस शोधकर्ताले स्थानीय पाठ्यक्रम निर्माणका सम्बन्धमा चुलाचुली स्रोतकेन्द्र अन्तर्गतका २ गा.वि.स. तांखुवा र तेलियाका पदाधिकारीलाई साथै यस क्षेत्रका केही गैरसरकारी संस्थाहरु ( जनजाती महासंघ, बालबालिका संरक्षण समिति, महिला सञ्चाल, दलित नेटवर्क) का केही व्यक्तिहरुलाई प्रतिनिधिका रुपमा लिई स्थानीय पाठ्यक्रम निर्माणका सम्बन्धमा के व्यवस्था छ भनी सोधिएको प्रश्नमा केही प्रतिनिधीहरु स्थानीय पाठ्यक्रम सम्बन्धमा अनविज्ञ रहेको पाइयो भने केहीले यो राम्रो व्यवस्था भएपनि यसको निर्माण प्रक्रियाका बारेमा ज्ञान नभएको कुरा उल्लेख गरेको पाइयो । स्थानीय निकायका पदाधीकारीहरुले पनि स्थानीय पाठ्यक्रम निर्माणका सम्बन्धमा आवश्यक जानकारी वा ज्ञान नभए पनि यो व्यवस्था भने राम्रो नै रहेको कुरा उल्लेख गरेको पाइयो ।

स्थानीय निकाय वा गैरसरकारी संस्थाका पदाधिकारीहरुलाई स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा देखिएका समस्याहरु तथा स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा देखिएका समस्याहरु तथा स्थानीय पाठ्यक्रम निर्माण गर्न विद्यालयहरुलाई के-कस्तो सहयोग गर्नुहुन्छ भन्ने प्रश्नमा प्राप्त उत्तरलाई विश्लेषण गर्दा विद्यालयहरुले स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगका लागि आर्थिक र प्राविधिक सहयोगको माग गरेमा आवश्यक छलफल र परामर्श गरी सहयोग गर्ने, स्थानीय स्तरमा लोपोन्मुख भाषा र संस्कृतिहरुलाई जगेर्नाका लागि स्थानीय निकायले वृहत रुपमा छलफल र वहस चलाई स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा समन्वयकारी भूमिका खेल्ने वा विद्यालयहरुलाई सहयोग गर्ने प्रतिवद्धता जाहेर गरेको पाइयो ।

स्थानीय निकाय र गैर सरकारी संस्थाहरुले पनि स्थानीय पाठ्यक्रमको निर्माण गरेर त्यसको कार्यान्वयन विद्यालयहरुमा भएमा स्थानीय ठाउँको महत्व बारेमा विद्यार्थीहरुलाई जानकारी रहने गर्दछ । स्थानीय कला कौशल, स्थानीय ठाउँका पुरातात्विक र ऐतिहासिक वस्तुहरु, व्यापार, कृषि, पेशा आदिको विकास गर्न र त्यस प्रकारका वस्तुहरु बारेमा विद्यार्थीहरुलाई जानकारी दिई तिनिहरुको विकास गर्न पनि स्थानीय पाठ्यक्रमको विकास जरुरी हुने रहेछ भनी उल्लेख गरेको पाइयो । तसर्थ विद्यालयहरुले स्थानीय पाठ्यक्रम निर्माण गर्न योजना बनाई आफूहरुसँग सहयोग मागी आएमा आवश्यक सहयोग गर्ने साथै आवश्यक सल्लाह र सुझाव समेत दिने प्रतिवद्धता पनि जाहेर गरेको पाइयो ।

तसर्थ विद्यालयहरुले नै स्थानीय पाठ्यक्रम निर्माणका लागि योजना बनाई आफूलाई आवश्यक पर्ने आर्थीक, प्राविधिक सहयोग माग गर्ने । विद्यालयहरुले स्थानीय आवश्यकताहरुको पहिचान गरी

सरोकारवालाहरुसँग आवश्यक छलफल गरेर आफूलाई आवश्यक पर्ने सहयोग स्थानीय निकाय र गैरसरकारी संस्थाहरुसँग माग गर्नु आवश्यक देखिन्छ ।

## ४.४ स्थानीय पाठ्यक्रम निर्माणमा आइपरेका समस्या समाधानका उपायहरु

शिक्षाको प्रगति भनेको समाजको परिवर्तनको गतिसँगै सम्बन्धित हुन्छ, त्यसैले सामाजिक चाहाना, आवश्यकता अनुसार नै शिक्षा दिनका लागि पाठ्यक्रम निर्माण गरिन्छ । हरेक मूलुकको शिक्षा आफ्नो विशिष्ट पहिचान र आवश्यकताबाट प्रेरित हुने गर्दछ । सबैका लागि शिक्षा हाल विश्वव्यापी मान्यताको रुपमा स्थानीय भइसकेको सन्दर्भमा आमनागरिकको आवश्यकता र चासोको विषयलाई शिक्षाले समेट्न सक्नुपर्दछ । शिक्षामा विकेन्द्रीकरण नभएसम्म समावेशीकरण र विशिष्टिकरण सम्भव हुँदैन भने यस्तो शिक्षाले समाजका अपेक्षा र चाहनालाई पूरा गर्न पनि सक्दैन । तसर्थ सर्वसुलभ शिक्षाका लागि समाजका हरेक जाति, भाषा, क्षेत्र, लिङ्ग र संस्कृति सुहाउँदो स्थानीय आवश्यकतामा आधारित शिक्षालाई जोड दिनुपर्दछ ।

त्यस्तै गरी राष्ट्रिय र अन्तराष्ट्रिय परिवेश र सन्दर्भ अनुसार पनि स्थानीय पाठ्यक्रमको प्रावधान प्राथमिक तह देखि माध्यमिक तहसम्म आवश्यक भइसकेको छ । देशको भौगोलिक, सांस्कृतिक तथा जातीय, क्षेत्रीय, लिङ्गीय एवं वर्गीय विभेदलाई अन्त्य गर्न समावेशी, पाठ्यक्रममा जोड दिन र रोजगार एवं स्वरोजगारलाई प्रोत्साहन गर्न पनि स्थानीय पाठ्यक्रमको महत्व देखिन्छ । विभिन्न समाजमा भएका यसले पेशा व्यवसाय र सीपलाई अझै सशक्त बनाउँदै व्यक्तिलाई स्वरोजगार उन्मुख बनाई बेरोजगारी समस्या समाधानमा सहयोग पुऱ्याउँछ ।

नेपालमा स्थानीय पाठ्यक्रम सम्बन्धी नीतिहरुको पनि प्रस्ट व्यवस्था भएको पाइन्छ । स्थानीय पाठ्यक्रमको आवश्यकता र औचित्यतालाई हेर्दा पाठ्यक्रम निर्माणमा स्थानीय सरोकारवालाको सहभागीतामा पाठ्यक्रम निर्माण गर्न स्पष्ट नीतिको व्यवस्था भइसकेको छ । साथै स्थानीय पाठ्यक्रम कार्यान्वयन सम्बन्धी नीति अर्न्तगत राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ मा उल्लेख गरिए अनुसार पाठ्यक्रम निर्माण तथा कार्यान्वयनमा स्थानीय सरोकारवालाको सक्रिय सहभागिता गर्नुपर्नेमा जोड दिइएको छ । यसका लागि स्थानीय स्तरका विभिन्न तहका मानिसलाई पाठ्यक्रम सम्बन्धी विकास समिति गठन गर्न लगाएर पाठ्यक्रमको कार्यान्वयन अनुगमन तथा पृष्ठपोषणका लागि जिम्मेवार बनाउने कुरा उल्लेख गरिएको छ ।

नमूना छनौटमा परेका ४ वटा विद्यालयहरुका प्र.अ, छनौटमा परेका शिक्षक, वि.व्य.स. सदस्यहरु, अभिभावकहरु, स्रोतव्यक्ती, स्थानीय पाठ्यक्रम विद र स्थानीय निकायका पदाधिकारीहरुलाई यस क्षेत्रमा स्थानीय पाठ्यक्रम निर्माणका लागि आइपरेका समस्या समाधान गर्नका लागि के-कस्तो पहल गर्नु भएको छ भनी राखिएको जिज्ञासामा स्थानीय पाठ्यक्रम निर्माणमा आर्थिक समस्या, तालिमको अभाव, स्थानीय पाठ्यक्रम विज्ञहरुको अभाव, स्थानीय पाठ्यक्रम निर्माण, जनशक्तिको अभाव, भाषिक समस्या, चेतना, स्तरको अभाव, विद्यार्थीहरुको रुची र चाहानामा भिन्नता आदिलाई मूख्य समस्याका रुपमा लिइएको पाइयो समाधानका रुपमा के-के उपायहरु अवलम्वन गर्नु भयो भन्ने प्रश्नमा प्राप्त उत्तरलाई विश्लेषण गरिएको छ ।

## ४.४.१ स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धमा सरोकारवालाहरुलाई पर्याप्त तालिम

नयाँ ज्ञान आर्जन गर्न, सीप हाँसिल गर्न र नयाँ विषयवस्तुमा आफूलाई अद्यवधीक गर्न व्यक्तिहरुलाई तालिमको आवश्यकता पर्दछ । यस अध्ययनमा नमूना छनौटमा परेका विद्यालयहरुका प्र.अ. र वि.व्य.स. पदाधिकारीहरु सँग स्थानीय पाठ्यक्रम निर्माण गर्नका लागि सरोकारवालाहरुलाई पर्याप्त मात्रामा तालिमको व्यवस्था रहेको छ वा कस्तो अवस्था रहेको छ भनी राखिएको प्रश्नमा प्राप्त उत्तरलाई यहाँ विश्लेषण गर्ने प्रयास गरिएको छ ।

स्थानीय पाठ्यक्रम निर्माणका लागि केहि वर्षअघि स्रोतकेन्द्रमा सञ्चालन गरिएको तालिममा शिक्षकहरुको सहभागिता रहेको थियो र विद्यालयहरुले स्थानीय पाठ्यक्रम निर्माण गरी केही समय कार्यान्वयन गरेता पनि विविध समस्याका कारण हाल कार्यान्वयन नभएको अवस्था रहेको पाइयो । साथै सरोकारवाला सबैलाई स्रोतकेन्द्रमा सञ्चालित तालिममा सहभागी गराउन नसकिएको अवस्था रहेको समेत पाइयो ।

विद्यालयले भने आर्थिक, भौतिक समस्याका कारण स्थानीय पाठ्यक्रम निर्माणका लागि पाठ्यक्रम विज्ञ लगायत बुद्धिजीवि वर्गहरुलाई विद्यालयमा नै आमन्त्रण गरी सरोकारवालाहरु सबैलाई पर्याप्त मात्रामा तालिमको व्यवस्था गर्न नसकिएको धारणा रहेको पाइयो । बरु विद्यालयहरुका प्र.अ.बाट स्थानीय पाठ्यक्रम निर्माणमा देखिएका समस्याहरु व्यवस्थापनका लागि निम्न सुझावहरु रहेको पाइयो ।

स्थानीय सरोकारवालाहरुलाई सचेतीकरणको व्यवस्था गरेर, स्थानीय पाठ्यक्रमको लागि आर्थिक व्यवस्थापन गरेर, दक्ष जनशक्तिको व्यवस्था गरेर, तालिमको व्यवस्था गरेर, विज्ञहरुको छनौट गरेर

र स्थानीय सरोकारवालाहरुलाई स्थानीय पाठ्यक्रमको जानकारी गराई आर्थिक सहयोगका लागि सम्बन्धीत निकायमा पहल गर्नुपर्ने जस्ता सुझावहरु रहेको पाइयो ।

### ४.४.२ स्थानीय पाठ्यक्रम निर्माणमा छुट्टै बजेटको व्यवस्था

कुनैपनि कार्यक्रमलाई सफलता पूर्वक सम्पन्न गर्नका लागि आर्थिक पक्ष महत्वपूर्ण मानिन्छ । आर्थिक समस्या भयो भने कुनै पनि कार्यलाई सफलता पूर्वक सम्पन्न गर्न सकिदैंन । तसर्थ आर्थिक पक्षलाई प्रमुख पक्षको रुपमा लिने गरिन्छ ।

यस अध्ययनका लागि नमूना छनौटमा परेका विद्यालयहरुमा स्थानीय पाठ्यक्रम निर्माणका लागि बजेटको व्यवस्था  के कसरी गर्नु भएको छ भनी प्र.अ.हरुलाई सोधिएको प्रश्नमा विद्यालयमा स्थानीय विषयको सट्टामा अंग्रेजी भाषाको पठन पाठन गर्ने गरेको र उक्त पुस्तक विद्यार्थीहरुका अभिभावकहरुलाई खरिद गर्न लगाउने गरेको र स्थानीय विषयको पठनपाठन नहुने भएकाले स्थानीय पाठ्यक्रम निर्माणका लागि छुट्टै बजेटको व्यवस्था नगरेको धारणा रहेको पाइयो ।

विद्यालयहरुको वार्षिक कार्ययोजनाको अध्ययन गर्दा र विद्यालयले वार्षिक बजेट निर्माण गर्दा पनि स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धि कुरा उल्लेख नगरेको पाइन्छ । साथै विद्यालयहरुले स्थानीय पाठ्यक्रम निर्माणका लागि सरकारी र गैरसरकारी निकायहरुबाट आर्थिक सहयोग नपाएको धारणा विद्यालयका प्र. अ.हरुको रहेको पाइयो ।

### ४.४.३ स्थानीय पाठ्यक्रम निर्माणमा अनुगमन र सुपरीवक्षणमा कढाई

कुनै पनि विषयलाई वा कार्यक्रमलाई सफलतापूर्वक सम्पन्न गर्नका लागी सम्बन्धित निकायहरुबाट अनुगमन र सुपरीवेक्षण गर्नु अनिवार्य र आवश्यक हुन्छ । अनुगमन र सुपरीवेक्षणको अर्थ कुनै कार्यक्रम प्रभावकारी रुपबाट भएन भनी सरोकारवालाहरुलाई दण्ड वा कारबाहि गर्नु मात्र होइन । अनुगमन र सुपरीवेक्षणको अर्थ भनेको कुनै विषय वा कार्यक्रम वास्तविक मर्म अनुसार लागु हुन सकेन वा भएन भने के कारणले गर्दा कार्यान्वयन हुन सकेन भनि खोजि गरि समस्या समाधानमा सहयोग गर्नु हो । सम्बन्धित निकाय र सरोकारवालाहरुलाई  सहयोग गरि कार्यक्रमलाई प्रभावकारी रुपबाट कार्यान्वयन गर्न उत्प्रेरित र हौसला प्रदान गर्नु पनि हो ।

नमूना छनौटमा परेका ४ वटा विद्यालयहरुमा यस सोधकर्ताले गरेको अध्ययन तथा विद्यालयका प्र.अ.हरुसँग गरिएको अन्तरक्रियामा कुनै पनि संघसंस्थाहरु बाट हालसम्म स्थानीय पाठ्यक्रम

निर्माण सम्बन्धि विषयालाई लिएर अनुगमन र सुपरीवक्षण गरिएको पाइएन । जि.शि.का. र स्रोत केन्द्र साथै स्थानीय ठाउँमा रहेका गाउँ शिक्षा समिति, वि.व्य.स. पदाधिकारी, स्थानीय संघ संस्थाहरुले विद्यालयमा समय समयमा अनुगमन सुपरीवक्षण गरी स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न विद्यालयहहरुलाई हौसला साथै उत्प्रेरणा दिने काम भएको पाइएन । विद्यालयहरुमा स्थानीय पाठ्यक्रमको निर्माण भई कार्यान्वयन हुन नसक्नुको कारण के हो भनी समस्याको पहिचान गरी समाधानका उपायहरुको खोजी गरेको पनि पाइएन ।

यस अध्ययनबाट के निश्कर्षमा पुग्न सकिन्छ भने स्थानीय आवश्यकताका आधारमा विद्यालयलाईं स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने अख्तियारी प्राप्त भए पनि सम्बन्धीत संघसंस्थाहरुको कम चासो रहेको पाइयो । अनुगमन र सुपरिवेक्षण गर्ने अधिकार प्राप्त संघसंस्थाहरुले अनुगमन र सुपरिवेक्षणमा कढाइ गरेको पाइएन ।

### ४.४.४ स्थानीय पाठ्यक्रम निर्माणमा सरोकारवालाहरुलाई सचेत बनाएर

स्थानीय पाठ्यक्रमलाई स्वायत्त शासन र स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम भनिन्छ । अर्को शब्दमा भन्दा केन्द्रिकृत अवस्थामा रहिरहेको अधिकारलाई विकेन्द्रीकृत गरी स्थानीय निकायलाई दिइएको स्वायततताको नमूना स्थानीय पाठ्यक्रम हो । नेपालमा स्थानीय पाठ्यक्रमको निर्माण तथा कार्यान्वयनको बारेमा नीतिगत स्पष्टता भएता पनि स्थानीय तहमा पाठ्यक्रम निर्माण र कार्यान्वयनको अवस्था भने ज्यादै कमजोर रहेको पाइन्छ । स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धमा केही नीतिगत आधार भएपनि त्यसको निर्माण तथा उपभोग गर्नसक्ने सक्षम र सवल जनशक्तिको अभाव रहेको पाइन्छ ।

देशको भौगोलिक विविधतासँग समाजको आर्थिक, शैक्षिक तथा सामाजिक संरचना फरक-फरक छ । कतिपय ठाउँमा दक्ष, योग्य जनशत्तीको अभावमा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन हुन सकेको छैन भने कतिपय ठाउँमा यसको निर्माण तथा कार्यान्वयन प्रभावकरी ढंगबाट भई यसबाट फाइदा पनि उपलब्ध भएको पाइन्छ ।

नमूना छनौटमा रहेका विद्यालयहरुमा स्थानीय पाठ्यक्रम निर्माणम सरोकारवालाहरुलाई सचेत बनाएर स्थानीय पाठ्यक्रम निर्माण गर्न विद्यालयले के-कस्तो पहल गरेको छ भनी विद्यालयका प्र.अ.हरुसँग राखिएको जिज्ञासामा स्थानीय पाठ्यक्रम निर्माणमा बढी सहभागिता शिक्षकहरुको रहेको पाइन्छ भने फाट्फुट् रुपमा वि.व्य.स. र शि.अ. संघ सँग छलफलसम्म गरेको पाइयो भने विद्यालयले अन्य सरोकारवाला पक्षहरुलाई यथोचित रुपबाट ध्यान नदिएको वा अन्य सरोकारवाला पक्षहरुलाई स्थानीय पाठ्यक्रम निर्माणमा सहभागी नगराएको साथै सचेत नबनाइएको पाइन्छ ।

यस शोधकर्ताले स्थानीय पाठ्यक्रमको सम्बन्धमा स्थानीय सरोकारवालाहरु कस कसलाई जानकारी छ, कस कसलाई जानकारी छैन भनी नमूना छनौट गरिएका विद्यालयका सरोकारवालाहरुलाई सोधिएको प्रश्नबाट प्राप्त उत्तरहरुलाई विश्लेषण गर्दा छनौटमा परेका ४ जना प्र.अ. र ८ जना शिक्षकहरुलाई जानकारी रहेको पाइयो । ८ जना वि.व्य.स. सदस्यहरु र ८ जना अभिभावकहरु त्यसैगरी ८ जना विद्यार्थीहरु र २ जना स्थानीय निकायका पदाधीकारीहरु कसैलाई पनि स्थानीय पाठ्यक्रमको जानकारी नभएको पाइयो । जुन दुःखको कुरा हो ।

निश्कर्षमा के भन्न सकिन्छ भने स्थानीय पाठ्यक्रमको सट्टामा सबै विद्यालयहरुमा अंग्रेजी विषयको पठन पाठन हुनु विद्यालयले स्थानीय पाठ्यक्रम निर्माणमा अग्रसरता नलिनु, सरोकारवालाहरुलाई

स्थानीय पाठ्यक्रमको बारेमा जानकारी नहुनुले विद्यालयले स्थानीय पाठ्यक्रम निर्माणमा सरोकारवालाहरुलाई सचेत बनाउन आवश्यक पहल गरेको छैन । विद्यालयमा स्थानीय पाठ्यक्रम निर्माणमा सम्बन्धीत अरुपक्षहरुले पनि ध्यान दिएको पाइँदैन । स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन हुन नसक्नुको कारण सरोकारवालाहरुलाई सचेत नबनाइनु पनि एक कारण हुन सक्दछ ।

### ४.४.५ स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनमा आवश्यक शैक्षिक सामग्रीहरु उपलब्ध गराएर

शिक्षण सिकाइ क्रियाकलापमा आवश्यक पर्ने सामग्रीलाई शैक्षिक सामग्री भनिन्छ । पाठ्यक्रमले तोकेका उद्देश्य अनुरुपको विषयवस्तु र विषयवस्तु अनुरुपको शैक्षिक सामग्री हुनुपर्दछ । शैक्षिक सामग्रीले शिक्षकलाई सिकाउन र विद्यार्थीलाई सिकाइ सिक्न सजिलो हुन्छ । स्थानीय पाठ्यक्रमको शिक्षणका लागि सम्पूर्ण शैक्षिक सामग्री स्थानीय तहका नै हुने गर्दछ । विषयवस्तुको आवश्यकता अनुसार शैक्षिक सामग्री शिक्षक विद्यार्थीले मिलेर संकलन, गर्न सकिन्छ । संकलित वा निर्मित शैक्षिक सामग्रीको राम्रो भण्डारण गरी पुनःपुन प्रयोगमा ल्याउन सकिने गरी व्यवस्था गर्नुपर्दछ ।

पाठ्यक्रमद्वारा निर्देशित कुनै पाठको निर्धारित उद्देश्य प्राप्तिका लागि शिक्षण सिकाइलाई प्रभावकारी बनाउन प्रयोग गरिने विभिन्न प्रकारका श्रव्य, दृश्य र श्रव्यदृश्य एवम् अन्य आवश्यक सामग्रीको प्रयोग गरिन्छ ।

नमूना छनौटमा परेका ४ वटा विद्यालयहरुमा स्थानीय पाठ्यक्रम निर्माणमा कुन-कुन संस्थाहरुले के-कस्तो सामग्रीहरु उपलब्ध गराएका छन् भनी विद्यालयका प्र.अ.हरुसँग गरिएको छलफलमा हालसम्म विद्यालयमा कुनै पनि संघसंस्था र निकायहरुबाट कुनै प्रकारको सामग्री उपलब्ध नगराएको भन्ने जवाफ पाइयो । स्थानीय पाठ्यक्रम निर्माण गर्दा विद्यालय आँफैले नै व्यवस्था गर्नुपर्ने भन्ने धाराणा रहेको पाइयो । यस शोधकर्ताले विद्यालयले चाँहि स्थानीय पाठ्यक्रम निर्माणमा के कस्तो सामग्रीहरुको व्यवस्थापन गरेको छ भनि राखिएको, जिज्ञासामा विद्यालयमा अंग्रेजी भाषाको पठनपाठन गरेको हुँदा सामग्री व्यवस्थापनमा ध्यान पुऱ्याउन नसकेको भन्ने धारणा रहेको पाइयो । यस शोधकर्ताले स्थानीय पाठ्यक्रमका लागि कस्ता शैक्षिक सामग्रीहरुको प्रयोग गर्न सकिन्छ भनी ८ जना शिक्षकहरुलाई सोधिएको प्रश्नबाट प्राप्त उत्तरहरुलाई तल विश्लेषण गरिएको छ ।

स्थानीय पाठ्यक्रम अर्न्तगतका विषयवस्तु शिक्षणका लागि ठोस र वास्तविक वस्तुहरु, नमूना, चित्र/तस्विरको र अन्य सामग्रीहरुको प्रयोग गर्नुपर्ने भन्ने धारणा नमूना छनौटमा परेका सबै शिक्षकहरुको रहेको पाइयो ।

# परिच्छेद पाँच : निश्कर्ष र सुझावहरु

स्थानीय आवश्यकतालाई सम्बोधन गर्न शिक्षालाई स्थानीय आवश्यकतामा आधारित बनाउनु पर्ने मान्यताले विश्वव्यापी रुपमा महत्व पाएको छ । एकातिर स्थानीय चाहना, आवश्यकता, संस्कृति तर्फको लगाव बढ्दो छ भने अर्को तर्फ विश्वव्यापीकरणको प्रभावका कारण एक स्थानमा सिकेको ज्ञान, सीप विश्वको कुनै पनि स्थानमा गएर उपयोग गर्न सक्ने अवस्था सिर्जना भएको छ । शैक्षिक विकेन्द्रकिरणका धारणा अनुरुप प्राथमिक तहमा स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयनको व्यवस्था गरिएको भएता पनि यसको निर्माण र कार्यान्वयनको अवस्था सम्बन्धमा प्रशस्त अध्ययन तथा खोज नभएको सन्दर्भमा यस अध्ययनबाट आएको निश्कर्ष यस अध्ययनका उद्देश्य अनुसार निम्नानुसार उल्लेख गरिएको छ ।

## ५.१ निश्कर्ष

अध्ययन क्षेत्रको विश्लेषण र हात लागेका उपलब्धिहरुबाट अध्ययनकर्ताद्वारा निम्न लिखित निश्कर्षहरु निकालिएको छ । यी निश्कर्षहरुले राष्ट्रिय प्रतिनिधित्व गर्दै स्थानीय पाठ्यक्रमको क्षेत्रमा पनि निर्णायक भूमिका खेल्न सक्छन् भन्ने कुरालाई नकार्न सकिदैन । स्थानीय पाठ्यक्रम निर्माणको अवस्थालाई अध्ययन गर्दा ४ वटा विद्यालयहरुले नै स्थानीय पाठ्यक्रमको निर्माण तथा कार्यान्वयनको अवस्था अत्यन्तै कमजोर रहनु हो ।

तेलिया गा.वि.स.मा पर्ने पंचायत प्रा.वि. र मार्गेश्वरी प्रा.वि. दुई विद्यालयहरुले स्थानीय पाठ्यक्रमको रुपमा पशुपालन सम्बन्धि विषयमा स्थानीय पाठ्यक्रम निर्माण गरेको पाइयो तर हाल विविध कारणबाट उक्त पाठ्क्रम कार्यान्वयन नभएको पाइयो ।

तांखुवा गा.वि.स.मा पर्ने सुरुङ्गे प्रा.वि. र शोभित प्रा.वि. दुवै विद्यालयहरुले तरकारी खेती सम्बन्धी विषयलाई स्थानीय पाठ्यक्रमको रुपमा निर्माण गरेता पनि हाल कार्यान्वयन भने नभएको पाइयो ।

स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन सम्बन्धी सचेतना सामग्री (२०६५) मा स्थानीय पाठ्यक्रम निर्माण गर्दा स्थानीय आवश्यकताको आधारमा स्थानीय सरोकारवालाहरुको छलफल र सहयोगबाट स्थानीय भाषा संस्कृति, स्थानीय कृषि व्यवसाय, स्थानीय उद्योग व्यवसाय जस्ता पक्षहरुलाई समेटेर स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नुपर्ने उल्लेख भएता पनि त्यसका सट्टामा स्थानीय पाठ्यक्रमको मर्मलाई नै कुठराघात हुने गरी नमुना छनौटमा परेका सबै विद्यालयहरुमा स्थानीय पाठ्यक्रमको रुपमा अतिरिक्त अङ्ग्रेजी भाषालाई प्रयोग गरेको पाइयो ।

स्थानीय पाठ्क्रम निर्माण गर्न स्रोतकेन्द्रले सञ्चालन गरेको तालिम स्थानीय पाठ्यक्रम निर्माण गर्न प्राप्त नभएकोले स्थानीय पाठ्यक्रम निर्माण गर्न नसकेको पाइयो ।

स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धमा विद्यालयहरुमा के कस्तो अवस्था रहेको छ भनी जि.शि.का तथा स्रोतकेन्द्र र अन्य सरोकारवालाहरुबाट अनुगमन र सुपरीवेक्षण हालसम्म पनि विद्यालयहरुमा नभएको पाइयो ।

विद्यालयहरुले आफ्नो वार्षिक कार्यतालिकामा स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी व्यवस्था नगरेको पाइयो । स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनका लागि स्थानीय सरोकारवालाहरु शिक्षक बाहेक कसैलाई सम्बन्धित निकायबाट स्थानीय पाठ्यक्रम निर्माणमा सक्रिया भूमिका रहने स्थानीय निकाय तथा सरोकारवालाहरुलाई नै स्थानीय पाठ्यक्रमको सम्बन्धमा जानकारी नदिनु सरकारी निकायको लापरवाही भएकाले सरोकारवालाहरुको पाठ्यक्रम निर्माणका लागि खेल्नु पर्ने भूमिका खेल्न नसकेको पाइयो ।

स्थानीय तहमा विशेष गरी स्थानीय निकाय (गाउँ शिक्षाा समिति, जिल्ला शिक्षा समिति) मा पाठ्यक्रम विकास निर्माण एवम् कार्यान्वयन गर्नका लागि संस्थागत संयन्त्रको निर्माण नहुनुले पनि स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन नभएको पाइयो । स्थानीय पाठ्यक्रम निर्माण गर्ने तालिम नभएर स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन भए नभएको सुपरिवेक्षण र अनुगमन गर्ने व्यवस्था नभएकाले स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोग ज्यादै फितलो रहेको पाइयो ।

स्थानीय तहमा पाठ्यक्रम विकास, निर्माण एवम् कार्यान्वयनका लागि विद्यालयलाई उक्त शीर्षकमा आवश्यक बजेट व्यवस्था नगरेकाले स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग गर्न आर्थिक प्राविधिक पक्षका कारण विद्यालयहरुमा स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग प्रभावित भएको पाइयो ।

अध्ययन क्षेत्रका ४ वटा प्राथमिक विद्यालयहरुमा स्थानीय पाठ्यक्रमको निर्माण गर्न सबै विद्यालयहरुमा १/१ जना शिक्षकहरुलाई तालिम प्रदान गरेको भएतापनि उक्त तालिम पर्याप्त नभएकाले सबै विद्यालयहरुले स्थानीय पाठ्यक्रम निर्माण गरेको भएता पनि अन्य प्राविधिक सहयोग सम्बन्धित निकायबाट प्राप्त हुन नसक्दा निर्माण भएको स्थानीय पाठ्यक्रम त्यसै खेर गएको देखिन्छ । सबै विद्यालयहरुले स्थानीय पाठ्यक्रम निर्माण गरेर केहि समय प्रयोग गरेको भएता पनि विविध समस्याको कारण बीचैमा छाडेको पाइन्छ ।

## ५.२ सुझाबहरु

यस अध्ययनमा देखिएका र भोगिएका कुराहरुका आधारमा केन्द्रिय (नीति निर्माण) तह, जिल्ला ( कार्यान्वयन) तह तथा विद्यालय (स्थानीय) तहका लागि छुट्टाछुट्टै रुपमा व्यवहारिक सुझाबहरु पेश गरिएको छ ।

### ५.२.१ नीतिगत तह

२०४९ सालको प्राथमिक तहको पाठ्यक्रममा १०० पूर्णाङ्क र पाठ्यभार कक्षा १-३ मा ३ पाठ्यभार र कक्षा ४, ५ मा पाठ्यभार ४ को व्यवस्था गरी स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्नुपर्ने उल्लेख भएतापनि त्यसको कार्यान्वयन र कार्यान्वनय गर्न स्थानीय स्तरमा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्न स्थानीय स्तरमा स्थानीय पाठ्यक्रम निर्माण संयन्त्र गठन गर्ने व्यवस्था उल्लेख भएता पनि त्यसको कार्यान्वयन पक्ष ज्यादै फितलो देखिएकाले स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्न स्थानीय स्तरमा स्थानीय पाठ्यक्रम निर्माण संयन्त्र गठन गर्ने व्यवस्था उल्लेख नभएकाले त्यस्ता संयन्त्र गठनको व्यवस्था केन्द्रिय निकायले ऐन तथा कानुन अर्न्तगत गरिनुपर्छ । यस्ता संयन्त्रका अधिनमा रहेर प्रत्येक विद्यालयले आफ्नो आवश्यकता अनुसार स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गरिनु पर्दछ ।

प्राथमिक शिक्षा पाठ्यक्रममा स्थानीय विषय वा मातृभाषा भनी उल्लेख गरिएकोले स्थानीय विषय ओझेलमा परेको देखिन्छ भने स्थानीय आवश्यकता अनुसारको विषयवस्तु छनोट गर्न पाउने भनेर स्थानीय पाठ्यक्रमलाई परिभाषा गरिदिंदा धेरै जसो विद्यालयहरुले स्थानीय पाठ्यक्रमलाई परिभाषा तथा नीतिगत अन्यौलता देखिन्छ जसले गर्दा स्थानीय पाठ्यक्रमको गलत अर्थ र प्रयोग भएकाले यस्ता नीतिगत अस्पष्टता हटाउनु पर्दछ ।

केन्द्रीय निकायबाट नै स्थानीय पाठ्यक्रम विकास र निर्माण सम्बन्धमा शिक्षक, प्रधानाध्यापक, वि.ब्य.स. लगायतका सरोकारवालाहरुलाई सम्बन्धित निकायबाट क्षमता अभिबृद्धिका कार्यक्रमहरु आयोजना गर्ने व्यवस्था गर्नुपर्दछ ।

केन्द्रीय निकायबाटनै विद्यालयमा स्थानीय पाठ्यक्रम निर्माणको अवस्था र कार्यान्वयनको अवस्था के कस्तो रहेको छ भन्ने कुनै निकायले कसरी र कसद्वारा निरीक्षण सुपरीवेक्षण गर्ने र त्यसको जानकारी कसरी केन्द्रीय तहमा प्राप्त गर्ने सम्ब्न्ध स्पष्ट नितिको व्यवस्था गर्नु आवश्यक देखिन्छ ।

## ५.२.२. कार्यान्वयन तह

स्थानीय पाठ्यक्रम सम्बन्धी दिइएको गोष्ठी प्रयाप्त नभएकाले सम्बन्धित निकायबाट तालिम तथा पुर्नताजगी तालिमको व्यवस्था गरिनुपर्छ । स्थानीय पाठ्यक्रम निर्माण गर्ने विद्यालयको रेकर्ड राखी स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने विद्यालयहरुलाई पुरस्कृत गर्ने र स्थानीय पाठ्यक्रम निर्माण नगर्ने विद्यालयलाई सम्बन्धित जिल्ला शिक्षा कार्यालयले स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न निर्देशन दिई आवश्यक वातावरण निर्माण गर्न सहजीकरण गर्नुपर्दछ ।

एउटा स्रोतकेन्द्र भरी विषय रआवश्यकता मिलेमा एउटै पाठ्यक्रम निर्माण गर्न स्रोतकेन्द्रले पहल गर्नुपर्छ । स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग भए नभएको हेर्ने अनुगमन समिति गठन गरिनुपर्दछ ।

स्थानीय पाठ्यक्रमको बारेमा विद्यार्थी, अभिभावक, वि.व्य.स. स्थानीय निकाय जस्तै गाउँ शिक्षा समिति, गा.वि.स., स्थानीय संघसंस्था जस्ता विद्यालयमा प्रत्यक्ष सरोकार राख्ने सरोकारवालाहरुलाई जानकारी नभएकाले यस्ता सरोकारवालाहरुलाई स्थानीय पाठ्यक्रम सम्बन्धि जानकारी गराउन सचेतना गोष्ठी, छलफल, आमभेला, घरदैलो जस्ता कार्यक्रमहरु मार्फत जानकारी गराउनुपर्छ । विद्यालयहरुले निर्माण गर्ने स्थानीय पाठ्यक्रम निर्माण विकास र कार्यान्वयनका लागि स्रोतकेन्द्रले समन्वयकारी भूमिका खेल्नुपर्ने ।

## ५.२.३ अनुसन्धान तह

कुनै पनि विषयवस्तुको अध्ययन अनुसन्धान एउटा महत्वपूर्ण कुरा हो । तथापी यसलाई पूर्ण बनाउने क्रममा समय-समयमा सो विषयवस्तु माथि अध्ययन अनुसन्धान गरिनु पर्दछ । एउटा विषयलाई पूरा गर्न यसमा विभिन्न पक्ष र पाटाहरु रहेका हुन्छन् । “प्राथमिक तहमा स्थानीय पाठ्यक्रम व्यवस्थापन” विषयवस्तुको अध्ययनको क्रममा अझबढी गहिरो अनुसन्धान गर्नुपर्ने आवश्यकता महशुस गरिएको छ । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

विद्यालय शिक्षामा स्थानीय पाठ्यक्रमको महत्वको विकास गर्न, स्थानीय आवश्यकताको पहिचान गरी स्थानीय कला, कौशल, चाडपर्व, ऐतिहासिक तथा पुरातात्विक वस्तुहरुको विकास गर्न, स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी पर्याप्त नीति नियमको व्यवस्था गर्न, समावेशी, समाहित र समतामूलक शिक्षाको विकास गर्न, स्तरीय तथा गुणस्तरीय शिक्षाको विकास गर्न र शिक्षाको विकासमा स्थानीय समुदायहरुको सहभागितामा वृद्धि गरी अपनत्वको भावना विकास गर्न, स्थानीय पाठ्यक्रम निर्माणमा आवश्यक पर्ने तालिम, प्राविधिक ज्ञान, सीपहरुको विकास गरी स्थानीय स्तरमा स्थानीय पाठ्यक्रम निर्माणका लागि संयन्त्र गठन गरी स्थानीय पाठ्यक्रम निर्माण र विकास गरिनुपर्दछ ।

# सन्दर्भग्रन्थ सूची

अर्याल, प्रल्हाद (२०६६), *शिक्षा पुनरावलोकन,* काठमाडौं : शिक्षा सेवा, शिक्षा मन्त्रालय ।

उपाध्याय, अशोकभक्त (२०६४), शैक्षिक विकेन्द्रिकरणको आवश्यकता र समस्या, किर्तिपूरः काठमाडौं, शैक्षिक योजना तथा व्यवस्थापन समाज नेपाल ।

*ऐक्षिक शिक्षा* कक्षा ९, (२०६५) , भक्तपुर, पाठयक्रम विकास केन्द्र ।

काफ्ले, बासुदेव र साथीहरु, (२०६२), शैक्षिक प्रशासन र सुपरिवेक्षण, भोटाहिटीः काठमाडौ, विद्यार्थी पुस्तक भण्डार ।

काफ्ले बासुदेव र साथीहरु, (२०६७), *शैक्षिक योजना,* किर्तिपूरः काठमाडौं, सनलाइट पब्लिकेशन ।

काफ्ले बासुदेव र साथीहरु, (२०६४), *शिक्षाको वित्तशास्त्र,* किर्तिपूरः काठमाडौं, सनलाइट पब्लिकेशन ।

कोइराला विद्यानाथ र अन्य, (२०६६), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* भोटाहिटीः काठमाडौं, विद्यार्थी पुस्तक भण्डार ।

खनाल पेशल (२०६५), *शैक्षिक अनुसन्धान पद्धती,* किर्तिपूरः काठमाडौं, सनलाइट पब्लिकेशन।

ज.ब.रा. स्वयं प्रकाश (२०५९), *पाठ्यक्रम योजना र अभ्यास,* भोटाहिटीः काठमाडौं, विद्यार्थी पुस्तक भण्डार ।

ज.ब.रा. स्वयं प्रकाश, र साथीहरु, (२०६९) *पाठ्कम मूल्याङ्कन* काठमाडौं : पिनाकल पब्लिकेशन प्रा.लि., ।

*नेपालको अन्तरिम संविधान (२०६३),* नेपाल कानुन पुस्तक प्रकाशन ।

*प्राथमिक शिक्षा पाठ्यक्रम (२०६५),* भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

बराल, खगराज (२०६६), *स्थानीय पाठ्यक्रमको व्यवहारीक प्रयोग : समस्या र समाधन,* भक्तपुर : शिक्षा जगतको वार्षिक पत्रिका शिक्षा, पाठ्यक्रम विकास केन्द्र ।

*राष्ट्रिय पाठ्यक्रम प्रारुप* (२०६३), भक्तपुर : पाठ्यक्रम विकास केन्द्र, सानोठिमी ।

*राष्ट्रिय शिक्षा पद्धतीको योजना* (२०२८), भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

शर्मा, गोपीनाथ (२०५९), *नेपालका शिक्षा आयोगहरुका प्रतिवेदनहरु,* काठमाडौं : मकालु बुक्स एण्ड स्टेशनर्स ।

शर्मा, चिरञ्जीवी र निर्मला (२०६६), *पाठ्यक्रम र मूल्याङ्कन,* भोटाहिटी : काठमाडौँ, एम.के.पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

*शैक्षिक मार्ग निर्देशन पुस्तिका* (२०६९), धनकुटा : जिल्ला शिक्षा कार्यालय ।

*समुदायद्वारा व्यवस्थापन हुने विद्यालय संचालन कार्य निर्देशिका* (२०५९), भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

*स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन सम्बन्धी सचेतना सामग्री* (२०६५), भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

# प्राथमिक तहमा स्थानीय पाठ्यक्रम व्यवस्थापन

## अनुसूची -१

## नमूना अर्न्तवार्ता नतिजा

## प्रधानाध्यापकको लागि

प्रधानाध्यापकको नाम :

विद्यालयको नाम :

१. स्थानीय पाठ्यक्रम भनेको के हो ?

२. तपाईको विद्यालयमा स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग गर्दा सरोकारवालाहरु कस कस सँग छलफल र परामर्श गर्नुभयो ?

३. स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी सम्बन्धित निकायबाट कुनै तालिम तथा कार्यशाला आयोजना गरिएको छ ?

४. स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग गर्न स्थानीय निकायबाट आर्थिक सहयोग प्राप्त भएको छ ? छ भने कुन कुन निकायबाट भएको छ ?

५. स्थानीय पाठ्यक्रम शिक्षण गर्ने शिक्षकको व्यवस्था कसरी गर्नुभएको छ ?

६. तपाईको विद्यालयमा स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी तालिम लिएका शिक्षकहरु हुनुहुन्छ ?

७. तपाईको विद्यालयमा स्थानीय पाठ्यक्रमका रुपमा प्रयोग भएको विषयको मूल्याङ्कन प्रक्रिया कसरी संचालन भएको छ ?

८. स्थानीय पाठ्यक्रम निर्माण गर्दा के कस्त समस्याहरु देख्नुहुन्छ ?

९. स्थानीय पाठ्यक्रम प्रयोग गर्न के कस्ता समस्याहरु रहेका छन् ?

१०. तपाईको विद्यालयमा स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोगमा आइपरेका समस्याहरुको समाधानका लागि के के उपायहरु देख्नुहुन्छ ?

## प्राथमिक तहमा स्थानीय पाठ्यक्रम व्यवस्थापन

## अनुसूची -२

### नमूना अर्न्तवार्ता नतिजा

### शिक्षकका लागि

शिक्षकको नाम :

विद्यालयको नाम :

१. स्थानीय पाठ्यक्रम भनेको के हो ?

२. प्राथमिक तहमा स्थानीय पाठ्यक्रमको पूर्णाङ्क र पाठ्यभार कति छ ?

(क) …………………… (ख) ………………………………

३. तपाइले स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी कुनै तालिम लिनुभएको छ ?

(क) छ । (ख) छैन ।

४. स्थानीय पाठ्यक्रम निर्माण गर्न कस कसलाई सहभागी गराउनु पर्दछ ?

५. स्थानीय पाठ्यक्रम अर्न्तगतका विषयवस्तु शिक्षण गर्न तलका मध्ये कुन कुन शिक्षण विधिहरु प्रयोग गर्न सकिन्छ ? तपाईलाई उचित लागेको विधिमा रेजा लगाउनुहोस् ।

(क) व्याख्यान विधी (ख) प्रदर्शन विधी (ग) सहभागिता विधी

(घ) अवलोकन विधी (ङ) प्रयोगात्मक अभ्यास विधी (च) योजना कार्य विधी

(छ) प्रश्नोत्तर विधी (ज) अन्य

६. स्थानीय पाठ्यक्रम अर्न्तगतका विषयवस्तु शिक्षणका लागि कस्ता कस्ता शैक्षिक सामग्रीहरु प्रयोग गर्न सकिन्छ ? तपाईलाई उचित लागेको विधीमा रेजा लगाउनुहोस् ।

(क) ठोस/वास्तविक वस्तु (ख) नमूना (ग) चित्र/तस्विर (घ) अन्य

७. स्थानीय पाठ्यक्रमको मूल्याङ्कन कसरी गर्नुहुन्छ ?

(क) परीक्षाको माध्यमबाट (ख) अवलोकन, कार्यक्रममा सहभागी भएको आधार तथा प्राप्त प्रतिवेदनको मूल्याङ्कन गरेर ।

८. स्थानीय पाठ्यक्रम निर्माण गर्दा के कस्ता समस्याहरु देख्नुहुन्छ ?

९. स्थानीय पाठ्यक्रम प्रयोग गर्न के कस्त समस्याहरु रहेका छन् ?

१०. स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग सम्बन्धी समस्याहरुको समाधानका लागि कस्ता कस्ता उपायहरु अपनाउन पर्ला ?

# प्राथमिक तहमा स्थानीय पाठ्यक्रम व्यवस्थापन

## अनुसूची -३

## नमूना अर्न्तवार्ता नतिजा

## अभिभावकका लागि

विद्यालयको नाम :

अभिभावकको नाम :

१. तपाईले कति पढ्नुभएको छ ?

२. तपाईको आफ्नो नानीहरुले कुन कुन विषयहरु पढ्दछन् ? थाहा छ ।

३. तपाईलाई विद्यालयले स्थानीय पाठ्यक्रम निर्माण तथा प्रयोग गर्नका लागि कुनै छलफल वा बैठकमा बोलाएको थाहा छ ?

४. स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग गर्दा विद्यालयमा आइपर्ने समस्याहरु के के हुन् ?

५. स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा आइपर्ने समस्याहरुको समाधान गर्न अभिभावकको तर्फबाट कस्ता कस्ता प्रयासहरु गर्नुपर्छ ? तपाईको विचार के छ ?

# प्राथमिक तहमा स्थानीय पाठ्यक्रम व्यवस्थापन

## अनुसूची -४

## नमूना अर्न्तवार्ता नतिजा

## वि.ब्य.स.पदाधिकारीका लागि

नाम :

तह :

विद्यालय :

१. विद्यालयले स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग गर्नुपर्छ भन्ने बारमो थाहा छ ?

(क) थाहा छ ।　　(ख) थाहा छैन ।

२. स्थानीय पाठ्यक्रम निर्माण तथा प्रयोगका लागि तपाईको विद्यालयले स्थानीय निकाय तथा अभिभावकहरुसँग छलफल तथा समन्वय गरेको छ?

(क) छ　　(ख) छैन ।

३. स्थानीय पाठ्यक्रमको निर्माण तथा प्रयोगका लागि तपाईले के कस्तो पहल पर्छ र कस्तो पहल गर्नुभएको छ ?

४. स्थानीय पाठ्यक्रम निर्माण तथा प्रयोग गर्न विद्यालयलाई आइपरेको चुनौतहिरु र समस्याहरु के के हुन् ?

५. स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा आइपर्ने समस्याहरुको समाधान गर्न वि.ब्य.स.हरुको तर्फबाट के गर्नुपर्छ होला ?

# प्राथमिक तहमा स्थानीय पाठ्यक्रम व्यवस्थापन

## अनुसूची -५

## नमूना अर्न्तवार्ता नतिजा

## विद्यार्थीहरुका लागि

विद्यार्थीको नाम :

विद्यालय :

कक्षा :

१. तपाई कति कक्षामा पढ्नुहुन्छ ?

२. तपाईले विद्यालयमा कतिवटा विषयहरु पढ्नुपर्छ ?

३. तपाईले पढ्ने विषयहरुको नाम भन्नुहोस् ।

४. तपाई ऐच्छिक विषयको रुपमा कुन कुन विषय पढ्दै हुनुहुन्छ ?

५. ऐच्छिक विषय विद्यालयमा राख्न तपाईहरुसँग कहिल्यै छलफल गरिएको छ?

# प्राथमिक तहमा स्थानीय पाठ्यक्रम व्यवस्थापन

## अनुसूची -६

## नमूना अन्तर्वार्ता नतिजा

## स्रोतव्यक्तिका लागि

स्रोतव्यक्तिको नाम :

स्रोतकेन्द्र :

१. तपाईको स्रोतकेन्द्रमा कतिवटा विद्यालयले स्थानीय पाठ्यक्रम निर्माण गरेको छ ?

२. तपाईको स्रोतकेन्द्रमा कतिवटा विद्यालयले स्थानीय पाठ्यक्रम निर्माण अनि प्रयोग पनि गरेको छ ?

३. स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग गर्न स्रोतकेन्द्रले कुनै तालिम तथा प्रशिक्षण संचालन गर्ने गरेका छ, छ भने कुन तालिम ?

४. तपाईको स्रोतकेन्द्र अन्तरगतका विद्यालयहरुमा एउटै विषयवस्तुको स्थानीय पाठ्यक्रम निर्माण तथा लागु गर्न तपाईले के कस्तो पहल गर्नुभएको छ ?

५. तपाईको स्रोतकेन्द्रमा कुनै विद्यालयले स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्दा विभिन्न समस्याका कारण छाड्नु परेको छ ? छ भने छाड्नुको प्रमुख कारण के हो ?

६. विद्यालयहरुमा स्थानीय पाठ्यक्रम निर्माण मात्रै हुनु तर लागु नगर्नुको कारणहरु के के हुन् ?

७. स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग गर्न स्रोतकेन्द्रले कुनै तालिम तथा प्रशिक्षण संचालन गरेको छ, छ भने कुन तालिम ?

८. स्थानीय पाठ्यक्रम निर्माण प्रयोग गर्न तपाईको स्रोत केन्द्रले के कस्तो पहल गरेको छ ?

९. कक्षा ५ को स्रोतकेन्द्र स्तरीय परीक्षामा स्थानीय पाठ्यक्रमसँग सम्बन्धित विषयको मूल्याङ्कन कसरी गरिन्छ ?

१०. तपाईको स्रोतकेन्द्रभित्र स्थानीय पाठ्यक्रम अन्तरगतका शिक्षण गर्ने विषयवस्तुमा एकरुपता ल्याउन के गर्नुपर्ला ?

११. स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा के कस्तो समस्याहरु देख्नुहुन्छ ?

१२. स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगमा आइपर्ने समस्याहरुको समाधानको लागि स्रोतकेन्द्रले के के गर्नुपर्ला ?

# प्राथमिक तहमा स्थानीय पाठ्यक्रम व्यवस्थापन

## अनुसूची -७

## नमूना अर्न्तवार्ता नतिजा

## स्थानीय निकायका पदाधिकारीका लागि

नाम :

गा.वि.स. :

पद :

१. विद्यालयले स्थानीय स्तरमा निर्माण गर्ने स्थानीय पाठ्यक्रमको बारेमा कुनै जानकारी छ ?

२. विद्यालयमा स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोग गर्न छलफलका लागि तपाईलाई निमन्त्रणा गर्ने गरेको छ ?

३. स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोग गर्नका लागि विद्यालयहरुले तपाईको कार्यालयमा आर्थिक सहयोग माग गर्ने गरेको छ ?

४. स्थानीय पाठ्यक्रमको प्रयोग तथा कार्यान्वयनको लागि तपाईको कस्तो भूमिका रहन्छ ?

# प्राथमिक तहमा स्थानीय पाठ्यक्रम व्यवस्थापन

## अनुसूची -८

### नमूना अर्न्तवार्ता नतिजा

### स्थानीय पाठ्यक्रमविज्ञका लागि

नाम :

ठेगाना :

१. स्थानीय पाठ्यक्रम निर्माणका प्रक्रियाहरु के के हुन् ?

२. स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग गर्दा के कस्ता समस्याहरु आइपर्न सक्दछन् ?

३. स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग गर्दा आइपर्ने समस्याहरुको समाधान कसरी गर्न सकिन्छ ?

# अनुसूची -९

## प्राथमिक तहमा स्थानीय पाठ्यक्रम व्यवस्थापन

| क.सं | विवरण | विद्यालयहरु | | | |
|---|---|---|---|---|---|
| | | श्री सुरुङ्गे प्रा.वि तांखुवा-८ | श्री शोभित प्रा.वि. तांखुवा-६ | श्री पंचायत प्रा.वि. तेलिया-७ | श्री मार्गेश्वरी प्रा.वि. तेलिया - ३ |
| १ | स्थानीय पाठ्यक्रम निर्माण गर्ने | ✓ | ✓ | ✓ | ✓ |
| २ | स्थानीय पाठ्यक्रम निर्माण गरी प्रयोग गर्ने | - | - | - | - |
| ३ | स्थानीय पाठ्यक्रम प्रयोग गर्ने | - | - | - | - |
| ४ | स्थानीय पाठ्यक्रमको सट्टामा अन्य विषय प्रयोग गर्ने । | ✓ | ✓ | ✓ | ✓ |
| ५ | स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग भएपनि हाल कार्यान्वयन नभएको । | ✓ | ✓ | ✓ | ✓ |

# प्राथमिक तहमा स्थानीय पाठ्यक्रम व्यवस्थापन

## अनुसूची -१०

## स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी अवलोकन फारम

| क.सं. | विद्यालय | वार्षिक कार्य तालिकामा स्थानीय पाठ्यक्रम निर्माण | | छुट्टै बजेटको व्यवस्था | | विद्यालयमा तालिमको प्रावधान | |
|---|---|---|---|---|---|---|---|
| | | छ | छैन | छ | छैन | छ | छैन |
| १. | श्री सुरुङ्गे प्रा.वि ताांखुवा-८ | | ✓ | | ✓ | | ✓ |
| २. | श्री शोभित प्रा.वि. ताांखुवा-६ | | ✓ | | ✓ | | ✓ |
| ३. | श्री पंचायत प्रा.वि. तेलिया-७ | | ✓ | | ✓ | | ✓ |
| ४. | श्री मार्गेश्वरी प्रा.वि., मार्गेश्वरी प्रा.वि., तेलिया-३ | | ✓ | | ✓ | | ✓ |